# अध्याय - एक

## अध्ययनको परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

भौगोलिक वनावट अनुसार हिमाल, पहाड र तराई प्रदेशको रुपमा विभाजित रहेको छ । भौगोलिक विभाजन अनुसार नै यहाँ सामाजिक सांस्कृतिक रुपमा पनि विविधता पाइन्छ । यहाँ वहुभाषी, वहुसांस्कृतिक तथा सामाजिक विविधता भएको पाइन्छ, त्यसैले भन्ने गरिन्छ चारजात छत्तीस वर्णको फूलवारी हो । सामाजिक सांस्कृतिक रुपमा अनेकतामा एकता र एकतामा अनेकता पाइन्छ । विश्वमा विज्ञान र प्रविधिले ल्याएको परिवर्तन सँगै यँहाको सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनैतिक रुपमा पनि गतिलो प्रभाव पारेको पाइन्छ । यसै प्रभावको कारण राजनैतिक सामाजिक आर्थिक परिवर्तन सँगै यसले मुलुकमा भित्र्याएको विकास निर्माण, यातायात संचार शिक्षा तथा औधोगिकीकरण आदिको कारणबाट समाजमा विभिन्न परिवर्तन भएको छ तर पितृसतात्मक सोचका कारण महिलाहरु पछि परेको देखिन्छ ।

जनसंख्याको आधा स्थान ओगटेको नारीलाई सृष्टिको स्रोतको रूपमा लिइन्छ । जसको कारण सृष्टिलाई निरन्तर अगाडी बढाउन सम्भव देखिन्छ । महिला र पुरुष एक अर्काका परिपुरक हुन् । दुवैको संयोग विना विश्व मानवजगतको निर्माण असम्भव प्राय देखिन्छ । उनीहरूले आफूलाई आमा, छोरी, पत्नी आदिको भूमिकामा राखेका छन् साथै परिवार र समाजले पनि उनीहरूलाई सोही रूपमा स्विकारेको छ ।

महिला र पुरुष विचमा जैविकीयफरक रहे पनि उनीहरू बिचमा भावना, स्वरुप, शक्तिर सामर्थ्यले छुट्टै किसिमको महत्वराखेको पाइन्छ । शारीरिक बनोटको भिन्नताले महिलाप्रति हेर्ने दृष्टिकोण पुरुष भन्दा फरक बनाइदियो । साथै हरेक सामाजिक सन्दर्भमा पुरुषको दवदवा रहन गयो ।

बास्तविक रूपमा महिला र पुरुष बिचको संलग्नताबाटै समृद्ध समाजको अस्थित्वि सम्भव देखिन्छ । कुनै एकको अस्तित्वविना अर्काको अस्तित्व सम्भवछैन । तर

पनि महिलाहरू समाजमा न्यून हैसियतको जीवनयापन गर्न बाध्य छन् । विद्यामान अवस्थामा देखिएका असमानता सामाजिक संस्था र प्रणालीका कारण हरेक सामाजिक व्यावहारमा स्पष्ट प्रकट भइरहेको पाइन्छ । महिला र पुरुषलाई एकरथका दुई पाङ्ग्रा भनिए पनि व्यावहारमा समाजमा त्यस्तो अवस्था छैन । नेपाली समाज पितृसतात्मक मूल्यमान्यताबाट प्रभावित छ । जसले महिला र पुरुष बिचमा ठूलो असमानता र विभेधको स्थिति सृजना गरेको छ । शैक्षिक एवम चेतनाको अभावमा महिलाको समग्रस्थितिलाई सामाजिक मूलधारमा ल्याउन सकिदैन । साथै आधा भन्दा बढी जनसंख्याको हिस्सा ओगटेका महिलाहरूले नदेखाए देशमा विकासको चाहना असम्भव प्राय देखिन्छ । नेपालको अंथव्यस्थाको लैङ्गिक विश्लेषण गर्दा प्रष्ट हुन्छ कि यसमा लैङ्गिक विषमता छ । अर्थात लैङ्गिक विभेद, दमन र शोषण रहेको छ । पुरुष र महिलाको तुलना गर्दा महिला गरिबी उच्च छ, महिला बेरोजगारी उच्च छ ।

दशौ राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कूल जनसंख्या २,६४,९४,५०४ रहेको छ । जसमध्ये महिला ५१.५०% (१३६,४५,४६३) पुरुष ४८.५०% (१,२८,४९०४१) रहेका छन् । जसअनुसार लैङ्गिक अनुपात १००% महिलामा पुरुषको प्रतिशत ९४.१६ प्रतिशत रहेको छ । जबसम्म नेपाली समाजमा महिला वर्ग र पुरुष वर्ग बिचको विभेद अन्त्य हुँदैन तबसम्म देशको सामाजिक, आर्थिक र सांस्कृतिक स्थितिमा सुधार हुँदैन । दुवै ठूला भारत र चीनको बीचमा अवस्थित नेपाल लगायत अधिकांश एशियाली राष्ट्रहरूमा महिलाहरू कृषिकार्यमै संलग्न छन् । उनीहरू खेतीपाती र घर धन्दामै सिमित छन् । महिला प्रतिको दृष्टिकोण ज्यादै नकारात्मक देखिन्छ । जहाँ छोरी जन्मदा शोक मग्न हुने, दाइजो नल्याए शारीरिक एवम् मानिसक रूपमा घरेलु हिंसाको शीकार बन्नु पर्ने र स्वर्गको ढोका बन्द हुने जस्ता नकारात्मक प्रवृत्तिले अझै पनि समाजमा प्रश्रयपाएको छ । जसको कारण शिक्षित समाजमा पनि छोराछोरीलाई हेर्ने दृष्टिकोण असमान छ । यस्तो विभेधपूवर्ण र असमान सामाजिक संरचनामा हुर्किएका महिलाहरूको जीवन निकै कष्टपूर्ण रहेको छ ।

त्यसैले सामाजिक, आर्थिक र सांस्कृतिक रूपमै पनि यिनीहरू कमजोरछन् । साथै परिवारको चल अचल सम्पत्ति र निर्णय प्रक्रियाको सहभागिता न्यून रहेको

पाइन्छ । नेपालमा महिलाहरूको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्था पुरुषको तुलनामा कमजोर छ । चेतनाको अभाव र विभेधपूर्ण व्यवहार कै कारण महिलाको स्थितिमा सुधार नभएको हो । हाल आएर महिलाको अवस्थामा सुधार नगरिकन विकास सम्भव छैन भन्ने कुरालाई चारै तिरबाट हृदयङ्गम गरिएको छ । अन्तराष्ट्रिय स्तरमा समाजशास्त्री र मानवशास्त्रीहरूबाट पनि महिलाहरूका विषयमा निकै पहिले देखिनै खोज र अनुसनधान भई विभिन्न अवधारणाका घोषणा पत्रहरू जस्तै WID, WAD र GAD हरू निकालिएका छन् । वृहत रूपमा महिलाहरूका निम्ति गरिएका कार्यक्रम चाहीँ सन् १९७५मा संयुक्त राष्ट्र संघले गरेको प्रथम महिला सम्मेलनलाई लिन सकिन्छ । यसरी सन् १९८०, १९८५ मा पनि विश्व महिला सम्मेलनहरू भएकाछन् । साथै सन् १९९५ को बेइजीङ विश्वमहिला सम्मेलनलाई पनि महिलाहरूका लागि विशेष महत्वपूर्ण मान्न सकिन्छ । यी सम्मेलनहरूले महिलाका सवालहरूलाई जोडदार रूपमा उठाएको पाइन्छ ।

विगत केही दशक अघि देखि महिला विकास र जागरणका लागि थुप्रै प्रयासहरू भएकाछन् । ग्रामीण क्षेत्रको विकास नगरि समग्र देशको विकास नहुने कुरा बुझेर नै ग्रामीण भेगमा महिला विकासका कार्यक्रमहरू अगाढी बढाइएको हो । यसमा विभिन्न महिला समूह, सरकारी तथा गैरसरकारी संघ संस्था, विदेशी सहायताबाट सञ्चालीत संस्थाहरू पनि यसमा संलग्न छन् । यसरी सञ्चालीत अभियानहरू कति प्रभावकारी बनेकाछन् भने कति बन्न सकेका छैनन् । यसरी प्रभावकारी नहुनुमा स्पष्ट र बस्तुनिष्ठ अनुसन्धान भएको कारणले गर्दा हो । यसरी कुनै पनि समस्याको पहिचान र निदानका लागि अनुसन्धान आवश्यक छ ।

लेप्चा जाति एक लोपोन्मुख जाति हो । यिनीहरूको मुख्य पेशा कृषि नै हो । विगतमा यस जाति ईलाम जिल्लाको निर्णायक तहमा रहेको भएता पनि समयको क्रमसँगै अन्य जातिहरूको वासोवास वढ्दै गएपछि लेप्चा जाति पाखा लाग्दै गए । अति सोझोपनका यी लेप्चा अन्य जातिहरूसँग प्रतिस्पर्धा गर्न सकेनन् । उनीहरूको कृषि पेशा पनि परम्परागत भएकोले जीवन यापन कष्टकर वन्दै गयो । मौरीपालन माछा मार्ने र शिकार खेल्ने आदि पेशा भएको यी लेप्चा जाति को पेशागत शीपको

विकास नभएकाले वर्तमान अवस्थामा यी जातिहरु  सीपविहिन भएका छन् । प्राय गरी पाखा भित्तामा वस्ने कन्दमुलले मात्र उसको खाद्य सुरक्षा हुन सकेन । अन्य जाति को प्रवेशसँगै यो जातिको जमीन माथिका स्वामित्व पनि निरन्तर घट्दै गयो । वर्तमान अवस्थामा लेप्चाहरू निम्न आर्थिक अवस्थामा भएको अति गरीव परिवारको समुदायको रूपमा रहेको छ । चेतना र शैक्षिक अभावका कारण राज्यबाट प्रदान गरिने अवसरहरूको उपयोग गर्न पनि असक्षम छन् । सरकारले महिला,जनजाति, आदिवासी, मधेसी, लोपोन्मुख र दलित समुदायलाई विकासको मुल प्रवाहमा ल्याउन धेरै नीति नियम योजना तथा कार्यक्रंमहरू ल्याएको छ । यसमा उनीहरूको सहभागिता जुटाउन अत्यन्त जरूरी छ । सामाजिक मूल्य मान्यताका कारण समाजमा अहिले पनि छुवाछुतको भावना उच्च निच्च जातपातले एक अर्कामाथि थिचोमिचो र शोषण गरिरहेको छ । निम्न वर्गका जातिहरू आफैमा पनि शोषित छन् । उनीहरू सामाजिक, आर्थिक, राजनैतिक र शैक्षिक पक्षमा पछि परेका छन्  । उनीहरूको जीवनस्तर उकास्न सम्पूर्ण क्षेत्रमा सहभागिता जुटाउन अति आवश्यक छ । सामाजिक मुल्य मान्यताका कारण आर्थिक, राजनैतिक र शैक्षिक आदि सम्पूर्ण पक्षमा पछि  परेका छन् । उनीहरूलाई विकासको हरेक क्षेत्रमा उपस्थिति गर्न राज्यको मुलप्रवाहमा ल्याउन सरकारी तर्फबाट प्रयास नभएको चाहिँ पक्कै होइन, तर त्यसको प्रभावकारी कार्यनवयन र सुपरिवेक्षण हुन जरूरी छ । हरेक क्षेत्रमा आरक्षण कोटा प्रणाली लागु गरिएको र त्यसमा उनीहरू हकदार बन्न थालिसकेका छन् तर पनि शिक्षा र चेतनाको अभावका कारण हरेक अवसरहरूबाट वञ्चित छन् ।

इलाम जिल्लाको श्रीअन्तु गा.वि.स.का साथै इलाम जिल्लाको अन्य भू-भागहरूमा बसोवास गर्ने लेप्चा जातिका महिलाहरू पछि परिरहेका छन् । लेप्चा महिलाहरू समबन्धमा कुनै किसिमको ठोस शोध अनुसन्धान भएको छैन । हरेक क्षेत्रमा पछि परेमा यी लेप्चा महिलाहरू के कसरी आफ्नो जीवन पद्धति निर्वाह गर्दै आएका छन्  । किन उनीहरू पछि परे भन्ने कुरामा अध्ययन गर्नुका साथै उनीहरूको सर्वाङ्गिण विकास र पहिचान वृद्धिमा टेवा पुऱ्याउने र यस जातिहरूका

बारेमा चासो राख्ने अध्ययताहरूको लागि एउटा उपयोगी सन्दर्भ सामाग्री तयार हुन सकोस भन्नका लागि यो शोधकार्य गरिएको छ ।

## १.५ समस्याको कथन

नेपालको सन्दर्भमा महिलाहरूको स्तरउन्नती र सुधारका लागि धेरै सकारात्मक पहलकदमीहरू भएका छन् । तर पनि अपेक्षित रुपमा परिणाम भने हात पार्न सकिएको छैन । महिला समानताका लागि जस्ता सुकै आवजहरू उठाइए पनि वा कानुनले महिलालाई पुरुष सरह स्थान दिएपनि सामाजिक संरचनाको यथार्थता पृथक किसिमको छ । जहाँ एकातर्फ पितृसतात्मक सामाजिक संरचना छ भने अर्को तर्फ गरिबी परम्परागत सोच अशिक्षा आदि व्याप्त छ । जसले महिलाको विकासमा प्रत्यक्ष रूपमा सरोकार राख्दछ । हाम्रो जस्तो परम्परावादी सोचको समाजमा महिलाहरू जन्मीने वित्तीकै देखिनै अन्यायमा पर्दछन् । जन्मिदा छोरी भन्ने वित्तीकै न्यास्रो मान्ने थुप्रै भेटिन्छन् । अलिक ठूलो हुने वित्तीकै अर्काको घर जाने जात जसले घरायसी काम सिक्नु पर्ने भन्दै काममा लगाइन्छन् । तुलनात्मक रूपमा शहरमा घर धन्दा नलगाइएमा पनि ग्रामीण भेगका अधिकांश ठाउँमा घरधन्दा छोरीहरूलाई लगाइएको पाइन्छ । त्यस्तै रजस्वला नभएकी छोरीलाई कन्यादान दिदा स्वर्गपुगिने आशाकै कारण छोरीलाई शिक्षा दिनुको साटो कम उमरमै विवाह गरिदिने चलन गाउँघरमा छ । जसकोकारण अधिकांशमहिलाहरूको पढ्ने र शिक्षा लिने उमेर स-साना बच्चाबच्चीहरूको स्याहार सुसारमा वित्ने हुँदा उनीहरू सामाजिक, सांस्कृति र आर्थिक अवस्थामा कमजोर छन् ।

- महिलाहरूको राज्यका हरेक अंगमा सहभागिता आवश्यक छ । कानुनले समान अधिकार दिएको छ तर त्यसको हकदार बन्न उनीहरू असफल छन् । शिक्षाकै कारण महिलाहरू सामाजिक, आर्थिक, राजनैतिक,र सांस्कृतिक लगायत हरेक पक्षमा पछिपरेका छन् ।

- महिला सहभागिता बढी भन्दा बढी गराउने उद्देश्यले बिभिन्न सरकारी तथा गैर सरकारी स्तरबाट महत्वपूर्ण प्रयासहरू भईरहेका छन् तर पनि त्यहीँ अनुपातमा महिलाहरूको पक्षमा सुधार आउन सकेको छैन ।
- सरकारी स्तरबाट महिला दलित जनजाति  समुदायलाई माथि उकास्न धेरै प्रयास भए पनि आशा अनुरूप प्रगति भएको पाइदैन ।
- सामाजिक सांस्कृतिक रुपमा पनि महिलाहरुलाई फरक फरक व्यवहार गरेको देखिन्छ जसको कारण महिलाहरु समाजमा पछि परेका छन् ।

यसै क्रममा इलाम जिल्ला श्रीअन्तु गा.वि.स.मा बसोवास गर्ने लेप्चा समुदायको महिलाहरू पनि यस्तो अवस्थाबाट अछुत छैनन् । आफ्नै रितीरिवाज चालचलन सामाजिक परम्परा जातिय एब धार्मिक मुल्यमान्यताहरूबाट अभिप्रेरित लेप्चा महिलाहरूको सामाजिक, आर्थिक स्थितिमा सुधार ल्याउन विभिन्न संघसंस्थाहरू स्थापना भई त्यसमा कार्यरत छन् । भने आफ्नै जातिय संगठनवाट पनि ठोस कदम चालिरहेको देखिन्छ । यसरी हेर्दा तिनीहरूमा समस्या के हो ? यिनीहरूको अवस्थामा सुधार ल्याउन के कस्तो कदमी भईरहेको छ भन्ने जानकारी दिदै भएका परिवर्तन बारे अध्ययन गर्दै लेप्चा महिलाको विकाश हुनु अपरिहार्य छ । महिला वर्गको विकास गर्न हरेक ग्रामीण तहमा अति बिपन्न र लोपोन्मुख अवस्थामा रहेका लेप्चा महिलाहरूको स्तर उकास्नु आजको अवश्यकता हो । नेपालको बदलिदो आर्थिक, सामाजिक परिवेशमा त्यी लेप्चा महिलाहरूको सामाजिक, आर्थिक लैगिक अवस्थाको तथ्यपरक अध्ययन गर्नुको साथै जिबिकोपार्जन तथा सामाजिक पहिचान निर्माणको क्रममा देखा परेका परिर्वतन अवसर र चुनौतिहरूको अध्ययन गर्नु जरुरी छ । माथि उल्लेखित सन्दर्भलाई दृष्टिगत गरी लेप्चा महिलाहरूको समस्यालाई बढी भन्दा बढी अध्ययनका माध्यमबाट उजागर गरी के कस्ता कुराले महिलालाई अगाडि बढ्न अवरोध छ भन्ने कुरा स्पष्ट हुन तथा सबैलाई लोपउन्मुख लेप्चा महिला विकासमा सहभागी बन्न उत्प्रेरित गर्ने कामलाई निरन्तरता दिन यो अध्ययन गरिएको छ । यो अध्ययन निम्नकुरामा केन्द्रित रहेर गरिएको छ ।

**क.** लेप्चा जातिका महिलाहरूका सामाजिक अवस्था के कस्तो रहेको छ ?

**ख.** लेप्चा जातिका महिलाहरूका आर्थिक अवस्था के कस्तो रहेको छ ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्यको रूपमा इलाम जिल्लाको श्री अन्तु गा.वि.स.का लेप्चा महिलाहरूको सामाजिक र आर्थिक अवस्थामा आएको परिवर्तन अध्ययन गर्नु हो । बुँदागत रूपमा यस अध्ययनका उद्देश्य निम्नप्रकार रहेका छन् :

**क**. लेप्चा महिलाहरूको सामाजिक अवस्थाको वर्णन गर्नु

**ख**. लेप्चा महिलाहरूको आर्थिक अवस्थाको वर्णन गर्नु

## १.४ अध्ययनको महत्व

नेपाल विभिन्न जातजाति तथा धर्म, सम्प्रदायका मानिसहरूको साझा फूलवारी हो । यहाँ बिभिन्न भाषाभाषी धर्म संस्कृतिले भरिएको पाइन्छ । आधा आकाश ओगटेको महिलाहरूको पुरूष सरह सवै क्षेत्रमा समान सहभागिता रहेको पाईदैन । इलाम जिल्लामा मात्र बसोवास गर्ने लेप्चा जातिका महिलाहरूको पनि अवस्था अति दयनीय रहेको छ । अतः लेप्चा महिलाहरूको सामाजिक तथा आर्थिक व्यवहारमा आएका परिवर्तनहरू माथि प्रकाश पार्नु अपरिहार्य देखिन्छ । लोपोन्मुख अवस्थामा रहेको यस जातिका महिलाहरूको वारेमा अध्ययन अनुसन्धान गरी उनीहरूमा, सामाजिक मूल्य मान्यता सांस्कृतिक परम्पराको र आर्थिक कियाकलापहरूमा उनीहरूको सहभागिता, समाजमा उनीहरूको दायित्व र अवस्था चित्रण गर्दै उनीहरूको जीवन निर्वाह पद्वति र सामाजिक पहिचानमा आएको परिर्वतन विश्लेषण गरि यस किसिमका लोपोन्मुख जातजातिहरूको संरक्षणका लागि चाल्नु पर्ने कदमको पहिचान गर्न सकिन्छ ।

इलाम जिल्लामा वसोवास गर्ने लेप्चा जाति एक विशिष्ट छुटै सामाजिक पहिचान बोकेको जाति हो । यस जातिको अस्तित्व संकटमा रहेको छ । यो जातिको मौलिक ज्ञान, सिप र अनुभवहरूको सम्वर्द्धन गर्नु यसको प्रचार प्रसार गर्नु र यस

जातिको संरक्षण सम्बर्द्धनका लागि यस जातिको महिला वर्गलाई सचेत गराउन चेतना अभिवृद्धि गराई उनीहरूलाई सवल बनाउन लागिपरेका व्यक्ति तथा संघ सस्थाका लागि यो अध्ययन ज्यादै उपयोगी हुने देखिन्छ । यस क्षेत्रमा चासो राख्ने व्यक्ति तथा संघ संस्थाहरूका लागि आवश्यक पर्ने विभिन्न किसिमका सुचनाहरू यस अध्ययनबाट सहजै पाउन सकिने अपेक्षा गरिएको छ ।

## १.५ अध्ययनको सांगठनिक स्वरूप

इलामको श्रीअन्तु गा.वि.स.का लेप्चा महिलाहरूको अध्ययनलाई सरल र यसको प्रस्तुतिकरणलाई प्रभावकारी गराउनका लागि अध्ययनमा उठ्ने बिभिन्न विषय बस्तुलाई निम्नानुसार ७ वटा अध्यायमा संगठित गरि प्रस्तुत गर्ने कोशिस गरिएको छ ।

पहिलो अध्यायमा अध्ययनको विषय वस्तुहरूको पृष्ठभूमि समस्याको पहिचान अध्ययनको औचित्य तथा महत्व अध्ययनका उद्देश्यहरू तथा अध्ययनको सांगठनीक स्वरूपलाई प्रस्तुत गर्ने कोशिस गरिएको छ । दोस्रो अध्यायमा अध्ययनसँग सम्बन्धीत साहित्यकते वर्णन गरिएको छ । यस अध्ययनसँग सम्वन्धित विभिन्न पुस्तक, लेख, रचना, पत्रपत्रिका, आदिको समिक्षा गरिएको छ । तेस्रो अध्यायमा परम्परागत समाजशास्त्रीय विधिको प्रयोग गरि यसको अध्ययन विधि (Research Methods) निर्धारण गरिएको छ । यो अध्ययन विधि अनुसार वर्णनात्मक अनुसन्धान पद्वति अपनाई गुणात्मक तथा संख्यात्मक सूचनाहरूको प्रयोग गरिएको छ । अध्ययनका लागि आवश्यक पर्ने सूचनाहरू अध्ययन क्षेत्रको सवै घरपरिवारको सर्वेक्षण गरि प्राथमिक तथ्याङ्क संकलन तथा प्रयोग गर्नुका साथै उपलव्धताका आधारमा द्वितिय तथ्याङ्कहरूको पनि प्रयोग गरिएको छ ।

यस अध्ययनको चौंथो अध्यायमा इलाम जिल्लाको सामान्य परिचय पछि श्रीअन्तु गा.वि.स.को परिचय गरिएको छ । लेप्चा जातिको ऐतिहासिक उत्पती उनीहरूको जनसंख्या विवरण, घरको वनोट, खानेपानी अवस्थाको वारेमा चर्चा

गरिएको छ। यस अध्यायको पाचौं अध्यायमा श्रीअन्तु गा.वि.स.का लेप्चा महिलाहरूको सामाजिक अवस्थाको बारेमा वर्णन गरिएको छ जसमा लेप्चा महिलाहरूको पारिवारिक संरचना प्रजनन विषय शैक्षिक स्थिती, धर्म अन्य जातिसँगको उनीहरूको सम्बन्ध कस्तो छ ? श्रीमानसंगको व्यवहार, स्वास्थ्य, सरसफाई, खानपान, लवाईखुवाई चाडपर्व भाषा, जन्म, मृत्यु, संकार बारेमा वर्णन गर्ने कोशिस गरिएको छ । यस छेटौं अध्यायमा लेप्चा महिलाहरूको आर्थिक स्थितीलाई विश्लेषण गर्ने कोशिस गरिएको छ । सम्पूर्ण अध्ययन प्रकियामा पहिचान गरिएका सूचनाहरूको बिश्लेषणको आधारमा अध्ययनको सारांश तथा निष्कर्षलाई यस अध्ययनको सातौं अध्यायमा राखिएको छ ।

# अध्याय - दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन

पूर्व सन्दर्भ सामाग्रीको पुनरावलोकन एक महत्वपूर्णकार्य हो । जसलाई अनुसन्धान कार्यको आधारको रुपमा लिइन्छ । जसबाट सम्बन्धित विषय वा सो भन्दा पहिले के कस्ता अनुसन्धान भई निष्कर्ष निकालियो भन्ने कुराको ज्ञान हुन्छ । जस्तै अनुसन्धान कार्यलाई प्रभावकारी ढंगबाट अगाडि बढाउँदै सम्बन्धित विषय वस्तुको व्याख्या नगरिएको ज्ञान र अन्तर पक्षलाई प्रकाशमा ल्याउन सहयोग पुग्दछ । तसर्थ समाजशास्त्र विषयमा लेप्चा महिलाहरुको सामाजिक तथा आर्थिक पक्षको अध्ययनको उपलब्धी प्राप्त गर्न निम्न सन्दर्भ सामाग्रीको अध्ययन गरिएको छ ।

### २.१ सैद्धान्तिक पुनरावलोकन

इलामको लेप्चा जाति सम्वन्धी विभिन्न पक्षवारे चर्चा गरिएको यो पुस्तकमा आफ्नै भाषा भएको नेपालको पूर्वीपहाडी जिल्लामा बसोवास गर्ने जाति लेप्चाको नाम अंग्रेज उपनिवेशवादीहरूले गुफामा वस्ने जातिको अर्थमा दिएको हो भनि उल्लेख गरिएको छ । इलामको इतिहासमा महत्वपूर्ण भूमिका रहेको लेप्चा जातिको Barderditic and Border People दुवै दृष्ट्रिले गोर्खाको विजयमा महत्वपूर्ण भूमिका रहेको छ । इतिहासमा काजी सुव्वाले आफ्नो जातिलाई कुनै काम नगरेको कारणबाट नै लेप्चा जाति  पिछडिएको भनी उल्लेख गरेका छन् । इलाम जिल्लाको धेरै जसो ठाउँ त्यसको नाम लेप्चा भाषाबाट रहन गएको उल्लेख गरेका छन्  प्रस्तुत पुस्तकले २ वटा स्थानका लेप्चा जातिको वारेमा case study गरेका छन्  । साथै चिण्डेपानीका लेप्चाहरू आफ्नो संस्कृति संरक्षण गर्न धेरै उत्सुक भएको भनी उल्लेख गरेका छन् । साथै इलाम जिल्लामा लेप्चाका ३५ भन्दा बढी थरहरूको वसोवास रहेको र वङ्गथिङ र लामामा विश्वास गर्ने कुरा उल्लेख गरेका छन्  । यस प्रकार यो पुस्तक खोजमुलक भए पनि यसले यस जातिमा महिलाहरूको स्थिती कस्तो छ उनीहरूको जीवनयापन पद्वति कस्तो छ भन्ने बारेमा चर्चा गरिएको छैन ।

(Jeffrey Santi, Vaidya 2000)

लेप्चा महिलाहरू एक लोपोन्मुख आदिवासी महिला अन्तर्गत पर्दछन् । यिनीहरूको बारेमा गरिएको यस अध्ययनका लागि लेप्चा जातिकै बारेमा लेखिएका लेख रचना पत्रपत्रिका तथा राष्ट्रिय घटनालाई अवलोकन गरी त्यसको विश्लेषण गर्न सान्दर्भिक हुने भएकाले त्यस्ता सन्दर्भ सामाग्रीहरूको अध्ययन गर्ने कोषिश गरिएको छ ।

राजभण्डारी (२०३६) ले आफ्नो लेख डने र नेबु मा लाप्चाहरूको बारेमा उल्लेख गरेका छन् । यँहा लेप्चा जातिको उत्पति धर्म तथा वर्गका बारेमा विशेष जानकारी दिनुका साथै लालमोहरका नमुनासमेत समाबेश गरेकाले लेख खोजपूर्ण देखिन्छ ।

- लेप्चा संस्कृति र सिन्धु बेसीको सभ्याताबीच समानता छ भन्ने विवरण दिएको छ ।
- इलामका लेप्चा र सिक्किमका लेप्चाहरूबीच भाषागत फरक रहेको साथै डने र नेवु जस्ता सांस्कृतिक वर्गविच पनि असमानता रहेको हुँदा इलाममा लेप्चाहरू कञ्चनजंघाबाट नै आएका जन विश्वासमासहमति देखाएका छन् ।
- उनले इलामका लेप्चाहरूमा आफ्नै छुट्टै सांस्कृतिक विशिष्टता रहेको तर सिक्किमका लेप्चाहरूमा तिब्बती संस्कृतिको ज्यादा प्रभाव रहेको कुरा उल्लेख गरेका छन् ।
- प्रस्तुत लेखमा लेप्चा पुराण अनुसार १८ विभेद रहेको त्यसमध्ये डने र नेबु पनि समाजमा विशेष स्थान ओगटेका वर्ग भएको कुरा उल्लेख गरेका छन् ।
- मछिन्द्रनाथको उल्लेख गर्दै हिन्दु र बौद्ध धर्मको अन्तरसम्बन्धलाई प्रष्ट्याउदै लेप्चाहरूको धार्मिक सहिष्णुता रितिरिवाज लोसारपर्व भन्ने सन्दर्भमा डने र नेबु वर्गको भूमिकाको पनि चर्चा पाईन्छ ।
- लेप्चा समाजको प्रशासनमा एवम् धर्ममा काजी सुव्वा, लामा र पारसी ( काजीको दूत) आदिको भूमिकाको बारेमा लालमोहरको नमूना समेत प्रस्तुत गरेको छन् ।

उनले इलामको लोप्चाहरूको मौलिक संस्कृति एंवम उनीहरूको सामाजिक पक्षबारे जानकारी दिएतापनि महिलाहरूको स्थिति बारे मौंन देखिन्छ । अरू मङगोल जस्तै देखिने लेप्चाहरू इलामका आदिवासी भएको तर उनीहरूको घट्दो संख्याले जिल्लाकै इतिहास ओझेलमा पर्ने बताएका छन् । लेखमा राणाकालीन प्रशासनमा लिम्वु र लेप्चाको अलग-अलग प्रशासन भएको र कन्काई देखि टिष्टासम्मको पहाडी भुमिमा बसोवास भएको ऐतिहासिक प्रमाण दिएका छन् ।

लेखमा लेप्चाहरूको विभिन्न उत्पतिबारे विभिन्न किवंदन्ती भए पनि कञ्चनजंघा हिमाललाई आफ्नो पवित्र सृष्टिथलो मान्दै आएको उनीहरूको आफ्नै धार्मिक एवंम सांस्कृतिक पहिचान भएको भारतमा अंग्रेज शासनको प्रभावले कतिपय इशाई धर्मावली बनीसकेको तथ्य उल्लेख छ । लेखकले बिभिन्न लेख र प्रकाशनको अध्ययन गरी समीक्षात्मक राय पेसगरेका ले बसोवास पुर्खयौंली इतिहास संस्कृति बारेमा सम्बन्धित सवैलाइ वृहत लाभदायक तथ्यहरू उपलव्ध गराएका छन् । यस पुस्तकबाट लाप्चाहरूको उत्पती धर्म धार्मिक मान्यता एंवम परिवर्तनहरूको अध्ययन गर्न मद्दत पुग्छ तर यस पुस्तकले लेप्चा महिलाहरुको सामाजिक धार्मिक स्थितीवारे उल्लेख नभएकोले यस शोधग्रन्थमा प्रष्ट्याउने जमर्को गरिएको छ (बैध, २०४६) ।

अगष्ट १९९४ मा प्रकाशित पुस्तक The statistical profile on nepalese women मा महिलाहरू घर परिवार खाना पकाउने, दाउरा ल्याउने, पानी ल्याउने, केटा केटीको हेरबिचार गर्ने आदि घरपरिवार सम्वन्धि समस्त कार्य केवल महिलाहरूमात्रको उत्तरदायित्व हो भन्ने हाम्रो समाजको चलन छ भनि भनिएको छ यो कामहरू बाँच्नको लागि जरूरी भएता पनि "Economically inactive" क्रियाकलापमा पर्दछ । १९९१ को जनगणनाको तथ्याङ्कले ३६% महिलाहरू घरको कामकाजमा मात्र व्यस्त छन् तसर्थ उनीहरू अर्थोपाजनका क्षेत्रमा निश्कृय छन् तराई क्षेत्रका २६% महिलाहरूमा अर्थोपाजन कार्यमा सक्रिय रहेका छन् । "The status of women" को मुताविक तराई क्षेत्रका महिलाहरू पुरूष सरह सामाजिक, आर्थिक तथा घरायसी कार्य एंव खेतीपातीको कार्यमा समेत सदा सर्वदा सामाजिक रूपले सक्रिय देखिन्छ । Acharya (1994)

१९९७ महिला सशक्तिकरणका लागि सम्वन्धित संयुक्त राष्ट्र संघिय वडापत्र र दस्ताबेजमा जस्तै कार्यनिती १९७९ महिला उपर हुने सबै प्रकारका भेदभाव निर्मुल गर्न राष्ट्रसंघिय महासन्धी "conversion on the elimination of all forms of discrimination against women (EDAW)" जार्काता बेजिङ्ग घोषणा १९९५ आदिमा पनि नेपालको हस्ताक्षर गरि आफ्नो प्रतिवद्धता दर्शाएको छ । आचार्य, ( २०५४) ।

शर्मा ,(२०५०) वहाँले लेप्चा जातिको ऐतिहासिक पक्षलाई बढी खोतल्ने प्रयास गर्नु भएको छ । वहाँले सामजिक सांस्कृतिक पक्षलाई समेत उल्लेख गर्नु भएको छ । उहाँले शोधग्रन्थमा लाप्चा शव्दको अर्थ, इलाममा लाप्चाको सामाजिक अवस्था र सामाजिक जीवनमा सिक्कीम संग तुलना गरी ५ भागमा विभाजन गरी शोधग्रन्थ तयार गर्नू भएको  छ । उहाँको शोधग्रन्थमा लाप्चा जातिलाई इलाम जिल्लाका आदिवासी र कन्चनजंघालाई उद्गम स्थल मान्ने कुरामा शर्मा असहमत हुनुहुन्छ । प्राचिन समयमा नेपाल तिब्बत संग ब्यापार गर्न जानेहरुको विश्रामस्थलको हुम्ला लाप्चा भञ्ज्याङको वासिन्दा नै लाप्चा हो । शिकारको कममा यिनीहरु तिब्बतबाट कञ्चनजंघाको आसपास हुँदै इलाम आईवसेका हुन् भन्ने शर्माले आफ्नो शोधग्रन्थमा उल्लेख गर्नु भएको छ । लेप्चा जातिलाई नेपालका शेर्पाजाति संग तुलना गरी यिनीहरु पनि बौद्धमार्गी भएको कुरा उहाँको शोधग्रन्थमा उल्लेख गरेका छन् ।

(कार्की,२०५५)ले आफ्नो शोधग्रन्थ तयार गर्ने कममा लेप्चा जातिको विभिन्न पक्षको अध्ययन गरेको पाइन्छ । लेप्चा जाति कृषि पेशामा आधारित रहेको, शिक्षामा यी जातिका मानिसहरु कमशः लाग्दै गएका भन्ने कुरा उल्लेख पाइन्छ । लेप्चाहरुको गर्भबाट नै जीवन शुरु हुन्छ । गर्भमा रहेको वच्चालाई गलत प्रभाव पार्न हुँदैन  भन्ने कुरालाई विश्वास भएबाट वच्चाको बावुले कुनै पनि पापलाग्ने काम गर्नू हुँदैन खोलामा वल्छीबाट माछा झिक्नु हुँदैन नाङलो, मान्द्रो , गुन्द्री वुन्दा विट मार्न हुँदैन घरको गाह्रो लगाउँदा पुरै टुङ्ग्याउनु हुँदैन, घोडाको लगाम नाघन हुँदैन यसरी विपरीत गरे गर्भको वच्चा राम्ररी जन्मन सक्दैन भनी उक्त शोधग्रन्थमा पाइन्छ ।

## २.२ अनुभवमा आधारित पुनरावलोकन

अठारौं शताब्दीमा शुरूमा युरोपमा औधोगीकरणको विस्तारसँगै कल कारखानाहरूमा महिलाहरूले काम गर्न थाले कलकारखानाहरूमा काम गर्न समय दिनमा १५ देखि १६ घण्टासम्म हुन्थ्यो । तसर्थ अमानविय र अमानुषिक तरिकावाट काम लगाएको बिरूद्ध र भोट दिने अधिकार प्राप्तीका लागि महिलाहरू आफ्नो हक-हित र अधिकार प्राप्तीको लागि सर्वप्रथम अमेरीकाको न्यूयोर्क शहरमा कपडा मिलका महिला मजदुरहरूले सन् १९०८ मा सडकमा उत्रिएर विरोध गरे । यो बिद्रोह गरिएको दिन मार्च ८ को दिन थियो । यसको दुई वर्ष पछि सन् १९१० मा डेनमार्कको राजधानी कोपनहेगनमा अन्तराष्ट्रिय महिला सम्मेलन गरियो । १७ वटा देशका करिव १०० जना महिलाहरूले भाग लिएका थिए । विश्व शान्ति, आमा र बालबालिकाहरूको सुरक्षा काम गर्न समय दिनको ८ घण्टा हुनुपर्ने  आदि विषयहरूका साथै महिलाहरूले आर्थिक सामाजिक र राजनैतिक क्षेत्रमा भोग्नुपरेका समस्यावारे छलफल भए । नारी दिवस, पहिलो पल्ट सन् १९४४ मा जर्मनी, अष्ट्रिया डेनमार्क स्विजरल्यान्ड र अमेरिका गरि ५ देशहरूमा मनाईयो र मार्च ८ को यस दिनलाई जुनसुकै सरकारी, गैर सरकारी महिलाहरू सम्वन्धित संघसंस्थाहरू द्धारा महिलालाई गरिने भेदभाव र शोषण विरूद्ध समानताका लागि आवाज उठाउने प्रेरणाको रूपमा लिइ विभिन्न कार्यक्रम सहित मनाउने परम्परा छ (सुवेदी, २०४८) ।

यसरी विश्वका थुप्रै भू-भागहरूमा महिला आन्दोलनहरू जसरी फस्टाएका छन् । त्यसरी ज्यादै कम सामाजिक आन्दोलनहरू फले पुलेका छन् । जसरी महिला आन्दोलनहरू अनेक क्षेत्रमा चलिरहेका छन् त्यसैगरि तिनले उठाउने सवालहरू पनि विभिन्न छन् । यि सवालहरू केहीँ मुख्यविषय वरिपरी केन्द्रित छन् जस्तै महिलाका कानुनी र राजनैतिक अधिकार महिला विरूद्र हिंसा प्रजननको छनोट गर्वपतन र रोजगारको अवसरहरू र भेदभाव तथा महिलाको राजनैतिक सहभागिता र प्रतिनिधित्व आदि यी सवालहरूलाई एक एक गरी व्याख्या गर्नु भन्दा म केही सामान्य ढाँचाहरू खुलाउन चाहान्छु जसवाट किन खास आन्दोलनहरू खास खास सवालहरूप्रति आर्कषित हुन्छ जस्तो अमेरिकाको महिला आन्दोलनमा देखिएको छ । जहाँ

नारीवादीहरूले घरेलु हिंसा बलात्कार जस्ता सवालहरूमा ध्यान केन्द्रित गरेका छन् । यसै गरि भारतमा महिला आन्दोलनले लडेका सबै भन्दा तीक्ष्ण लडाइहरू बैयक्तिक क्षेत्रसँग सम्वन्धित सवालहरू जस्तै दाईजा, बलत्कार र गर्भास्य शिशुको लिङ्ग छनोटको लागि गरिने (गर्भ अवस्थामा छोरा कि छोरी छ भनेर हेरिने) विषयमा केन्द्रित थिए । यसको बिपरित चीन, रूस, पूर्वी यूरोपका महिला आन्दोलनहरूले रोजगार, राजनैतिक प्रतिनिधित्व र सामाजिक सुरक्षा जस्ता सार्वजानिक क्षेत्रसँग सम्वन्धितसबालहरूमा बढि चासो देखाउने गरेको देखिन्छ ।

हाम्रो नेपालमा महिलाहरूको स्थान माया ममता र शक्तिको स्रोतको रूपमा स्थिापित भएको छ । महिला र पुरूष मानव जिवनयात्राका अटुट सहयात्री मानिन्छन् तर हाम्रो जस्तो पुरूष समाजले भने महिलालाई आज पर्यन्त सौन्दर्य, आन्नद र गृह लक्ष्मीका रूपमा मात्रै देखिरहेको छ । यधपी मानिसको चिन्तन र दृष्ट्रिकोणलाई विकसित तुल्याएको छ । अर्कातिर हाम्रो गरीवी र अक्षिाले महिला चेतना र विकासको गतिलाई अपेक्षित रूपमा वढ्न दिइएको छैन् । सामाजिक परिवेशको संकुचिताले महिलाहरूले आफ्नो प्रतिभाको समुचित विकास गर्न नपाएका तथा शोषण र उत्पिडणका पिडाहरू बोकीरहेका बास्तविकता एकातिर छ भने अर्कातिर बिश्वब्यापी रूपमा देखा परेको महिला चेतनाको लहरले हाम्रो समाजलाई पनि घचघच्याउन थालेको छ (बराल, २०५५) ।

गैरसरकारी संस्थाको शुरूवात सात दशक अघि श्री चन्द्र कामुधेनु चर्खा प्रचारक महागुठीको स्थापनावाट भएको थियो । २००७ साल पछि रेडक्रस, परिवार नियनेजन संस्था line the rotary club जस्ता अर्न्तराष्ट्रिय गैरसरकारी संस्थाको स्थापना भयो । सन् १९७५ मा अन्तराष्ट्रिय महिला वर्ष घोषणावाट महिलाहरू सम्वन्धित समस्याहरूवारे चासो बढ्दै गयो । विभिन्न सरकारी तथा गैरसरकारी संस्थाको स्थापना हुदै गयो । सन् १९७६ मा स्थापना गरिएका आमा मिलन केन्द्र र तत्कालिन सामाजिक सेवा समन्वय परिषद (समाज कल्याण परिषद) अर्न्तगत स्थापित नारी सेवा समन्वय समिति महिला विकासका लागि महन्वपूर्ण संस्थाहरू हुन् । २०४६ सालमा बहुदल ब्यवस्थाको पार्दभाव भएपछि धेरै संख्यामा गैरसरकारी संस्थाहरूको

स्थापना भए यी गैरसरकारी संस्थाहरूले महिला विकास, समानता र अधिकारको सम्वन्धमा कार्य गर्दैछन् । २०५३ साल चैत्र अन्तसम्ममा ३४१ वटा गैंरसरकारी संस्थाहरू बिशेष गरेर महिला र विकासको क्षेत्रमा कार्यरत गर्दैछन् ती संस्थाहरू समाजकल्याण परिषदमा आवद्ध छन् । यी बाहेक ३९८० वटा अन्य गैंरसरकारी संस्थाहरू महिलासँग सम्वन्धि कार्यहरू मूखयत्य शिक्षा, स्वास्थ्य, वातावरण र आय आर्जन सम्वन्धि कार्यहरू संचालन गर्दछन् (आठौं योजना, २०५४) ।

महिलाहरू राजनैतिकको मूलधारमा नआउन्जेलसम्म देशको प्रमुख समस्या समाधान हुन सक्दैन । जनसंख्या बृद्धिको चुनौती महिलाले नबुझ्ेसम्म समाधान हुन सक्दैन । त्यस्तै कृषि क्षेत्रका चुनौतिमा पनि महिला संलग्न नभई हुदैन साथै देशको अर्को समस्या भनेको अशिक्षा पनि हो यी सबै समस्या महिलासँग सम्वन्धित छन् यहाँ एउटा कुरा बुझाउन जरूरी छ । पुरूषको समस्या भनेको महिलाको समस्या होइन बिकासको समस्या हो । (www.ekantipur.com)

ईशाको चौंथो शताब्दिमा दक्षिण पर्सियाको इलाम देशका मङ्गोलहरू किराँतीसँगको युद्धमा हार खाएर उत्तर दिशाको हिमालय पहाडी जंगलतिर भागे पछि बिस्तारै बिस्तारै त्यहीँ जंगल फाँडी एउटा गाउँ बनाए अनि उनीहरू इलाम नामक देशबाट आएका हुनाले त्यसैको स्मरणको निम्ति त्यस गाउँको नाम पनि इलाम राखिदिए । किराँती राजा मावरोगँले चलाएको रोङ्गलिपी लेप्चाहरूले मात्र चलाउन थालेपछि उनीहरू आफुलाई रोङ्गवंशी भन्न थाले ।लेप्चाहरू ज्यादै प्राचीन जाति भएकाले आफ्नो भाषा तथा संस्कृतिमा गर्व गर्नु उचित समझन्छन् । उनीहरूको प्राचिन मौलिक धर्म बुङ्गथिङ्गलुम र मनलोम धर्म हो । पछि किँराती राजा मावरोगँले वौद्धधर्म प्रचार गरेपछि वौद्धधर्म मान्न थाले तर आफ्नो प्राचीन धर्म पनि छोडेनन् ।यो पुस्तक भाषा सम्वन्धी लेखेको हुनाले यहाँ लेप्चा महिलाहरूको बारेमा चर्चा गरेको पाईदैन (चेमजोङ्ग, २०३६) ।

नेपालको राष्ट्रिय विकासको सन्दर्भमा महिलाको अवस्था पुरुषको तुलनामा दयनिय वा पछाडी देखिन्छ । यस अवस्थावाट श्रीअन्तुका लेप्चा महिलाहरुमा पनि फरक छैन । यी लेप्चा महिलाहरु आफ्नै जाति भित्र पनि बर्गीय, लिङ्गयिय विभेदवाट

ग्रस्त देखिन्छ । यसरी लेप्चा महिलाहरुको अवस्थाको विषयमा कुनै पनि खोज अनुसन्धान भएको पाइदैंन तसर्थ यस अध्ययनले अध्ययन क्षेत्रको लेप्चा महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थाको उजागर गर्ने प्रयास गरिएको छ ।

# अध्ययन - तीन

## अध्ययनको विधि

यस अध्यायमा शोधपत्र तयार गर्दा अपनाइएका विधिको बारेमा प्रस्तुत गरिएको छ । खासगरि यस अध्यायमा अध्ययन क्षेत्रको छनौट तथ्याङ्क संकलनको तरिका, तथ्याङ्ग विश्लेषण तथा प्रस्तुती तथ्याङ्कको श्रोत र प्रकृति तथ्याङ्क संकलन विधि समावेश गरिने छ । यो अध्ययनमा विशेषगरि वर्णनात्मक विधिको प्रयोग गरिने छ । लेप्चा जाति लोपोन्मुख जाति को रूपमा रहेको हुँदा यस जातिका महिलाहरुको अवस्था सामाजिक मूल्यमान्यता परम्परा के कस्ता छन् ? अधिकांश महिलाहरू घरपरिवार भित्र मात्र सिमित यो जातका महिलाहरू सामाजिक, आर्थिक व्यवहारमा कस्ता प्रभाव छोड्न सफल भएका छन् । आदि कुरालाई थाहा पाउनका लागि खोज एंव अनुसन्धानात्मक विधिको अवलम्वन गरिएको छ ।

### ३.१ अध्ययन क्षेत्रको छनौट

यस अध्ययनका लागि नेपालको पूर्वाञ्चल विकास क्षेत्रमा पर्ने इलाम जिल्लाको सुदूरपूर्वमा रहेको श्रीअन्तु गा.वि.स.मा बसोबास गर्दै आएका लेप्चा महिलाहरूको सामाजिक तथा आर्थिक अवस्थाको बारेमा अध्ययन गरिएको छ । हुन त लेप्चा जाति इलाम जिल्लाकै अन्य गा.वि.स. हरूमा पनि बसोबास गर्दै आएका छन् । पूर्वी भेगका अधिकांश ठाउँ स्थानहरूका नाउँ लेप्चा भाषाबाट रहेको भन्ने जानकारी पाइन्छ । इलाम जिल्लाको मात्र होइन नेपालमै चर्चित पर्यटकीय क्षेत्र भित्र बसोबास गर्ने भएता पनि यिनीहरू हरेक पक्षमा कमजोर भएकोले साथै यस जातिको विभिन्न विषयमा केन्द्रित भएर लेख रचना लेखिएका पनि खास गरि महिलाहरूको विषयलाई उठान नगरेको सन्दर्भमा अनुसन्धानका लागि यो क्षेत्र छनौट गर्नको मुल कारणहरू यस प्रकार छ :

- श्रीअन्तु गा.वि.स.मा लेप्चा महिलाहरूको अबस्थाको हालसम्म कुनै ठोस अध्ययन अनुसन्धान नभएको हुँदा उनीहरूको सामाजिक र आर्थिक अवस्थालाई प्रकाश पार्ने उद्देश्यले उक्त क्षेत्रलाई छनौट गरिएको हो ।

) यो अनुसन्धानकर्तासोही जिल्ला र त्यसको संस्कृतिमा चासो राख्ने भएको हुँदा सम्पर्क गर्न सजिलो हुने र उनीहरूले भन्न खोजेको ब्यक्त गर्न खोजेको भावना बुझ्न सजिलो हुने भएकोले यस क्षेत्रलाई अध्ययनको लागि छानिएको  हो  ।

## ३.२   अनुसन्धान ढाँचा

यस अध्ययनमा मूलतः श्रीअन्तु गा.वि.स.मा बसोबास गर्दै आएका लेप्चा महिलाहरूको सामाजिक तथा आर्थिक स्थितिको जानकारी पाउने उद्देश्यले यो अध्ययन गरिएको छ । यो अध्ययनमा वर्णनात्मक अनुसन्धान ढाँचा। तथ्याङ्क संकलनका लागि तथ्याङ्कसर्वेक्षणबाट आएका विभिन्न सूचनाहरूलाई सूचनाको प्रकृति विश्लेषण गरी त्यसमा सूचना अभिलेख ढाँचामा प्रविष्टि गर्ने र यसरी प्रविष्टि गरिएका तथ्याङ्क तालिकाको आधारमा अन्य शीर्षकहरू जस्तै पेशा, व्यवसाय, जनसंख्या, शैक्षिक अवस्था आदिका बिभिन्न तालिका तयार गरेर बिष्लेशण गर्ने कोशिस गरिएको छ ।

## ३.३   तथ्याङ्कको स्रोत र प्रकृति

यस अध्ययन कार्यलाई पूर्णता दिनका लागि आवश्यक पर्ने प्रायजसो सबै तथ्याङ्कहरू प्राथमिक स्रोतबाट लिने कोशिस गरिएको छ । प्राथमिक श्रोतका तथ्याङ्कहरूले मात्र अध्ययन पूर्ण नहुने भएकाले द्वितीय श्रोतका तथ्याङ्कहरू पनि प्रयोग गरिएको छ । प्राथमिक श्रोतको तथ्याङ्कको लागि श्रीअन्तु गा.वि.स.मा स्थलगत अध्ययन गरिएको छ भने द्वितीय स्रोतका लागि श्रीअन्तु गा.वि.स. तथा अन्य संघसंस्थाले प्रकाशित गरेका पुस्तक पत्रपत्रिका आदिको प्रयोग गरिएको छ । साथै राष्ट्रिय जनगणना यिनीहरूको संगठन रोङ्ग सेजुम ठी का प्रतिवेदनहरूवाट पनि धेरै तथ्याङ्कहरू प्राप्त गरिएको छ । तथ्याङ्कको प्रकृतिको हकमा विचार गर्दा गुणात्मक तथा संख्यात्मक दुवै किसिमका तथ्याङ्कहरूलाई यस शोधपत्रमा प्रयोग गरिएको छ ।

## ३.४   अध्ययनको इकाई समग्रता र नमुना

यस अध्ययन क्षेत्रमा बसोबास गर्ने लेप्चा समुदायका महिलाहरूको सामाजिक, तथा आर्थिक पक्षको छनौट गरिएको छ । छनौट गरिएका पुरै समुदायमा कुल ३८ घरपरिवार रहेका छन् । अध्ययन गर्न थालिएको समुदायका पुरै ३८ घरपरिवारकालेप्चा

महिलाहरू मध्ये ३६ घरलाई मात्र समावेश गरिएको छ । जसमा रहेका लेप्चा महिलाहरु अध्ययनमा समावेश गरिएको छ। अध्ययन क्रममा २ लेप्चा घरपरिवार कामकाजका शिलशिलामा भारतमा अस्थायी रूपमा बसोबास गरिरहेका छन् भन्ने जानकारी भयो । स्थलगत अध्ययनमा लेप्चाहरूको कुलजनसंख्या १९२ रहेको छ । जसमा महिलाहरू ९७ जना छन् भने पुरूषहरू ९५ जना रहेका छन् । तसर्थ ३६ घरको मात्र जनगणना विधि प्रयोग गरि समग्रताको अध्ययन गरिएको छ। । श्रीअन्तु गा.वि.स.मा लेप्चा बस्ती बाहिरका छिमेकी समुदाय बुढापाका, जानकार, शिक्षक स्थानीय बुद्धिजिवी गा.वि.स. सचिब स्थलगत रूपमा कार्यक्रम संचालन गरिरहेका गैरसकरकारी संस्थाका प्रतिनिधीहरूसँग पनि छलफल गरि सूचना लिने प्रयास गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

यो शोधपत्रको तथ्याङ्क संकलन गर्ने क्रममा गरिएको अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्कको लागि बिभिन्न किसिमका तथ्याङ्क संकलन विधिहरूको प्रयोग गरिएको छ । अध्ययनको कममा तथ्याङ्क संकलन गर्दा प्रयोग गरिएका विधिहरूमा अन्तरवार्ता, सहभागी अवलोकन, सामूहिक छलफल आदि रहेका छन् संख्यात्मक गुणात्मक दुवै प्रकारका तथ्याङ्क संकलन गरिएको छ । द्वितीय तथ्याङ्कहरू विभिन्न सरकारी निकाय तथा विभिन्न संघ संस्थावाट प्रकाशित व्यक्तिगत लेख रचना, पत्रपत्रिका आदिवाट लिइएको छ।

### ३.५.१ प्राथमिक तथ्याङ्क सकंलन

यस अध्ययनको कममा प्राथमिक तंथ्याक संकलनका लागि निम्न विधि प्रयोग गरिएको छ ।

**क) अन्तरवार्ता**

श्रीअन्तु गा.वि.स.का लेप्चा महिलाहरूको अध्ययनमा अवाश्यक तथ्याङ्क संकलनका लागि संरचित तथा अर्धसंरचित अत्तरर्वार्ता सुचीको प्रयोग गरिने छ । उत्तरदातासँग सोधेर आम्ने- साम्ने बसी स्थितिको आफै सामना गरिन्छ जसले गर्दा

वढी बिस्वसनीय सूचना र अशिक्षित उत्तरदातासँग पनि सजिलै तथ्याङ्क संकलन गर्न सकिने हुदाँ यस विधिबाट उनीहरूको बारेमा जानकारी लिएको छ।

### ३.५.२ द्धितिय तथ्याङ्ग सकंलन

द्धितिय स्रोतबाट तथ्याङ्क लिने कममा सम्वन्धित विभिन्न स्रोधपत्र लेप्चा जाति सम्वन्धि लेखिएका लेख रचनाहरु, पुस्तक, जनगणना मतदाता नामावली गा.वि.स.जि.व.स. बिभिन्न संघ संस्थाका रिपोर्ट प्रतिबेदनहरु, बिभिन्न शोधपत्र आदि द्धितिय स्रोतको रुपमा गरिएको छ ।

## ३.६ तथ्याङ्गको विश्लेषण तथा प्रस्तुतीकरण

प्रस्तुत शोधपत्र तयार गर्ने कममा प्राप्त तथ्याङ्क तथा सूचानाहरूलाई परम्परागत समाजशास्त्रीय एंवम तथ्याङ्कशास्त्रीय पद्वति अनुरूप तथ्याङ्कको तालिकीकरण तथा विश्लेषण गरिएको छ । अध्ययनलाई बढि भन्दा बढि वैज्ञानिक तथा तथ्यपरक गराउनका लागि प्राप्त कच्चा तथ्याङ्कलाई तालिकामा वर्गीकरण गरि आवश्यकता अनुसारका प्रतिनिधिमूलक तथ्यहरू जस्तै प्रतिशत, निकालेर प्रस्तुत गरिएको छ । तथ्याङ्कहरूको प्रस्तुतीकरण धेरै जसो वर्णात्मक विधीको प्रयोग गरिएको छ ।

## ३.७ अध्ययनको सिमा

यो अध्ययन अनुसन्धान सामाजशास्त्र स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिको लागि तयार पारिएको शोधपत्र भएकोले वर्तमान लेप्चा महिलाहरूको आर्थिक, सामाजिक पत्रको खोजकार्य इलाम जिल्लाको श्रीअन्तु गा.वि.स.मा मात्र सिमित भएकोले यस अध्ययनबाट प्राप्त निश्कर्षहरू श्रीअन्तु गा.वि.स.को लेप्चा महिालहरूको सामाजिक तथा आर्थिक अवस्थाको अध्ययनमा आधारित भएको बर्तमान अवस्था बुझ्नु पर्ने हुन्छ र यस अध्ययनको निष्कर्षहरू अन्य ठाउँमा बसोवास गर्ने लेप्चा संस्कृतिसँग पनि मिल्न सक्छ । ईलाममा मात्र होईन लेप्चा जाति छिमेकी मुलुक भारतको दार्जिलिङ्ग ,सिक्किम, भुटान बर्मासम्म छरिएका छन् । त्यसैले यहाँको भौगोलिक, सामाजिक, आर्थिक, र सांस्कृतिक परिवेशमा यहाँ पाईएका निष्कर्षहरू

श्रीअन्तु गा.वि.स का तीन वडामा बसोवास गर्ने लेप्चा महिलाहरूको हुन भनेर बुझ्न आवश्यक छ । यो शोधकार्य वर्णात्मक ढाँचामा सिमित रहेको छ ।

# अध्याय - चार

## अध्ययन क्षेत्रको परिचय

### ४.१ इलाम जिल्लाको परिचय

नेपालको पूर्वाञ्चल विकासक्षेत्रको पनि पूर्वको सिमानामा रहेको एक पहाडी जिल्लाको नाम हो इलाम जिल्ला । यो महाभारत श्रृखलाको दक्षिणी भागमा पर्दछ । सुदुरपूर्वमा रहेको इलाम जिल्लामा तीन नगरपालिकाहरु रहेका छन् । इलाम २६ डिग्री ४० मि देखि ३४ डि. ४८ मि. उत्तरी अक्षांश र ८७ डिग्री ४० मि. देखि ८८ डिग्री र १० मि. पूवीदेशान्तर सम्म फैलिएको छ । समुन्द्रीसतहबाट ३६३६मिटर उचाईसम्म रहेको यो जिल्लाको जम्मा १७०३ वर्ग कि.मी ओगटेको छ । यस जिल्लामा मुख्यगरि देउमाई, पुवामाई, जोगमाई, माई नामक चार खोलाले सिंचित गरेको छ । यसको उत्तरमा पाँचथर जिल्ला भने पुर्वमा भारतको दार्जिलिङ्ग जिल्लासँग जोडिएको छ । दक्षिणमा झापा छ भने पश्चिममा धनकुटा र मोरङ्ग पर्दछ । ईलाम पहाडी जिल्ला हो यस जिल्लामा धेरै उच्च पहाडहरू भने छैनन् । यहाँको हावापानी समशितोष्ण छ । इलामलाई प्राकृतिक दृश्टिले वसोवासको लागि उपयुक्त स्थलको रुपमा लिन सकिन्छ । यो जिल्ला प्राकृतिक रुपमा ज्यादै सुन्दर जिल्ला हो । यसलाई “पूर्वको स्वर्ग” पहाडकी रानी, “हरियो सुन” 'Green gold' भएको ठाँउ भनि पुकारिने गरिन्छ ।

इलाम जिल्लाको कुल जनसंख्या २,८७९२३ रहेको छ भने पुरूष १३९०८९ महिला, १४८८४३ रहेको छ (२०६८,जनगणना) ।

यो जिल्ला नगदेबालीको लागि अति राम्रो र प्रख्यात जिल्ला हो । यहाँ बाटो घाटो बिजुली, सञ्चार, शिक्षा, स्वाथ्य, खानेपानी सुविधा प्रायजसो सवै भागमा छ । यस जिल्लाको सामाजिक सांस्कृतिक संरचना पनि विविधतायुक्त छ । बहुभाषिक, बहुसांस्कृतिक पक्षहरूको संयोजन यहाँ पाइन्छ । राई, लिम्वु,, ब्राम्हण क्षेत्री, कामी, दमाई सार्की, मगर, गुरूङ, लेप्चा नेवार आदि बिभिन्न जातका मानिसहरू बस्दछन् ।

## ४.२ इलाम जिल्लामा लेप्चा जाति हरूको बसोवास स्थिति

लेप्चा जाति नेपाल अधिराज्यका पुर्वी पहाडी जिल्लाका आदिबासी हो । ईलाम जिल्लाको माईखोला पूर्व र मेचिनदी पश्चिम क्षेत्रका जम्मा १५ वटा गा.वि.स हरूमा अल्पसंख्यक रूपमा बसोवास गरिरहेको यस जाति भारतको दार्जिलिङ्ग सिक्किम कालिम्पोङ्ग साथै बर्मा भुटानसम्म छरिएर बसोवास गरेको पाइन्छ । नेपालमा भने यिनीहरू अति थोरै संख्यामा रहेका छन् ।

सन् २०११ को राष्ट्यि जनगणना अनुसार लेप्चा जातिको जनसंख्या ३४४५ रहेको छ । यस जनगणनामा इलाम बाहेक नेपालमा अन्य धेरै ठाउँमा लेप्चाहरूको बसोवास रहेको देखाइएको छ तर लेप्चाहरू मुख्य गरि इलाममा मात्र बसोवास गर्दछन् । तर हाल आएर २/३ घर परिवार झापामा पनि वसाई सरेका पाइन्छ भने काठमाण्डौ उपत्यकामा पनि नगन्य सख्यामा लेप्चाहरू बसोवास गरेका छन् तर यी काठमाण्डौ उपत्यकामा प्रायजसो भारतवाट नै आएका हुन् । तसर्थ नेपालमा ईलाम जिल्ला वाहेक कतै पनि यस जाति को वसोवास गरेका पाईदैन तर २००१ को जनगणना मुस्ताङ्गमा पनि ६३४ लेप्चा जनसंख्या रेकर्ड गरिएको छ । क्षेत्रगत अध्ययनको क्रममा उत्तरदाताहरूका साथै जानकार ब्यक्ति युद्धप्रसाद बैधले उक्त मुस्ताङ्को तथ्याङ्क प्रमाणित नभएको बताउनु भएको छ त्यसैले यसवारेमा थप अनुसन्धान गर्न आवश्यक छ ।

इलाम जिल्लामा लेप्चा जातिको घरधुरी एवं परिवार संख्या निम्न वमोजिम रहेको छ ।

**तालिका नं. -१**

**इलाम जिल्लामा लेप्चा जातिको घरधुरी एवं परिवार संख्या**

| क्र.शं | गा.वि.स. | वडा नं. | घरधुरी | महिला | पुरूष | जम्मा | २००१ को कुल जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| १ | फिक्कल | १,२,३,४,५ र ६ | ७१ | १९७ | १७१ | ३६८ | ३२६ |
| २ | समालबुङ्ग | २,४ र ५ | ६१ | १६९ | १२७ | २९६ | २६६ |
| ३ | इरौटार | १,२,३,४,५ ६ र ८ | ६१ | १४२ | १३१ | २७५ | ३२८ |
| ४ | श्रीअन्तु | २,३, र ४ | ३८ | ९७ | ९५ | १९२ | १५५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | कोलबुङ्ग | १,३,९ | ५९ | १६८ | १४२ | ३१० | २६८ |
| ६ | जिमर्ले | ६ र ७ | २९ | ८४ | ७३ | १५७ | १४२ |
| ७ | नामसालिङ्ग | ३,४ | ७ | २४ | १८ | ४२ | ३४ |
| ८ | शान्तिपुर | २,३,७ र ८ | २८ | ६९ | ७६ | १४५ | १६१ |
| ९ | गोदक | ७ र ८ | २३ | ६० | ६६ | १२६ | १११ |
| १० | पशुपतिनगर | ६ र ८ | १३ | ३३ | ४० | ७३ | ७७ |
| ११ | लक्ष्मिपुर | २ | २ | ४ | ६ | १० | १२ |
| १२ | जोगमाई | १,४ र ६ | २७ | ८७ | ५७ | १४४ | १३८ |
| १३ | पञ्चकन्या | ७ र ९ | ४० | ११४ | ११० | २२४ | २७१ |
| १४ | कन्याम | २,६ र ९ | ४२ | १२२ | १०० | २२२ | १९७ |
| १५ | गोर्खे | २ | ३ | ८ | ८ | १६ | १४ |
| | जम्मा | | ४५२ | १३७९ | १२१९ | २५९८ | २५२० |

स्रोत : लाप्चा उत्थान मञ्च, फिक्कल २००४

इलाम जिल्लामा लेप्चा जातिको वितरण र जनसंख्या माथि उल्लेख गरे बमोजिम रहेको छ । तुलनात्मक रूपमा २००१ को जनगणना भन्दा २००४ को तथ्याङ्कमा जनसंख्या केही बढेको देखिन्छ । इलामको माईखोला पूर्वमा १५ वटा गा.वि.स. र अन्य क्षेत्रमा भने लेप्चाहरूको बसोबास पाइदैन ।

हाल नेपालको जनसंख्या ३ करोड पुग्न लागेको अवस्थामा इलाममा मात्र बसोबास गर्ने लेप्चाहरूको जनसंख्या २५९८ मात्र छ । तुलनात्मक रूपमा बृद्धि भएपनि देशको जनसंख्याको तुलनामा यो ज्यादै कम संख्यामा पर्दछ ।

## ४.३ श्रीअन्तु गा.वि.स.को परिचय

यो गा.वि.स. इलाम बजारवाट करीव ५० कि.मी. सुदुरपूर्वमा पर्दछ । भुमध्य रेखाको २६ डिग्री ५१ मिनेट ४५ सेकेण्ड देखि २६ डिग्री ५३ मिनेट ३० सेकेण्ड उत्तरी अक्षाश र ८८ डिग्री ६ मिनेट १५ सेकेण्ड, ८८ डिग्री ९ मिनेट ५७ सेकेण्ड देशन्तरको विचमा रहेको छ । यो गा.वि.स. १८.०८

वर्ग किमिमा फैलिएको छ । साथै समुद्र सतहबाट ९५७ मिटर देखि १८०० मिटरको उचाइमा रहेको छ । यो गा. वि. स .लाई पूर्वमा भारतको परिश्चम बंगाल राज्यको दार्जिलिङ्ग जिल्ला अर्न्तगत पर्ने ओकाइटी ,मिरिक आदि ठाउँहरूले मेची नदिको सीमा कोरी घेरेको छ भने पश्चिममा इलाम जिल्लाकै फिक्कल र कन्याम सिद्धिखोलाले सिमानामा छुट्टाएको छ । त्यस्तै उत्तरतर्फ पशुपतिनगर गा.वि.स.ले कहिँ कतै खोला खोल्सी कतै डाँडा त कतै बाटोले छुट्टयाएको छ भने दक्षिणमा समालबुङ्ग गा.वि.स अवस्थित छ । यस गा.वि.स.मा त्यति धेरै जाडो र धेरै गर्मी पनि हुँदैन । यस गा.वि.स.मा हावापानी माध्यम खालको पाईन्छ । २०५८ सालको जनगणना अनुसार यस गा.वि.स.को जनसंख्या ४४३८ रहेको छ । त्यसैगरि २०६८ सालको जनगणना अनुसार यस गा.वि.स.का जनसंख्या ५२२९ रहेको छ । ती मध्ये २६४५ पुरूष र २४८४ महिला रहेका छन् । जम्मा घरधुरी १०४६ रहेको छ । यँहा बसोबास गर्ने मानिसहरूको मुख्य पेशा कृषि हो । कृषिमा पनि नगदेबालीको लागि प्रख्यात छ । यो गा.वि.स.मा चिया, अलैची, आलु ,अकबरे खोर्सानी तथा तरकारी मुख्य गरेर लगाइन्छ । देशकै सवै भन्दा ठूलो अर्थोडक्स चिया प्रसोधन कारखाना यसै गा.वि.स.मा उवस्थित छ । यस गा.वि.स का कुनै पनि परिवारले यस क्षेत्रमा धान खेती गरेको पाईदैन आधुनिक कृषि प्रणालीका कारण यो गा.वि.स. मा आर्थिक पक्ष अब्वल रहेको पाईन्छ  उन्नत जातका पशुपालन साथै ग्रामीण पर्यटनको प्रवल संभावनालाई बोकेको यो गा. वि.स पर्यटन प्रवर्द्धनको लागि ग्रमीणस्तर बाटै माथि उठ्ने प्रयास गरिरहेको छ ।

यस गा.वि.स मा पनि विभिन्न जात जाति,  धर्म संस्कृती, मान्नेहरूको मिस्रित बसोवास पाईन्छ । राई लिम्वु, मगर, व्राम्हण, क्षेत्री, कामी, दमाई, सार्की, लेप्चा नेवार, सुनुवार आदि जातका मानिसहरूका आफ्नै धर्म संस्कृति पेशा मूल्यमान्यता लिएर एक आपसमा मिलेर बसेका छन् ।

यस गा.वि.स.मा भईरहेका विकासमा पूर्वाधारको उपलब्धता बारे शिक्षा क्षेत्र निकै सुदृढ देखिन्छ यस गा.वि.स.मा एक उच्च मा.वि सहित १२ वटा

विद्यालयहरू स्थापना भईसकेका छन्  भने निजी स्तरबाट साथै सामुदायिक विद्यालयहरू पनि खुलिने क्रम वढ्दो छ । यस गा.वि.स मा एक उप स्वास्थ्य चौकि मा १ जना स्वास्थ्य सहायक २ जना स्वास्थ्य स्वंम सेविका रहेका छन्  त्यसका अतिरिक्त नीजि मेडिकल पसलहरू पनि खोलिएका छन् घरायसी झारफुक गरे पनि स्वस्थ्य उपचारको लागि धामीझाक्री भन्दा डाक्टरको औषधी उपचार गर्ने क्रम वढेको पाईयो भने जटिल स्वास्थ्य उपचारको लागि यहाँका बासिन्दा भारततिर नै बढि निर्भर रहेको पनि देखिन्छ । यो गा.वि.स एक पहाडी भौगोलिक संरचना भएता पनि यहाँ बाटोघाटोको राम्रो सुविधा छ । छिपिटार देखि अन्तुडाँडासम्म मोटरबाटो कालोपत्रे हुने काम जारी छ साथै वौद्धधामवाट पनि कच्ची मोटर वाटो छ भने भारतवाट छिर्ने बाटोको रूपमा छव्वीसे मोटर बाटो पनि खनिएको छ । त्यसका साथै प्रत्येक वडामा गाउँका भित्री भागहरूमा पनि गोरेटो बाटाे राम्रो अवस्था भएको पाइन्छ ।

## ४.४  लेप्चा जातिको परिचय

नेपाल अधिराज्यको इलाम जिल्लामा मात्र अल्पसङख्यक रूपमा छरिएर बसोवास गरिरहेका यस लेप्चा जातिको उत्पति र नामाकरणको सम्वन्धमा विभिन्न विद्वानहरूको मत आ-आफ्नै देखिन्छ यस जातिको उत्पत्ति देखि क्रमवद्ध रूपमा जानकारी दिने वंशावली अभिलेख तथा ऐतिहासिक विवरण जस्ता भरपर्दो स्रोतहरू हालसम्म पाउन सकिएको छैन भएका ऐतिहासिक पुराना सामग्री बस्तुहरू ऐतीहासिक चैत्य, गुम्बाहरूको उचित संरक्षण नहुँदा प्रमाण स्रोतहरू पनि नष्ट वन्दै गइरहेको छ । खाली यस जातिको अस्तित्व र नामाकरण सम्वन्धमा केहि अनुमान लोककथा किम्वदन्ती आदिले मात्र भए पनि प्रकाश पार्न खोजेको देखिन्छ ।

लेप्चा जातिको उत्पति नामाकरण सम्वन्धी चेम्जोङ (२०२२) का अनुसार ईशाको चौथो शताब्दीमा एउटा शंकालदिप नामक किराँत राजाले आफ्नो देशको सिमाना पूर्व आसाम देखि पश्चिम काबुलसम्म फैलाएका थिए । त्यस समयमा दक्षिण पर्सिया देशको नाम इलाम थियो । त्यहाको राजा अफ्रासियाब थिए । यी दुई बिच घमासान युद्धभयो युद्दमा अफ्रासियाब फौजले शंकालदिपको अगाडि केहि गर्न नसकेपछि उनीहरू त्यस क्षेत्रबाट भागी उत्तर दिशाको हिमालय पहाडी जंगलभित्र

पसी आफ्नो ज्यान जोगाए । विस्तार विस्तार त्यो जंगल फाडी एउटा गाउँ नै बसाए र त्यस ठाँउको नाम पनि इलाम नै राखे ।

उनीहरूको पौराणिक इतिहास अनुसार  पृथ्वी, पहाड पर्वत, किरा फट्ग्रा आदिको सृष्टि गरेपछि हिमालय पर्वतमालाको अग्लो चुचुरो कञ्चनजङ्गाको टाकुरावाट आफ्नो दुई हातले दुई मुठी हिउँ टिपी दाहिने मुठीको हिउँबाट फन्डोङथिङ्ग (पुरूष) र देब्रे मुठीवाट नजोङन्यू (स्त्री) को सृष्टि गरे यी दुई वीचको सम्वन्ध दाजु वहिनीको थियो । यी दुवैको उमेर बढ्दै गयो भगवानले दुवैलाई छुटा छुटै ठाउँमा राखी दुईवीच हिलमिल नगर्नु यदि गरेमा घोर श्राप दिने आज्ञा भयो ।  भगवानको यस्तो कडा आदेश हुदाँहुदै पनि समय बित्दै जाँदा यी दुवै लुकीछिपी भेट गर्न थाले फलस्वरूप स्त्रीको गर्भ रहन गयो ती सन्तानलाई बचाउन हदैन भन्दै मार्दै गए आठौ सन्तानको रूपमा जन्मिएको वालकलाई पालनपोषण गरियो यो कुरा भगवानले थाँहा पाएपछि उनीहरूलाई संसारमा दुःख भोग गर भनी श्राप दिई पर्वतको फेदिमा बस्ने आज्ञा दिए त्यसैका सन्तानहरू आजका लेप्चाहरू हुन् यी कुराहरू लेप्चा ग्रन्थहरू तसे नामथर, थग्रो नामथर, च्यु नामथर, उलारू नामथर, कर्मा नामथर, आदि ग्रन्थहरूमा उल्लेख छन् ।

लेप्चा नामाकरणको सम्बन्धमा विभिन्न अनुमान लगाएर लेप्चा शव्दको अर्थ लगाउने प्रयास पनि बिभिन्न विद्वानहरूबाट भएकोछ । लेप्चा शव्द आफ्नै भाषाको लाप्चोबाट अपभ्रंश भएर वनेको हो । लेप्चा भाषामा देउराली, वा एकतन्त्र हुने ठाउलाई लाप्चा भनिन्छ । प्राचीन समयमा तिब्वतलाई तिव्वततर्फ नुन लिन जाँदा जंगलको लामो बाटो जङ्गली जनावरहरूको भय, चोरीको डर हिउ थुप्रिंएको बाटो भएर एकै साथ हुल बाधेर जान्थे र पुनः फर्केर आउँदा त्यहीँ लाप्चा वा देउराली क्षेत्रको आसपासमा बसोवास गर्ने मानिसहरूलाई नै पछि लेप्चा भनिन थालिएको हो भन्ने अनुमान (वैध, निमा, तकनिलमु र जिछिरीङ्गको) छ ।

त्यस्तै अर्को भनाई अनुसार लाप्चे भाषामा लेप्चाको अर्थ गुफा हुन्छ । त्यसकारण अग्रेंज उपनिबेशवादीहरूले गुफामा पस्ने जातिको रूपमा दिएको नाम हो । (जेफ्री शान्ति र वैध) लेप्चा जाति को उत्पति सम्वन्धमा जीछिरीङ्ग (१९७१) को भनाई पनि निमा तकनिलमुले प्रस्तुत गर्नु भएको कथा जस्तै छ । यस अनुसार

भगवानले दुई मुठी हिउँवाट सृष्टि गरेको स्त्री र पुरूषको सन्तान नै लेप्चा हुन् । लेप्चाहरूले आफ्नो उत्पति बाँसको उत्पति भएको समयदेखि नै भएको मान्दछन् ।

अर्को एउटा प्रचलित कथाअनुसार एक जना इमेप्पा (लेप्चा) ले लिम्वुकी छोरी विवाह गरेका थिए एक दिन ससुराली जाँदा बेहुलाले कुखुराको भाले कोसेली लिएर गए । उनलाई ससुरालीमा सालासालीले भालेको पखेटा समाई लाप्चे भनी जिस्काउन थाले । लिम्बु भाषामा लाम भनेको पखेटा चे भनेको खानु हुन्छ पखेटा खाने भनेर जिस्काएका हुनाले त्यो लेप्चा बेहुला र लिम्वुकी छोरी वेहुलीको सन्तान नै लेप्चा भए ।

चेम्जोङ्ग (२०२६) को मत अनुसार इशाको सातौं शताब्दीमा पूर्वी नेपालका सारा किराँती राजाहरूले भावरोग नामक राजालाई आफ्नो अधिपति बनाए यिनै राजाले एक प्रकारको लिपी बनाई आफ्नो सारा प्रजामा विद्या प्रचार गरे । त्यो लिपिलाई रोङ्ग भनिन्छ । त्यस समयमा सबै किँरातीहरू रोङ्ग लिपिमै लेखापढी गर्थे पछि लिम्बु जातिहरूको अर्कै राजा भएर अर्कै लिपि आविष्कार गरे त्यसपछि पूर्वी नेपालतिर बसाई जानेहरूले यो लिपी उनिहरूसँगै लगे पछि लेप्चाहरूले हाम्रो मात्र लिपी हो भनी दावी गरे उनिहरूले नै यो लिपी अपनाइरहे र आफूलाई रोङ्गवंशी हौं भन्न थाले ।

यस जातिको नामाकरण सम्वन्धमा लाप्चोवाटै अपभ्रंश भएर लाप्चा लाप्चे लेप्चा भएको हो । त्यस आधारमा प्राचिन समयमा तिव्वततिर व्यपारको क्रममा सबै भेला हुने लाप्चे (देउराली) आसपासका बासिन्दा नै लेप्चा हो । यी लेप्चाहरू बसोबास गरेको प्राचिन लाप्चो हालको कुन ठाँउ हो त ? यस सम्बन्धमा नेपालको हालको कर्णाली अञ्चलको लाप्चे भञ्ज्याङ्ग मार्ग पनि प्राचीन समयमा तिब्वत व्यपारको मार्ग थियो । त्यहीँका बासिन्दा नै लाप्चा हुन् भन्ने भनाई शर्मा (२०५०) को छ । तर हाल सो लाप्चे भञ्ज्याङ्गमा यस जातिको कुनै अस्तित्व पाउन सकिदैन ।

लेप्चा जातिको उत्पति सम्बन्धी सवै विद्वानहरूको एकै मत पाईदैन त्यस जातिको उत्पति सम्वन्धी मानब शास्त्रीहरूबाट सामान्यत स्वीकार्य सिद्वान्त आजसम्म पत्ता लगाउन सकेको छैन् यस जातिको प्रचलित लोकक्ति (लोककथा) आदिको आधारमा लेप्चा जाति को उत्पति थलो कञ्चनजङघा पर्वतलाई नै मानिएको छ । क्षेत्रगत अध्ययनको क्रममा सवै उत्तरदाताहरू एवं जानकार व्यक्तिहरूले लेप्चा

जातिको उदय कञ्चनजङघा पर्वतबाटै भएको मानिन्छ भनी वताउनुभयो । त्यसै हुनाले आजसम्म लेप्चाहरूले आफ्नो उदगन थलोको रूपमा कञ्चनजङघा पर्वतको पूजा आराधना गर्ने गर्दछन् ।

यसवाट के निष्कर्ष निकाल्न सकिन्छ भने प्राचीन समयमा यस जातिको बसोवास कञ्चनजंघा पर्वतको फेदिमा थियो त्यहीवाट क्रमश तलतल भुमितिर सर्दैगए र यसै क्रममा हालको सिक्किम, दार्जिलिङ्ग, इलाम आदि ठाउँहरूमा लेप्चा जाति बसोवास गर्ने थालेको हो । इलाममा लेप्चाहरू सिक्किमवाट बसाई सरेर आएका होइनन् कञ्चनजङघा पर्वतको फेदिवाट क्रमश तल तलका बस्तीयोग्य पहाडी भू-भाग सिक्किम, इलाम, दार्जिलिङ्ग यी सवै क्षेत्रका भुभागहरू लगभग एउटै भु-बनावटका छन् त्यसैले सिक्किममा जुन समयमा लेप्चाहरू बसोवास गर्न थाले त्यहीँ समयदेखि नै इलाममा पनि बस्न थालेका हुन् । तर कञ्चनजंङ्गाको फेदीमा कहाँबाट कसरी आएर बसोबास गर्न थाले भन्ने सम्वन्धमा कुनै तथ्यपूर्ण जानकारी पाईदैन् । प्राचिन समयको लाप्चोभञ्जाङ्ग हाल लेप्चा जातिको बसोबास भएका क्षेत्रहरू जुन हाल भञ्जाङ्ग मान्न सक्न्छि तिनै क्षेत्रहरू प्राचिन समयको लाप्चोभञ्जाङ्ग हुन् ।

### ४.४.१ घरको वनोट

कुनै पनि मानिसहरूको रहनसहन र घरको वनोट त्यस ठाउँको हावापानी, उपलव्ध साधन स्रोत र व्यक्तिको आर्थिक अवस्थाले ठूलो प्रभाव पारेको हुन्छ । त्यसैले यस श्रीअन्तु गा.वि.सको लेप्चा वस्तीहरूमा पनि यहि कुराले प्रभाव पारेको छ । यी जातिको घर परिवार अन्य जात जाति हरूसँग मिलीजुली मिसिएर वसेका पाईन्छ । स्थलगत सर्वेक्षण अनुसार लेप्चा समुदायको घरको किसिम परम्परागत जातिय शैलीमा वनेको कतै पाईदैन प्रत्येक लेप्चाहरू घर आधुनिक किसिमले व्यवस्थित टिनको छानो साथै प्राय जसोले सिमेन्ट प्रल्स्टर गरेको छन् । नगदेवालीको राम्रो उत्पादनले गर्दा उनीहरू पनि विस्तार विस्तार अन्य जाति को सिको गर्दै गएको देखिन्छ । प्रत्येक घरहरु दुईतले छन् । भने कतिपयको घर तल्लो तलामुनि गाईवस्तु राखी माथि आफ्नो परिवार वसोवासको लागि वनाएको हुन्छ ।

विभिन्न अवश्यकता अनुसार घरको कोठा पनि विभिन्न प्रयोजनका निम्ति बनाईएको हुन्छ । हाल आएर भान्सा घर पनि अलग्गै बनाउने प्रचलन बढ्दो देखिन्छ ।

### ४.४.२ खानेपानी

खानेपानीले पनि समाजमा कत्तिको विकास भएको छ भन्ने कुरा देखाउछ यहाँका लेप्चा महिलाहरु खानेपानीका लागि समय खर्चनु पर्ने अवस्था छैन एक पहाडी भुभाग साथै बनजंगलले गर्दा खानेपानीको स्रोत (मुहान)वाट पाइप जडान गरि प्रत्येक घरमा खानेपानीको धारा प्रयोग गरेको देखिन्छ । यसवाट लेप्चा महिलाहरुलाई सर सफाइ लुगाफाटा धुन घरायसी काम गर्न सजिलो भएको देखिन्छ ।

**तालिका नं २**

**खानेपानी स्रोतका आधारमा उत्तरदाताको विवरण**

| मुहानको किसिम | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| नीजि धारा | २८ | ७७.७८ |
| सार्वजानिक धारा | ८ | २२.२२ |
| जम्मा | ३६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार २ किसिमको पानीको मुहान प्रयोग गरको पाइन्छ निजी मुहान प्रयोग गर्ने सङख्या ७७.७८ प्रतिशत सार्वजानिक धारा प्रयोग गर्ने २२.२२ प्रतिशत र खुल्ला मुहान प्रयोग शून्य प्रतिशत देखिन्छ । भने अहिले निजीधारा प्रयोग गर्नेको संख्या बढी देखिएको पाइन्छ । यसले के देखाउँद्छ भने पहिले जस्तो यस क्षेत्रका महिलाहरू खानेपानीका लागि रित्ता गाग्री लिएर खोला, खोल्सा र कुवासम्म पुगेर पानी ल्याउनु पर्ने बाध्यता छैन । यसैले गर्दा समयको वचत भई घरायसी काम गर्न समेत सजिलो भएको छ । साथै यस भेगका महिलाहरूलाई श्रीमान तथा पूरूष मान्छेहरूले समेत पानी ल्याउन सहयोग गर्ने गरेको देखिन्छ ।

# अध्याय - पाँच

## सामाजिक अवस्था

मानिस एक सामाजिक प्राणी हो । समाजले कायम गरेको मुल्य र मान्यता बमोजिम आफ्नो जातिय मुल्य मान्यता तथा परम्परा अनुसारको मानव केन्द्रित कियाकलापलाई संस्कार भनिन्छ । संस्कार र जिवन पद्वतिको सामुहिक पहिचन नै संस्कृति हो । विभिन्न जात जातिका आ-आाफ्नै संस्कारहरू हुन्छन् । यी संस्कारहरूमा जातिय धर्म र संस्कृतिको प्रभाव परेको हुन्छ । यसरी एक जातिको समुदायको अर्को जातिको सामुदायसँग फरक रहेको संस्कार नै त्यस जाति समुदायको सास्कृतिक पहिचान विशिष्टता हो ।

लोपउन्मुख समाजमा पुरूष भन्दा पनि महिलाहरू वढी मात्रामा गरीवीमा परेका हुन्छन् । उनीहरूको सम्पति आर्जन तथा भोगचलन गर्ने अधिकार स्वाभाविक रुपमा कम देखिन्छ । अनेकौ मुल्य मान्यताले गर्दा उनीहरूको अवस्था दयनिय भई संकोचित भएर बस्नु पर्ने वाध्यता हुन्छ ।

श्रीअन्तु गा.वि.स.मा विभिन्न किसिमका जात जातिहरू जस्तै लेप्चा, राई, मगर, बाहुन, क्षेत्री, कामी, दमाई, सार्की आदि वसोबास गर्छन । यी सवै जात जातिहरूको आ-आफ्नो परम्परागत चालचलन र सामाजिक संस्कारहरूको पालना गर्दे आएका छन् । त्यसै अनुरूप लेप्चा महिलाहरूको बैवाहिक स्थिती उमेर भाषा शिक्षा भूमिका परिवार नियोजन अन्य नातिको सम्वन्ध मनोरञ्जन, खानपान, भेषभुषा, चाडपर्व, संस्कार, आर्थिक पक्ष, स्वास्थ्य सरसफाई जस्ता उपशिर्षक राखि व्याख्या गरिएको छ । अल्प संख्यामा रहेका जाति बहुसंख्यामा रहेका जाति भन्दा हरेक क्षेत्रमा पछि परेका छन् त्यस भित्र पनि लेप्चा महिलाहरु पुरुषको तुलनमा हरेक क्षेत्रमा पछि परेका छन् । यस अध्ययनमा उत्तरदाताको उमेर सामाजिक स्थितीवारे अध्ययन गरिएको छ । जसमा उत्तरदाताहरूको उमेर समुह, पारिवारिक संरचना, प्रजनन विवरण, शैक्षिक स्थिती, धर्म, श्रीमानले गर्ने सहयोग, राजनीतिक आदिको वर्णन गरेको छ ।

## ५.१ उमेर

कुनै पनि समुदायको सामाजिक तथा आर्थिक पक्षको अध्ययनमा त्यस समुदायको उमेरले जनसंख्याको संरचनाले स्रकिय तथा निस्कृय स्वरूप प्रष्ट पार्दछ । उमेरले कामका अवधी, प्रकार, निणर्य गर्ने प्रकियाहरूमा संलग्नता गराउर्दछ । महिलाहरूको सामाजिक आर्थिक बिकासको लागि उमेरले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । तसर्थ उमेर यस्तो महत्वपूर्ण निर्धारक तत्व हो । यस अध्ययन श्रीअन्तु गा.वि.सका लेप्चा महिलाहरूको उमेर १५ देखि माथि लिइएको छ । यस अध्ययनमा १५ देखि मुनिका उमेर भएका महिलाहरूलाई प्रतिनिधित्व गरेको छैन किन भने १४ बर्षदेखि मुनिका बाल समुहालाई निष्कृय मानिन्छ । यसलाई तालिकामा निम्न तरिकाले प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३**

**उमेर अनुसार उत्तरदाताको विवरण**

| क.सं | उमेर समुह | सङख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १५-२५ | १० | २७.७८ |
| २ | २६-३५ | ९ | २५.०० |
| ३ | ३६-४५ | १२ | ३३.३३ |
| ४ | ४६ देखि माथि | ५ | १३.८९ |
| जम्मा | | ३६ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिका तालिका अनुसार जम्मा ३६ जना लेप्चा महिलालाई लिएको छु । सवैभन्दा बढी ३६ देखि ४५ उमेर समुहको महिला देखिन्छन् । त्यसपछि ३६ देखि ४५ उमेर समुहको महिला ३३ ३३ प्रतिशत देखिन्छ । २६ देखि ३५ उमेर सम्मको २५ प्रतिशत देखिन्छ । त्यसैगरि १५ देखि २५ वर्ष उमेरसम्मको २७.७८ प्रतिशत देखिन्छ । भने सवैभन्दा कम ४६ देखि मथि उमेर महिलाहरूको १३.८९ प्रतिशत देखिन्छ । यसवाट के निष्कर्षमा पुग्न सकिन्छ भने लेप्चा महिलाहरूमा निष्क्रिय

महिलाहरू कम छन्  किन कि ४६ भन्दा माथिको उमेर समुह अरूको दाजोमा कम छ । अर्थात ४६ देखि माथिको उमेरका मानिस भनेको उर्जाशिल जनशक्ति होइन, तसर्थ महिालहरूको सामाजिक, आर्थिक विकासको लागि उमेरले पनि महत्वपूर्ण भुमिका खेलेको हुन्छ ।

## ५.२ पारिवारिक संरचना

नेपाल एउटा गाउँ गाउँले भरिएको देश हो । अधिकांश मानिसहरू ग्रामीण क्षेत्रमा बसोवास गर्दछन्  । यहाँको पारिवारिक संरचना एकल र संयुक्त भएको पाईन्छ ।

पारिवारिक संरचनाले पनि महिलाको कामको अवस्था उसको भूमिका र एउटी महिलाले घरमा गर्ने काम र घर वाहिर गएर गर्ने काममा के कति समय विताउँछ भन्ने कुरा निधारर्ण गर्दछ ।

महिला होस वा पुरूष दुवैले संयुक्त परिवार भन्दा एकल परिवार मा बढि समय काम गर्दछन् । संयुक्त परिवारमा महिलाहरू घरायसी काममा बढी व्यस्त रहन्छन् भने एकल परिवारका महिलाहरू चुलो चौकामा मात्र सिमित नरहि बाह्य काम पनि गर्दछन् । अधिकांश लेप्चा महिलाहरू एकल परिवारमा बसेको पाईन्छ ।

**तालिका नं. ४**

**परिवारका प्रकारको आधारमा छनौट परिवारको विवरण**

| सि.नं. | पारिवारिक संरचना | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल | ३० | ८३.३३ |
| २ | संयुक्त | ६ | १६.६७ |
|  | जम्मा | ३६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार लेप्चा महिलाको पारिवारिक संरचना हेर्दा एकल परिवार नै बढी मात्रामा पाईयो जसमा ८३.३३ प्रतिशत छ, भने संयक्त परिवार १६.६७

प्रतिशत मात्र छ । किन भने संयुक्त परिवारमा भन्दा एकल परिवारमा कामकाज गर्न सजिलो हुन्छ भन्ने धारणा रहेको देखिन्छ । विवाह गरेपछि केहिँ महिना तथा १/२ वर्षमानै अलग्गै घर बनाएर बस्ने गरेको पाईछ । ठूलो तथा संयुक्त परिवारमा बस्दा मन मुटाव भई झै-झगडा हुने संभावना वढी रहन्छ भन्ने मान्यता पाईछ भने संयुक्त परिवारमा पनि राम्रो हो भन्ने पनि पाईयो । यस्तो परिवारमा वालवच्चाको हेरचाह गर्न सजिलो साथै काम बाँडफाँड गरि सजिलो हिसाबले सस्कार सिक्ने अवसर छिटो हुन्छ भन्ने कुरा बताएका छन् । त्यसतै गरी एकल परिवारमा निर्णय गर्न सजिलो कामको बोझ कम र तथा आर्थिक जिम्मेवारी तुलनात्मक रुपमा कम भएको पाईन्छ ।

## ५.३ प्रजनन विवरण

प्रजनन भन्नाले मानव दाम्पतिको सन्तान उत्पादन प्रकियालाई जनाउँदछ । राष्ट्रिय जनगणना २०५८ मा महिला प्रजन्नदर २.२५ रहेको र राष्ट्रिय जनगणना २०६८ मा महिला प्रजन्नदर १.३५ रहेको तथ्याङ्क लाई हेर्दा महिला प्रजन्नदर कमश घटेको देखिन्छ । ग्रामीण भेगमा प्रजनन दर उच्च साथै मातृ मृत्युदर पनि उच्च छ । यसो हुनुमा नेपाली महिलाहरू अशिक्षीत गरीवी साथै चाडैं विवाह हुने कारणलाई प्रमुख मान्न सकिन्छ । लेप्चा समुदायमा पनि प्रजनन दर उच्च छ । जसले गर्दा लेप्चा महिला र बच्चा दुवैलाई स्वास्थमा प्रतिकुल असर पर्न गएको पाईन्छ ।

**तालिका नं. ५**

**प्रजननदरको आधारमा उत्तरदाताको विवरण**

| सिं.नं. | प्रजनन् संरचना | महिलाहरूको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १-२ | १७ | ४७.२२ |
| २ | ३-५ | १५ | ४१.६७ |
| ३ | ६-८ | ४ | ११.११ |
| जम्मा | | ३६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण,२०७३ ।

माथिको तालिकावाट के थाहा पाईन्छ भने कुल विवाहित उत्तरदाताहरू मध्ये ३ देखि ५ जना सम्म बच्चा जन्माउने घरपरिवारका महिलाहरू ४१.६७ प्रतिशत छन् । भने १ देखि २ जना सम्म  ४७.२२ प्रतिशत छन् । ६ देखि ८ जना सम्म वच्चा जन्माउने महिलाहरू ११.११ प्रतिशत छन् । उनीहरूको पनि वंश संञ्चालन गर्न पितृसतात्मक धारणाले जरो गाडेको कारणले प्रजनन दर उच्च रहेको देखिन्छ । भने धेरै छोरा छोरी हुँदा काम काजमा सघाउने धारणा राख्दछन् । जसवाट यीनीहरूको सन्तान उत्पादन १ देखि ८ वटा सम्म भएको वताउँछन्  तर अहिले यिनीहरूमा प्रजनन स्वास्थ सम्वधि चेतना बढ्दै गएको देखिन्छ ।  हाल आएर अत्याधिक सन्तान जन्माउन केहि कम भएको साथै परिवार नियोजन सम्वन्धी  साधनको प्रयोग गर्ने प्रचलन दिन प्रतिदिन वढ्दै गएको पाइन्छ ।

## ५.४ शैक्षिक स्थिति

शिक्षाको विकास भएमा मात्र समग्र देशको विकास हुन्छ । नेपालमा विविधता भौगोलिक बनौटको कठिनाई, राज्य स्तरवाट स्पष्ट योजनाको कार्यान्वयन अभाव गरीव जनता जस्ता कारणवाट नेपालमा शैक्षिक स्थितीमा प्रगति गर्न सकिरहेको छैन । अझ त्यसमा पनि ग्रामीण भेगमा शिक्षाको स्तर उत्पन्न न्युन छ । पुरूष भन्दा महिलाको स्थिती कमजोर छ त्यसमा पनि आदिवासी जनजाति दलित महिलाहरूको स्तर तल्लो छ । नारी र पुरूषको बरावरी हक स्थापित गर्न शिक्षाको स्तर माथि उठाउँनु पर्ने हुन्छ । हरेक क्षेत्रमा पुरूष सरह आफ्नो उपस्थिती जनाउँन असफल महिलाहरू निर्णायक स्थानमा पुग्न सकेको छैनन । शिक्षाको कमीले गर्दा नै नेपाली महिलाहरूमा आत्मविस्वासको भावना कमि भएको देखिन्छ ।

लेप्चा जातिको महिलाहरूले शैक्षिक पक्षलाई कम महत्व दिएको पाइन्छ । छोरा छोरी स्कुल पठाउँदा भेदभाव नगर्ने बताएता पनि शिक्षा आजको आवश्यकता र अनिवार्य रूपमा ग्रहण गर्न पठाउँन पर्छ भन्ने धारणाको त्यति राम्रो गरि विकाश भएको पाईदैन । प्राथमिक तहसम्म सवैले विद्यालय पठाएको देखिन्छ तर क्रमश तह बढ्दै गएपछि शिक्षा लिने क्रम क्रमश घट्दै गएको देखिन्छ ।

**तालिका नं.६**

**शैक्षिक स्थितिको आधारमा उत्तरदाताको विवरण**

| सिं.नं. | शैक्षिक स्थिति | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | ५ | १३.८९ |
| २ | साधरण लेखपढ गर्न सक्ने साक्षर | १२ | ३३.३३ |
| ३ | प्राथमिक | ६ | १६.६७ |
| ४ | माध्यमिक | ९ | २५ |
| ५ | एस.एल.सी भन्दा माथि | ४ | ११.११ |
| जम्मा | | ३६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार उत्तरदाताको शेक्षिक स्थिति बमोजिम पाउँन सकिन्छ । निरक्षर १३.८९ प्रतिशत र साक्षर ३३.३३ प्रतिशत रहेको छ । प्राथमिक शिक्षा पढकाहरुको संख्या १६.६७ प्रतिशत र माध्यमिक शिक्षा पढेको २५ प्रतिशत पाइन्छ , भने एस.एल.सी भन्दा मथि शिक्षा लिनेहरु ११.११ प्रतिशत देखिएको छ ।

यसवाट के थाहा पाउँन सकिन्छ भने साधरण लेखपढ गर्ने संख्या बढि पाइन्छ । त्यसपछि माध्यमिक शिक्षा दोस्रो स्थानमा देखिएको छ तेस्रो स्थानमा प्राथमिक शिक्षालाई लिने निरक्षर (साधारण लेखपढ गर्न नसकने) सख्या देखिन्छ भने एस.एल.सी भन्दा माथि पढ्ने को संख्या सवैभन्दा कम ११.११ प्रतिशत देखिन्छ , तर हाल लेप्चाहरूमा शिक्षा प्रतिको मानसिकता परिवर्तन हुदै आएको छ । त्यसवाट समग्र लेप्चाहरूको शैक्षिक अवस्था सुधार हुदै जाने संभावना देखिन्छ ।

## ५.५ अन्य जातिसंगको सम्वन्ध

समाज विकासको कमसँगै समाजमा विभिन्न जात जातिहरू एक आपसमा मिल्दै बसोवास गर्दे आएको सन्दर्भमा यस अध्ययन क्षेत्रमा पनि विभिन्न जातजाति बसोवास गर्दछन् । यसरी समुदायमा बसेपछि एक आपसमा अनेकौ

प्रभावका सम्वन्ध स्थापित हुन्छ, जसले गर्दा उसको मुख्य परम्परा संस्कृतिमा पनि प्रभाव पारेको हुन्छ । यहाँका लेप्चाहरूको घरहरू पनि एकै स्थानमा झुरूप नभएर अन्य जातिसँग मिश्रित भएको पाइन्छ यसरी वसोवास गर्दा दैनिक जिवना पर्ने भर अभरको व्यस्थापन आपसी सहयोग गर्ने बानिको विकास हुदै गई समाजमा सवैसँग मिलीजुली आफ्नो पेशा कृषि, व्यापार व्यवसाय सञ्चालन गरेको पाईन्छ । जसले समुदाका अन्य जातजाति संगको सम्वन्ध आत्यत सुमधुर रहेको पाईन्छ ।

## ५.६ सामाजिक संघ संस्थामा संलग्नता

अध्ययन क्षेत्रमा लेप्चा समुदायका महिलाहरूका विषय लिएर हालसम्म एक्सन एड (आई.एन जी.ओ) सँग समन्वय गरि सृजना समाज इलामले लेप्चा महिलाहरूलाई सामुहिक रूपमा बचत गर्न विभिन्न बचत समुह निमार्ण गरी प्रत्येक महिना बचत समुहको बैठक राखी वचत कोष परीचालन गरी त्यसवाट आफनो दैनिक जिवनमा सहयोग पुर्याउने कार्य गर्ने प्रेरित गर्नुको साथै महिला अधिकार सम्वन्धी जनचेतना जगाई उनीहरूको शसक्तीकरण गर्न प्रयासरत छ । यस बाहेक यस क्षेत्रमा त्यस्तो ठोस कार्ययोजना लिएर कुनै पनि बिदेशी तथा स्वदेशी संघ संस्थाहरू कार्यरत छैनन् । यस क्षेत्रमा आफ्नै जातिय संगठनको गाउँ इकाइ कमिटि गठन गरेता पनि त्यसले यीनीहरूको सम्वन्धी कुनै उल्लेख्नीय कार्य गर्न सकेको छैन ।

यस बाट यो स्पष्ट हुन्छ कि लेप्चा महिलाहरूको चेतनाको स्तर समयको गति सँगै वृद्दि हुदै गए पनि यो पर्याप्त छैन उनीहरूलाई पनि राज्यको हरेक अंगमा सवल र सक्षम बनाउन धेरै कार्यहरू गर्न पर्ने देखिन्छ ।

## ५.७ राजनीतिक

राजनितिक चेतना आजको आवश्यकता हो । परिवार र समुदाय अन्तरसम्बन्धीत हुन्छन् जहाँ महिलाहरु पारिवारिक योजना निर्वाचन प्रणाली, निर्णय प्रक्रिया सक्रिय रहेको पाइन्छ जसलाई राजनीतिक चेतनाको रुपमा लिइएको छ । एउटा सवल र सक्षम राष्ट्र बन्न हरेक नागरिकमा राजनितिक चेतना हुन जरूरी छ ।

यो मौलिक अधिकार पनि हो । सवै समुदायमा समानरूपले चेतनाको विकास भएको छैन । त्यस्तै लेप्चा महिलाहरूमा पनि राजनैतिक चेतना कम भएको पाईछ । उनीहरूलाई राजनितिप्रति त्यति चासो छैन यस गा.वि.स वाट कुनै एक जना लेप्चा महिलाहरू कुनै एक वडाको गा.वि.स प्रतिनिधी बन्न सकेको छैनन राजनिति भनेको भोट माग्ने र दिने मात्र सम्झन्छन् आफ्ना हकहित र अधिकारको विषयमा सङ्गठित हुने क्षमता यिनीहरूमा ज्यादै न्यून छ । त्यस मध्ये पनि अत्तरजातिय विवाह गरि लेप्चा बनिएका लेप्चा महिलाहरू केहि मात्रमा सचेत भएको पाईन्छ ।

**तालिका नं.७**

**राजनितिक चेतनाका आधारमा उत्तरदाताको विवरण**

| सि.नं | राजनितिक चेतना | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राजनितिक चेतना भएका महिलाहरु | ११ | ३०.५५ |
| २ | राजनितिक चेतना नभएका महिलाहरु | २५ | ६९.४४ |
| | जम्मा | ३६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण,२०७३ ।

माथिको तालिकाबाट स्पष्ट हुन्छ कि लेप्चा महिलाहरूमा राजनितिक चेतना ज्यादै कम छ राजनितिक चेतना भएका लेप्चा महिलाहरू जम्मा ३३.५५ प्रतिशत मात्र छ । उनहिरूको विचारमा राजनिति भनेको ठुला वडा टाठावाठाले गर्ने हो हामी गाउँका वस्नेले के गर्ने ।

लेप्चा जाति ज्यादै सोझो र लजालु भएको कारणबाट यस जातिका महिलाहरू पनि खुलेर बोल्न नसकेको पनि  पाइन्छ ।

## ५.८ जीवनसाथी छान्न पाउने महिलाहरूको अधिकार

नारी पुरूष एक सिक्काका दुईपाटा हुन् । परिवारको पहिलो खुड्किलो नै महिला र पुरूषको मिलन हो । यस्तो मिलन विन्दु नै विवाह हो । भने यसको लागि सहि समय पखर्नु पर्दछ । यसको लागि हामी सबै आ-आफ्नो सामाजिक मुल्य

मान्यताबाट प्रभावित भएका हुन्छौं भने जीवन साथी रोज्न पाउनु कानुनले पनि मान्यता दिएको छ । तर हामी जस्तो ग्रामीण अनि गरीब समुदायमा कत्तिको त्यसको प्रयोग भएको छ त साथै हाम्रो जस्तो पितृसतात्मक पारिवारिक संरचानामा महिलाले यस्तो अधिकार उपयोग गर्न पाउन साँच्चै एउटा अपत्यारिलो हुन्छ । त्यसै सन्दर्भमा यस अध्ययन क्षेत्रमा लेप्चा महिलाहरू सम्वन्धमा भने अलि फरक देखिन्छ । उनीहरू पनि पितृसतात्मक परिवारमा विश्वास राख्दछन् । परिवारको हरेक निर्णयमा वा छोराहरूको भूमिका धेरै बलियो हुन्छ, तर पनि जीवन साथी रोज्न, छान्न पाउने सवालमा भने महिलाहरूप्रति धेरै उदार पाइन्छ ।

**तालिका नं ८**

**जीवनसाथी रोज्ने हक अनुसार उत्तरदाताको विवरण**

| जीवन साथी रोज्ने हक | | | |
|---|---|---|---|
| सि.न. | जीवन साथी रोज्ने हक | संख्या | प्रतिशत |
| १ | आमा बुबावाट | ६ | १६.६६ |
| २ | आफै | ३० | ८३.३३ |
| | जम्मा | ३६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिल्लो तालिकावाट के स्पष्ट हुन्छ भने लेप्चा समुदायमा महिलाहरूलाई जीवनसाथी रोज्ने सवाल निकै उदार देखिन्छ । यहाँ ८३.३३ प्रतिशत लेप्चा महिलाहरू आफुले आफनो जीवन साथी रोज्ने मौका पाएको बताउछन् । यो क्षेत्र भारतको दार्जिलङ्गसँग जोडिएको गा.वि.स. हो त्यसको प्रत्यक्ष प्रभाव हरेक क्षेत्रमा परेको देखिन्छ तसर्थ जीवन साथी रोज्ने क्रममा प्रायजसो प्रेम गरी आफै केटा रोजी केटी पोइला जाने गरेको पाइयो भने शिक्षा चेतना र सामाजिक रहनसहनको कारण अन्तरजातिय विवाह पनि बढ्दै गएको पाइन्छ ।

## ५.९ परिवार नियोजनको साधन

सानो परिवार सुखी परिवार भने पनि हाम्रो जस्तो गरीवी पिछडिएको देशले परिवार नियोजन सम्बन्धमा सोचेजति प्रगती नआउनु कुनै अश्भाविक होइन । वशं हस्तान्तरण, छोरो प्रतिको आस्थाले गर्दा भविष्यमा काम गर्न सजिलो होस् भन्ने भावना पुरानो सामाजिक मुल्य मान्यताले ग्रसित समाजमा राज्यको तर्फबाट प्रभाबकारी योजनाहरूको कार्यन्वयन नहुँदा लेप्चा समुदायका महिलाहरू पनि कतिपय अवस्थामा यस्तो सेवा लिनबाट बञ्चित छन् । सोझो र लजालु स्वभावका कारणबाट आफ्ना भावना इच्छा कतै पोख्न नसक्नु खुलेर आफ्नो समस्या भन्न नसक्नु पनि यस जातिका लागि समस्या बनेको देखिन्छ । तर बिस्तारै कछुवाको गतिमा भए पनि यसको प्रभाव यो समुदायमा पनि बढ्दैछ । रेडियो टेलिभिजन, पत्रपत्रिका, शैक्षिक जागरणले अन्य जातिसँगको घुलमिल गर्दा पनि परिवार नियोजनको साधन प्रयोग गर्न थालेको देखिन्छ ।

**तालिका नं. ९**

**परिवार नियोजनको साधन प्रयोग गरे अनुसार उत्तरदाताको विवरण**

| क्र.श. | परिवार नियोजनको साधन प्रयोग गर्ने | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | परिवार नियोजनको स्थायी साधन प्रयोग गर्ने | १२ | ३३.३३ |
| २ | परिवार नियोजनको  अस्थायी साधन प्रयोग गर्ने | ९ | २५ |
| ३ | परिवार नियोजनको साधन प्रयोग नगर्ने | १५ | ४१.६७ |
|  | जम्मा | ३६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण,२०७३ ।

माथिको तालिकाबाट यो स्पष्ट हुन्छ कि लेप्चा समुदायमा महिलाहरूले परिवार नियोजन सम्बन्धी जनचेतनाको अभाव छ । अझै पनि ४१.६७ प्रतिशत महिलाहरूले परिवार नियोजन सम्बन्धी कुनै साधन प्रयोग गरेका छैनन् यिनीहरुले प्राकृतिक विधिको साथै परिवार नियोजन सम्वधी जाकारीको अभावमा परिवार नियोजनको साधन प्रयोग नगरेको पाईन्छ । भने स्थाई साधन प्रयोग गर्ने ३३.३३%

छन् , भने अस्थाई साधन प्रयोग गर्ने २५ प्रतिशत छन् । उनीहरूले बताए अनुसार २०५० सालमा गाउँमा स्वास्थ्य चौकी स्थापना भएपछि सरकारले ल्याएको योजनाहरू जस्तै पोलीयो थोपा दादुरा वि.सी.जी. भिटामिन ए कार्यक्रमहरू साथै अन्य स्वास्थ्य सेवाबारे जानकारी पाएको यस्तो जानकारी पाउन स्वास्थ्य स्वयंसेविकाको महत्वपूर्ण भूमिका रहेको बताउँछन् ।

## ५.१० श्रीमानले  गर्ने सहयोग

मानव जातिको उत्पतिदेखिनै श्रम विभाजन भएको होइन । जव श्रम विभाजनको युग शुरू भयो पुरूषवर्ग आहारको बन्दोबस्ती गर्न टाढा टाढा जाने, महिलाहरू भने खाना बनाउने काम गर्न थालिन् यस्तो कामको शुरूवात आगोको अविष्कारसँगै शुरू भएको पाइन्छ । यो काम आज पनि चलिरहेको छ । अर्थात पुरूषहरू घरबाहिरको कडा परिश्रम गर्नु पर्ने तथा महिलाहरू भने घरायसी काम खाना पकाउने लुगा धुने सरसफाइ आदि इत्यादि गर्दछन् भने पुरूषले कडा काम अतिरिक्त सम्पतिको लेनदेन जागिर खाने हरहिसाव राख्ने आदि काम गर्दछन् ।

लेप्चा महिलाहरू पनि पिछाडिएको वर्गमा पर्ने भएकाले उनीहरूले कृषि मजदुरहरूको कामभन्दा बाहिरको अन्य काम गर्दैनन पुरूषहरूले महिलाहरूलाई घरको कामकाजमा सघाउदैनन् भन्ने उनीहरूको भनाई छ, तर घरको काम नगरेता पनि आर्थिक भारमा भने ठूलो रहेको बताउँछन् ।

**तालिका नं. १०**

**श्रीमानले गर्ने सहयोगको आधारमा उत्तरदाताको विवरण**

| स.नं. | कस्तो सहयोग (रुपैया पैसा र आयआर्जन) | संख्या |
|---|---|---|
| १ | अर्थिक सहयोग (रुपैया पैसा र आयआर्जन, पेवा) | २३ |
| २ | खाना वनाउने | ५ |
| ३ | लुगा धुने | ३ |
| ४ | वच्चाको हेरविचार | ५ |

| | | |
|---|---|---|
| | जम्मा | ३६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

यस तालिकावाट श्रीमानवाट पाउने सहयोगमा विविध प्रकारको उत्तर आएको छ सवैभन्दा वढी अर्थात् ३६ जनामा २३ जनाले आर्थिक सहयोग पाउने बताएका छन् । खाना बनाउने ५, लुगा धुने काममा सहयोग पाउनेमा ३ जनाले वताएका छन् । त्यस्तै गरि वच्चा हेरविार गर्ने काममा सहयोग पाउने ५ जनाले बताएका छन् । यसरी हेर्दा अधिकांश लेप्चा महिलाहरू घरभित्र मात्रै सिमित भएको देखिन्छ ।

## ५.११ श्रीमानले गर्ने व्यवहार

एउटा राम्रो परिवार स्थापित हुन श्रीमान श्रीमती बीच अत्यन्त समझदारी हुन अवश्यक हुन्छ साथै एक अर्काको भावना वुझ्न सक्नु पर्दछ । नेपाल जस्तो पिछडिएको ग्रामीण वस्तीहरूमा श्रीमानको हरेक पक्षमा जवरजस्ती हुन्छ वहुविवाह गर्ने, कुटपिट गर्ने, मन नपरे घरवाट निकालिदिने, आदि कुराहरूवाट महिलाहरू अत्यन्त पिडादायी जीवन बिताउन विवस छन् । श्रीअन्तु गा.वि.स.का लेप्चा महिलाहरू पनि यस्ता व्यवहारवाट अछुतो छैनन् । यसरी हेर्दा उनीहरुका हरेक पक्षमा श्रीमानले आफ्नो वहसमा राखेको पाइन्छ ।

**तालिका नं.११**

**श्रीमानले गर्ने व्यवहार अनुसार उत्तरदाताको विवरण**

| सि.नं. | श्रीमानले गर्ने व्यवहार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिलाहरूलाई राम्रो व्यवहार गर्ने | २९ | ८०.५६ |
| २ | घरमा आएर कुटपिट गर्ने | ३ | ८.३३ |
| ३ | श्रीमान नहुनेहरु | ४ | ११.११ |
| | जम्मा | ३६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिका तालिकोबाट के स्पष्ट हुन्छ भने, श्रीमानको व्यवहार महिलाहरूलाई कुटपिट नगर्ने नै बढि देखिन्छ । जस अर्न्तगत ८०.५६ प्रतिशत छ । त्यस्तै मादक पदार्थ खाएर आएर कुटपिट गर्ने ८.३३% छन् । कहिले काहिँ मादक पदार्थ सेवन गरेर घरमा झगडा गर्ने र कुटपिट गरीहाले पनि साधारण रूपमा लिन्छन् । केहि समयमा मिली हाल्दछन् , घरबाट निकालिदिने भन्नाले दिनहुँ घरमा लोग्ने स्वास्नीबीच झगडा भईरहने, सौता हाल्ने आँखा लगाउने, शंकालु प्रबृति अथार्त कुनै पनि काम सल्लाह बमोजिम नहुने जस्ता कुरालाई लिएको छ । साथै ११.११प्रतिशत महिलाहरु श्रीमान नहुनेहरु रहेका छन् ।

## ५.१२ स्वास्थ्य तथा सरसफाई

अधिकांश महिलाहरूको स्वास्थ्य स्थिति पुरूष सरह छैन अझ ग्रामीण क्षेत्रमा महिलाहरू सानैदेखि घरायसी कामकाज गर्नुपर्ने, कामको बोझ, पोषणयुक्त आहारको कमी हुने हुँदा उनीहरू विभिन्न रोगका शिकार बनिरहेका हुन्छन् यस्तै स्थिति श्रीअन्तु गा.वि.स.मा लेप्चा महिलाहरूको स्थिति राम्रो छैन उनिहरू अझै पनि आफू वा परिवारका कुनै सदस्य बिमारी परेमा सर्वप्रथम धामीझाकीलाई नै बोलाउछन् त्यसपछि मात्र मेडिकल वा अस्पतालतिर लान्छन् ।

### ५.१२.१ विमारी जाँच्ने ठाउँ

स्वास्थ्य नै धन हो भने तापनि श्रीअन्तु गा.वि.स.मा लेप्चा महिलाहरू त्यति सचेत भएका छैनन् । आफुले जानेका बुझेका कुराहरूलाई पनि व्यवहारमा लागु नगरेको पाइन्छ । स्वास्थ्य चौकीमा सजिलै पुग्न सकिने भए पनि उनीहरूमा धामी झाक्रीमा पनि विश्वास गरेको पाइन्छ हुनत उनीहरूको आफ्नो परम्परागत मुल्य मानयता तथा अन्धविश्वासले पनि प्रभाव परेको देखिन्छ धामी झाक्रीले ठीक नपारेमा मात्र अस्पताल लाने जस्ता कार्य गरेको पाइन्छ ।

**तालिका नं. १२**

**बिमारी हुँदा जचाउँने ठाउँ अनुसार उत्तरदाताको विवरण**

| क्र. श. | बिरामी हुँदा कहाँ जचाउँने | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | धामीझाँक्री | ३ | ८.३३ |
| २ | हेल्थपोष्ट | ७ | १९.४४ |
| ३ | मेडिकल पसल वा अस्पताल | २६ | ७२.२२ |
| | जम्मा | ३६ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिकाबाट यो स्पष्ट हुन्छ  कि यँहा विविध खालको उत्तर आएको छ । यहाँ ३६ जना उत्तरदाता मध्ये ३ जनाले बिमारी पर्दा हामी झाक्रीमा पहिले लाने अवथा घरमा बोलाएर झारफुक गर्ने गरेको पाइन्छ । यदि त्यसो गर्दा पनि बिमारी निको नभए मात्र मेडिकल पसल वा अस्पतालमा लाने गरेको पाइन्छ । भने ७ जना उत्तरदाताहरूले हेल्थपोष्टमा जाने गरेको पाइन्छ । भने यहाँका अधिकांश महिलाहरू अन्तिम समयमा विरामीलाई ठूला अस्पतालमा लाने गरेको पाइयो यो भनेको पनि चेतनाको स्तर बृद्धि हुँदै जानु हो ।

## ५.१२.२ बच्चा जन्माएको स्थान

श्रीअन्तु गा.वि.स का लेप्चा महिलाहरू प्रायजसो घरमा नै बच्चा जन्माउँछन्  साह्रो गाह्रो भए मात्र अस्पताल लाने गर्दछन् अस्पताल लानुपर्छ भन्ने थहा भए पनि आर्थिक समस्याले अस्पताल नलगेको वताउँछन् । तर हाल आएर गर्भवती समयमा मासिक रूपमा स्वास्थ्य चौकीमा गएर स्वास्थ्य जचाउँने गरेको पाइन्छ । भने वच्चा जन्माउन साह्रै ग्राहो भएमा स्वास्थ्य कार्यकर्ता ल्याउने गरेको वताउछन् ।  आर्थिक स्थिती मजबुत हुने परिवारमा महिलाहरू भने बच्चा जन्माउन भातरको मिरिक, दार्जिलिङ्का अस्पतालहरुमा समेत बसेको बताउछन्  ।

**तलिका नं. १३**

**बच्चा जन्माएको स्थानका आधारमा उत्तरदाताको विवरण**

| सि.नं | बच्चा जन्माएको स्थान | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | घरमा | ९ | २५ |
| २ | हस्पिटल | २७ | ७५ |
| | जम्मा | ३६ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३ ।

यस तालिकामा बच्चा जन्माएको स्थान सवै भन्दा बढि हस्पीटलमा नै देखिन्छ । यो ७५ प्रतिशत रहेको छ ।यसवाट के स्पष्ट हुन्छ भने अझै पनि लेप्चा महिलाहरूको बच्चा जन्माउने काम व्यवहारिक रूपमा घरमा नै देखिन्छ ।

## ५.१२.३ खोप

गर्भवती हुँदा लेप्चा समुदायका महिलहरूले खोप लगाएको वताउँछन् । स्वास्थ्य मन्त्रालय अन्तर्गत विभिन्न कार्यक्रमहरूवाट उनीहरू पनि खोप दिने गरेको वताउँछन् विशेष महिला स्वंय सेविकाको यस्तो कार्यमा महत्वपूर्ण योगदान रहेको वताउँछन् । ३६ जनाले गर्भवती अवस्थामा खोप लगाएको बताउदछन् । यसबाट के निष्कर्षमा पुगिन्छ भने लेप्चा महिलाहरू गर्भवती हुँदा खोप लगाउँदा रहेछन् ।

## ५.१२.४ रक्तअल्पता (आईरन)

यो समस्या नेपालको स्वास्थ्य क्षेत्रको ठूलो समस्या हो । यसले वढी मात्रमा नेपालमा महिलाहरूलाई सताएको तथ्याङ्क छ स्वास्थ्य मन्त्रालयको तथ्याङ्क अनुसार १०० जना नेपाली महिला मध्ये ६८ जनाले यस्तो समस्या भोगिरहेको देखिन्छ । १०० जना गर्भवती महिलाहरूमा ७५ जना रक्तअल्पताको शिकार भएका छन् । यो समस्या स्वभाविक रूपले शहरमा भन्दा गाउँमा वढी देखिन्छ । यस्तो समस्यावाट जोगाउन नेपाल सरकारले गर्भवती महिलाहरूलाई मात्र भए पनि

आइरन चक्की सितैमा दिने व्यवस्था गरेको छ, तर यस्तो सितैमा पाएको सेवा सुविधा पनि चेतनाको कमिले गर्दा लेप्चा महिलाहरूले अनिवार्य रूपमा खाएको पाईदैन पोषणयुक्त आहारको कमिले गर्दा जन्मने वच्चाका साथै आमाको स्वास्थ्यमा गम्भीर समस्या पर्छ भन्ने कुराको त्यति सारो ध्यान दिएको पाईदैन । साथै मादक पदार्थ सेवन गर्दा आमा वच्चा जन्मने वच्चामा असर पर्छ भन्ने उनीहरूमा ज्ञान समेत छैन ।

**तालिका नं १४**

**आईरन चक्की खाएका लेप्चा महिलाहरूको तालिका**

| सि.नं | आइरन चक्की | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आइरन चक्की खाएका महिलाहरू | ३० | ८३.३३ |
| २ | आइरन चक्की नखाएका महिलाहरू | ६ | १६.६७ |
| | जम्मा | ३६ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३ ।

माथिका तालिका अनुसार आईरन चक्की खाने गर्भवती महिलाहरूमा ८३.३३ प्रतिशत छन् , भने त्यसवेला सेवा लिनवाट वञ्चित गर्भवती महिलाहरू १६.६७ प्रतिशत छन् । धेरै जना गर्भवति महिलाहरूले आईरन चक्की खाएता पनि यस्तो निशुल्क सेवा पनि उपयोग गर्न सकिरहेका छैनन् , तर पनि यसको प्रकिया आसागरे अनुरुपकै छ ।

## ५.१२.५ सरसफाई

नेपालको सन्दर्भमा अधिकांस घरपरिवार समाज वरपर सरसफाईको काम विशेष गरि महिला वर्गले नै गर्ने गर्दछन् । यस्तै श्रीअन्तु गा.वि.स.मा लेप्चा महिलाहरू पनि सरसफाईमा कत्तिको ध्यानदिँदा रहेछन् र आफ्ना घरमा छोराछोरीलाई कत्तिको सरसफाई गर्न अभिप्रेरित गर्दारहेछन् भन्ने विषयमा स्थलगत सर्वेक्षणको कममा मिश्रित अवस्था देखिन्छ कतै

लेप्चाहरू सरसफाईमा सजग रहेका देखिन्छ । आफ्नो घरवरिपरी आँगन राम्ररी सफा राखेको फुलहरू रोपी सुन्दर बगैचा बनाएको देखिन्छ । साह्रै थोरै महिलाहरूले मात्र आफ्ना छोराछोरीलाई साथै घर परिवारको सरसफाईप्रति ध्यान नदिएको पाइन्छ । उनीहरूको छोराछोरी पनि मैला धैला लुगा लगाएको फोहोरसँग खेलेको देखिन्छ । यस क्षेत्रमा पशुपालन सम्पूर्ण घरमा देखिएता पनि आफ्नो घर भन्दा पर सुँगुर बाख्राको खोर, गाईको गोठ बनाएको देखिन्छ । पानीको त्यति अभाव नभएको कारणले गर्दा, अनि छिमेकी देश भारतको दार्जिलिङ्गको प्रत्यक्ष प्रभावले गर्दा सरसफाईको अवस्था सन्तोषजनक नै रहेको पाइन्छ ।

## ५.१२.६.शौचालय

शौचालयले पनि समाजमा कत्तिको सभ्य भएको र स्वास्थ्य सरसफाइ सम्वन्धी कत्तिको जनचेतना भएको कुरा देखाउँछ । यसैले श्रीअन्तु गा.वि.स.का लेप्चा महिलाहरूको विषयमा स्थलगत सर्वेक्षण गर्दा यस बारे पनि अध्ययन गरिएको छ । जहाँ गाविसको खुल्ला दिसा मुक्त गर्ने अभियान साथै जिल्लाको कार्यक्रम पनि त्यहि किसिमको भएको हुनाले लेप्चा महिलाहरूको शौचालयको प्रयोग गर्ने सत प्रतिशत रहेको देखाउछ । यसले के देखाउछ भने यँहाका लेप्चा महिलाहरू पनि सरसफाईमा ध्यान दिएको पाइन्छ । शौचालय दैनिक जीवनको नभई नहुने आधारभूत आवश्यकता हो भन्ने ठानेको पाइयो ।

## ५.१३ सांस्कृतिक पक्ष

नेपाल एक बहुसांस्कृतिक सम्पन्न देश हो । बिभिन्न समुदायको विभिन्न सांस्कृतिक पक्ष रहेको पाइन्छ मानवशास्त्र तथा समाजशास्त्रको पनि यस्तो सांस्कृतिक पक्षलाई जोगाउनु पर्छ भन्ने उद्देश्य राखेको हुन्छ । कुनै पनि राष्ट्रको संस्कृति र सभ्यता धर्म साहित्य दर्शन चित्रकला संगीत परम्परागत मान्यता शासनको रूप कानुनी रितीरिवाज आदि अनेकौं नियमहरूको सृजना भएको पाइन्छ । संस्कृति र सभ्यताको हिसावमा नेपाल धेरै समृद्द छ । यसरी लेच्चा

जातिको सांस्कृतिक अवस्थाको बारेमा उनीहरूको खानपान भेषभुषा संस्थाहरू र चाडपर्वहरूको बारेमा प्रस्टयाउँने प्रयास गरेको छ ।

## ५.१३.१ खानपान

खानपानको कुरा गर्दा भौगोलिक हावापानी, उत्पादन प्रणाली आर्थिक अवस्था जातिगत परम्पराले प्रभावित पारेको हुन्छ साधारणयत सम्पूर्ण नेपालीको मुख्य खाना दाल, भात, तरकारी नै हो । परापूर्वकालमा कन्दमुल मात्र खाने यो जाति जाँड रक्सी मासु अत्यन्तै मन पराउँछन् । विवाह चार्डपर्व पुजाआजामा सामुहिक रूपमा भेला भई खाने पिउने गर्दछन् । लेप्चा समुदायमा जव बच्चा जन्मन्छ । यदि उसलाई आमाको दुधले पुगेन भने गाईको दुध दिने प्रचलन छ । बच्चालाई खाना खुवाउने निश्चित समय हुदैन बच्चाको इच्छामा भर पर्दछ । खाना खाने सवालमा यिनीहरूको बारीमा जे उपलब्ध छ त्यही अनुसारको सागसब्जी बनाउदछन् । समयको उत्पादन अनुसार भान्सा तयार हुन्छ । कुनै पनि चार्ड पर्व पुजा, आजामा अत्याधिक मात्रामा माछा मासु मादक पदार्थ चलाउदछन् । हरियो सागसब्जी फलफूल भन्दा माछा मासु नै बढि मन पराउदछन् । खाना पकाउनका लागि उनिहरू दाउरा नै प्रयोग गर्दछन् एक दुई जना महिलाहरूले मात्र विधुतीय उपकरण, ग्याँस प्रयोग गर्ने गरेको पाइन्छ ।

## ५.१३.२ लवाई खवाई

नेपालमा बस्ने विभिन्न जातका मानिसहरूको भेषभुषा विभिन्न प्रकारको पाइन्छ । यसको प्रयोगमा स्थानीय हावापानी, वातावरणले प्रभाव पारेको हुन्छ । लेप्चाहरू पनि प्राय गर्मीमा भन्दा जाडो हावापानीमा वस्ने भएको हुनाले न्यानो तर आफ्नै प्रकारको विशेष लुगा लगाउँने गर्दछन् । यिनीहरूको आफ्नो भेषभूषा अनुसार महिलाहरूको (दम्वुन) गादा तगो लगाउछन् पन्ना मुगा निलहरी गरगहना लगाउछन् , भने महिलाहरूमा नाक छेड्ने चलन छैन । पूरूषहरू दम्प्रा, तगो र तप्री (टोपी) लगाउँछन् । तर आजका लेप्चा महिलाहरू अन्य जातिका मानिसहरूले लगाउने साडी चोली लुङ्गी म्याक्सी मिडी कुर्ता सुरूवाल सटपाईन्ट जस्ता लुगा लगाउँछन् यी

महिलाहरूले लोग्ने मान्छे जस्तो जेठाजू ससुरा आदिको अगाडी सारी अथवा कुनै कपडाले शिर छोप्ने प्रचलन पनि छैन भने आधुनिकीकरण साथै अन्य जातिसँग निकट सम्वन्ध र शिक्षाको विकासको कारणले गर्दा भेषभुषा गरगहनामा परिवर्तन आएको वताउँछन् ।

## ५.१३.३ वसाई

लेप्चा जातिका मानिसहरू विशेषगरि भिरालो अलि ठाँडो जमिन भएका स्थानमा मात्र वसोवास गरेको पाइन्छ । पहिले काम गर्न खनजोत गर्न ढाँड नदुख्ने हुनाले यस्ता स्थानमा वसेका हुन अझै पनि समथर अनि वजार क्षेत्रमा यिनीहरूको वसोवास त्यति पाईदैन । आफ्नै जातिसँग मात्र नभएर छरिएर अन्य जातजातिसँग घुलमिल हुदै वसोवास गर्न थालेको पाइन्छ । घर पनि आफ्नो आफ्नो औकात अनुसार बनाएको पाइन्छ । जसको संख्या स्थलगत सर्वेक्षणको क्रममा सबैको घर टिनको छानाले छाएको छ भने कोही कोहीले इँटा र सिमेन्ट प्रयोग गरि घर बनाएको देखिन्छ । लेप्चा महिलाहरुले घर बनाउदा लिपपोतको काम गर्ने लगायत अन्य साना तिना काममा सघाउने गर्दछन् ।

## ५.१३.४ बानी व्यवहार

लेप्चा जातिका मानिसहरू त्यसमा पनि महिलाहरू अतिनै सोझा अनि लजालु किसिमका हुन्छन् । उनिहरू बाहिरको मानिससित चाडै नै घुलमिल हुन सक्दैनन् आफ्नो मनको कुरा पनि चाडै पोख्न सक्दैनन् आफ्नो परिवारमा झै झगडा गरेता पनि वाह्य व्यक्ति, समाजसँग झगडा गर्न अन्याय र अत्याचर परेमा वोल्न हिच्कीचाउछन् यिनीहरू निकै नै ईमान्दारी हुन्छन् तर जाँड रक्सी सेवनले गर्दा एक आपसमा झै झगडा भने गरिरहन्छन् ।

### ५.१३.५ चाड पर्व

मानिसले आ-आफ्नो जात धर्म सस्कृति अनुसार चाडपर्व पूजाआजा मनाउदै आएको हुन्छ । मानिसको आर्थिक अवस्थाले पनि चाडपर्व पूजाआजा मनाउने तरिका फरक फरक हुन्छ । लेप्चा समुदाय पनि बौद्ध धर्मावलम्वी भए पनि यिनीहरूको मौलिक चाडपर्व आफ्नो तरिका तथा विधि अपनाई मनाउने गर्दछन् । ती चाडपर्वहरू कन्चनजङ्गा पूजा, न्वागी पूजा, सिल्लीतङ्बु पूजा, नामवन र नौली पुजा छन् ।

**क) कञ्चनजङ्घा पूजा**

यो महत्वपूर्ण चाड हो यस जतिको आफ्नो उदगमस्थल एवं इष्टदेवता कञ्चनजङ्गालाई मान्दछन् । यस पूजाको क्रममा उनीहरू सामुहिक भेला भएर यी पर्वमा आफ्नो इष्ट देवको स्तुती आराधना गर्दछन् । यो चाड हरेक बर्षको चौथो महिनाको चौथो दिनमा मनाउँछन् । पूजाको सम्पुर्ण विधिविधान वुङथिङ्गद्वारा सम्पन्न गरिन्छ । बाँसको लिङ्गो गाडी केराको पात छापेर विभिन्न किसिमका फलफूल लगायत मिठामिठा वस्तुहरूले सजाएर थानको स्थापना गरिन्छ । थानमा धुपवत्ती बाल्दै पुजारीले आफ्नै भाषामा फलाक्छन्  त्यसमा अरूले पनि साथ दिन्छन् तपाईले हामीलाई सृष्टि गरिदिनुभयो र सुरक्षा र कल्याण गरिदिउन् भनि विन्ती चडाएको हुन्छ यस पूजामा कुखुरा सुँगुर आदिको वली दिइन्छ । नैवेध, धुपभेटी, कलश अक्षता, अविर, फलफूल पूजाका लागि अनिर्वाय चाहिन्छ । यस पूजामा सम्पूर्ण लेप्चा परिवारका सदस्यहरू राम्रा राम्रा लुगा लगाई उपस्थित हुन्छन् । पुजाका लागि आवश्यक रकम पनि समुहवाटै उठाउँछन् । पूजाको कार्यक्रम पछि जाँड, रक्सी, मासु, फलफूल, मिठाई आदि प्रसादको रूपमा खाने पिउने गर्दछन् ।

**ख) नामवन**

नामवनको अर्थ नयाँ साल हो । लेप्चाहरूले यस चाड असत्यमाथि सत्यको, पापमाथि धर्मको जीत भई राक्षसहरूको अन्यत्य र अत्याचारवाट मुक्तभई नयाँ जीवन पाएको खुसियालिमा मनाउछन् । प्रचीन समयमा लेप्चाहरूलाई लासोमुङपनु नामक राक्षसले ज्यादै दुःख दिन्थे । भगवानको दुत तामसाङथिङको सहयोगमा उक्त

राक्षसलाई लेप्चाहरूले वध गरेको खुसीयालीमा त्यसै दिनदेखि यो चाड मनाउन थालेको विश्वास गर्दछन् । यो चाड लेप्चाहरूले हरेक बर्ष मंसिर महिनाको अन्तिममा सामुहिक रूपमा मनाउछन् र राक्षसको वध गरेको स्मरणमा त्यसदिन बेलुका हरेक बर्ष लेप्चाहरूले कोदोको पिठोको राक्षसी मानवरूपी जन्तुको मुर्ति वनाई त्यसलाई थुकी मन्साएर भ्या.......हो.........हो.........(लहै.....लहैं........) भन्दै बन्चरो, बामफाक, धनुकाँड आगोको राँकोले झोस्दै घरको पश्चीम दिशापट्टीलगि फ्याँकिदिन्छन् र सबै एकै स्वरमा रम-गे-म -ओ (भगवानको जय राक्षसको क्षय) भनी कराउछन् । एक आपसमा खुशीयाली साटासाट गर्दछन् । यो पुरानो सालको विदाइ र नयाँ सालको स्वागत दुवै हो । गति बेला युवा युवती राम्रा राम्रा रङगी बिरङी लुगाहरू लगाएर भला भई एक आपसमा शुभ कामना आदान प्रदान गर्दै ज्यादै हर्षोलासका साथ नामवन चाड समापन गर्दछन् ।

**ग) न्वागी**

न्वागीको अर्थ नयाँ बाली चढाएर खानु भन्ने बुझिन्छ । आफुले फलाएको प्रत्येक बाली ईस्वरलाई चढाएर मात्र खाने गरेमा दोष नलाग्ने विश्वास गरी यो पुजा गरिन्छ । प्रत्येक वर्षको एक चोटी नयाँ वाली पाकेको समयमा मंङशिर देखि फागुनसम्ममा न्वागी पूजा गर्छन् । यो पूजा गर्न घरभित्र थान बनाइन्छ । थानमा केराको पात ओछ्याएर राखिन्छ । त्यसमाथि दियो कलश, माछा वर्षदिनभरिको देवताको भाग छुट्टयाई राखेको अन्नवाली, कोदोको जाँड, चिउरा आदि राखिन्छ । त्यसपछि यसमा आठवटा सग्लो केराको पात मध्ये चारवटा उल्टा र चार वटा सुल्टा राखिन्छ र चार वटा तोङ्बा दुई वटा उल्टा र दुई वटा सुल्टा पातमा राखिन्छ । ती उल्टापात मृत आत्माका लागि र सुल्टा जीवितहरूका लागि राखिएको हो । यसरी थान तयार भईसकेपछि बुङथिङ्ग (पुजारि)ले फलाकेर पुजा गर्छन हामी अज्ञानी लेप्चाहरूले प्रभुलाई सम्झी चाखो गरि छुट्टयाएको अन्नवाली अपर्णगछौ स्वीकार गरिदिन विनम्र अनुराध गछौं । त्यसपछि छ वटा कुखुराको वलिदिन्छन् । यसरी थानमा मकैको जुगाँ सहितको घोगा पनि राखिन्छ । वलि दिइएको कुखुराको रगत थानमा चडाइन्छ, त्यसपछि त्यस कुखुराको आन्द्राभूँडी फालेर उसिनेर त्यसमाथि भात चिउरा राखि

थानमा चडाइन्छ यस्तो न्वागी पूजामा छरछिमेकीहरू आफन्तजनलाई वोलाइ हर्षोल्लासका साथ मनाउन्छन् ।

**घ) सिल्ली तङबु पूजा**

लेप्चाहरूको विश्वास अनुसार कन्चनजङ्घा पर्वतबाट उनिहरूको उत्पति भएको हो । शुरूमा उनीहरू जङ्गली तरूल भ्यागुर, फलफूल खाएर नै जीवन निर्वाह गर्थे तर, त्यतिले मात्र नपुग्ने भएपछि शिकारलाई पनि जीवन निवाहको स्रोत बनाए । शिकारको निम्ति विभिन्न हातहतियार चाहिन्थ्यो आफ्ना पिता पूर्खाले प्रयोग गरेका तिनै हातहतियारहरूको पूजा गरि मनाईने चाड सिल्ली तङवु हो । लेप्चाहरूको प्रमुख हातहतियारहरू धनुकाण र गुलेली हो । ती हतियारहरू प्रचिन समयमा भगवानले नै दिएको र आफ्नो पुर्खाको रक्षा भएको विस्वास लेप्चाहरू गर्छन् । यो पूजा सम्पन्न गर्न पनि वुङथिङको महत्वपूर्ण भूमिका रहेको हुन्छ । सर्वप्रथम बाँसको लिङ्गो गाडेर तीन तलाको थान बनाईन्छ सबै तलामा केराको पात छापिन्छ र वुङथिङ पनि केराको पातै ओच्छ्याएर बस्दछन् । त्यसपछि हातमा गुलेली लिएर रातभरि फलाक्दै देवतालाई रित वुझाउछन् । मध्य रातमा एउटा भाले, विहान पोथि कुखुरा र त्यसपछि सुँगुरको पूजा गरिन्छ, त्यसको मुटु कलेजो पोलेर थानमा चडाईन्छ यसरी यो पूजा सम्पन्न हुन्छ । यस पूजामा जाँडरक्सी प्रसस्तै चडाइन्छ तर यस्तो पूजा सुत्केरी भएको घरमा गर्न नहुने प्रचलन छ, यो पूजा २/३ वर्षमा आफ्नो स्वच्छाले गर्न सकिन्छ । यसबाट के थाहा हुन आउछ भने यहाँ महिलालाई हेर्ने दृष्टिकोण संकुचित देखिन्छ किन कि सुत्केरीहुनु प्राकृतिक कारण हो त्यसविना मानिसको सभ्यता संभव छैन तर यसलाई नै अशुभ अशुद्ध मान्नु दःखको कुरा हो भन्ने पाइन्छ ।

**ङ) नौली पूजा**

दुःख विराम पर्दा यो पूजा २/३ वर्षको फरकमा आवश्यकता अनुसार गरिन्छ । निश्चित तिथीमितीको आवश्यकता पर्दैन । पूजा गर्न केराको पात ओछ्याइन्छ , त्यस थानमा ३ वटा ढुङ्गा राखिन्छ जसलाई सुब्बा, सुब्बेनी र शिकारीको प्रतिक मानिन्छ । मुख्य गरि यस पूजामा यी तीनैको पूजा गरिन्छ । औकात अनुसार राँगा, बोका, तोङवा, पानको पात, तितेपाति, दियो कलश, फलफूल, चामल, कुखुराको अण्डा आदि सामाग्री

यो पूजा गर्न चाहिन्छ। पुजारी बुङथिङले फलाक्दै प्रत्येकलाई १, १ वटा कुखुराको वली दिइन्छ। वली दिएको कुखुराको मुटु कलेजो पोलेर थानमा चडाइन्छ। नचडाई मासु खानु हुँदैन अन्य देवी देवतालाई वक्सेउली गरिन्छ। राती बँस्दा जाँड रक्सी, वली दिइएको पशुको मासु प्रसादको रूपमा खाइन्छ। विहान थान र अन्न सामाग्री सवै उठाएर नजिकैको धाराको शिरमा लगेर विर्सजन गरिन्छ यसरी नौली पूजा सम्पन्न हुन्छ। यो पूजा विशेष गरेर घरको रक्षा होस तथा सवैमा सुख शान्ति मिलोस, वोक्सी डाइनी, राक्षस कुव्यक्तिको कु दृष्टि नपरोस यिनीहरूवाट टाढा रहन सकोस भनि घर भएको विरामीको रोग निकोहोस भनि भाकल वुझाउन समेत यो पूजा गरिन्छ। तर हाल आएर यस्ता पूजाहरू गर्न लेप्चाहरूले प्राय छाडिसकेका छन् भने कतिलाई त नाम समेत थाहा नभएको पाइन्छ।

## ५.१३.६ जन्म

लेप्चा जातिको जीवन गर्भवाटै शुरू हुन्छ भन्ने मान्दछन्। मेची महाकाली ग्रन्थमा वताए अनुसार गर्भ रहेको पाँच महिनादेखि नवजीवनको कल्याणको लागि लेप्चाहरू विभिन्न अनुसाशनमा रहने गर्दछन्। गर्भ रहेको स्वास्नी र उसको लोग्नेले कुनै पर्खाल उठाउन थालेको छ भने उ एक्लैले वच्चा जन्मनु भन्दा अघिनै सिध्याउनु पर्दछ नत्र वच्चा राम्ररी जन्मन सक्तैन। माछा झिक्नु खानु हुदैन दुर्घटनामा परेर मरेको पशुको मासु खानु हुदैन। वच्चा जन्मिसकेपछि आफ्नो मुल्यमान्यता, परम्परा अनुशासन पालन गर्नुपर्ने हुन्छ। वच्चा जन्माउन घरमा स्वस्थ्यचौकीमा उपलब्ध भएका जनशत्ति प्रयोग गर्ने गदर्छन् पेटमा वच्चा रहेको समयमा गर्भवती महिलाहरूले सुन्दर शान्त र निपूर्ण छोराछोरीको कामना गर्दछ विभिन्न देव धामको भाकल गर्दछन्। गर्भमा रहेको ५ महिनादेखि दुवै लोग्ने स्वास्नी जीवनको कल्याणको लागि अनुशासनमा रहने गर्दछन्। छोरा जन्मेमा ३ देखि ७ दिन र छोरी जन्मेमा ५देखि ७ दिनसम्मा चोखिन्छन्। पानीमा ल्वाङ्ग, जाइपत्र, कपूर र मरिच मिलाई (ठयू) घोली लामाले त्यस मिश्रित पानीलाई सुत्केरीले नुहाउने पानीमा लगाई सुत्केरी र बच्चालाई नुहाउन लगाईन्छ। बच्चाको नाम लामाले जन्मेको दिनको आधारमा राख्दछन्। सुत्केरी १६ दिन पुगेपछि मात्र अन्य सदस्यले उसले पकाएको खाना खाने गर्दछन्। तर

हाल आएर आफुलाई अनुकुलतातिर बदल्दै गएको पाइन्छ । लामाले नै न्वारन गर्दछ भने न्वारन र बोलाउने नाम फरक रहेको पाइन्छ ।

### ५.१३.७ भाषा

विचार विनिमयको माध्यम नै भाषा हो प्रत्येक मानिसले आफ्ना भावना पोख्न, सुन्न कुनै न कुनै भाषाको सहायता लिनु पर्दछ । यसै सन्र्दभमा इलाम जिल्लामा मात्र वसोवास गर्ने लोपन्मुख यो लेप्चा जातिको पनि आफ्नै छुट्टै भाषा छ । यिनीहरूको आफ्नै लिपी छ जसलाई रोङ्ग लिपी भनिन्छ । लेप्चा लिपीमा १०८ अक्षर हुन्छन् । एक वणमा रूप ३२ वटा हुन्छन् । जस्तो क वर्ण छ भने क, का, कि, की कु कू - -- - - - - - - -गर्दै क को रूप ३२ वटा हुन्छन् ।

यो भाषा सरल र मधुर छ । लेप्चा भाषामा विभिन्न धार्मिक ग्रन्थमा भविष्यवाणी, औषधि सम्वन्धि ज्योतिषशास्त्र भूगर्भ विद्या जस्ता ठूला ठूला पुस्तकहरू लेखिएका पाइन्छन् । तर आज अन्य भाषाको अतिकमण को कारण लेप्चा भाषा लिपी पढ्ने मानिसको कम भएकाले यी अमुल्य रत्नहरू विदेशतिर भारत भुटान पलायन हुने क्रम जारी छ । हाल इलाममा चिन्डेपानी र शान्तिपुरमा केहि लेप्चाहरूले आफ्ना लिपी लेख्न र पढन जान्दछन् ।

यसै बिषयमा यिनीहरूको जातिय संगठन रोङ्ग सेजुम ठी ले पनि वेला वखत भाषा लिपि प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै संस्थाले केहि हदसम्म आफ्नो भाषा लेख्न र पढ्ने संख्यामा बृद्धि हुदै गएको देखिन्छ ।

**लेप्चा जातिहरूको केहि शब्दहरू**

| **लेप्चा** | **नेपाली** | **लेप्चा** | **नेपाली** |
|---|---|---|---|
| आज्यो | वाजे | राङ | भोज |
| आमु | आमा | जो | भात |
| आक्कु | काका | कला | दाल |
| अकप | छोरा | आरोक | रक्सी |

| | | | |
|---|---|---|---|
| कपजोङ्ग | नाती | ची | जाँड |
| म्योक | ज्वाइँ | वुक | तरूल |
| हिक | कुखुरा | सली | धनु |
| वीक | गाई | चोङ | काँड |
| विकलोङ | गोरू | फुक्पोवुक | आलु |
| आल्यू | विरालो | चुङविक | हतियार |
| सुहु | बाँदर | सङतोङ | मेवा |
| बु | सर्प | ती | शुन्य |
| कुज्यु | कुकुर | कात | एक |

स्रोत: स्थलगत अध्ययन २०७३ ।

आफ्नै लिपी, भाषा भएको यो लेप्चा जाति अन्य जातजातिसँगको सम्पर्क सरकरी वेवस्ता तथा उनीहरुको आफ्नै मातृ भाषामा पठनपाठन गर्ने अवसर नभएको आदि कारणबाट नै यस जातिको भाषा लोप हुने अवस्थामा पुगेको देखिन्छ ।

## ५.१३.८ विवाह

व्यक्ति समाजमा रहेर विभिन्न किसिमको नियम कानुन र मान्यतामा रहेर बस्नुपर्दछ । समाजमा भएको विभिन्न संस्कारहरूमा मान्यता अनुसार विवाह गर्ने तरिका तोकिदिएको हुन्छ । समाज सञ्चालनमा भिन्न भिन्नै रितिरिवाजहरूले महत्वपूर्ण भुमिका खेलेको छन् विवाह पनि एउटा महत्वपूर्ण संस्कार हो । जसले समाजलाई पुर्णता प्रदान गरेको हुन्छ । लेप्चा समुदायमा पनि हाडनाता र रगतनातामा विवाह वर्जित छ उनीहरूको भाषामा विहेलाई ब्री भन्छन् जसको अर्थ हो कुनै दुई चीज वा प्राणीलाई एउटा वनाई जोड्नु हो । विवाह सम्पन्न गर्नु उनीहरूको आफ्नै रिति मुल्य मान्यताहरू छन्

क) कुरा चलाउने

ख) रित वुझाउने

ग) विवाह सम्पन्न गर्ने । तर हाल आएर मगनी विवाह भन्दा पनि यस अध्ययन क्षेत्रमा प्रेम विवाह चोरीविवाह प्रचलन रहेको पाईन्छ । यसको साथै कसै

कसैले उमेर नै नपुगि विवाह गरेको पनि पाईन्छ । त्यसैले यसलाई वुझ्न तलको तालिकावाट थाहा पाउन सकिन्छ ।

**तालिका नं.१५**

**विवाह गर्दाको उमेर अनुसार उत्तरदाताको विवरण**

| सि.नं. | विवाह गर्दाको उमेर | | |
|---|---|---|---|
| | उमेर समुह | सङ्ख्या | प्रतिसत |
| १ | १८-२० | ७ | १९.४४ |
| २ | २१-२५ | २५ | ६९.४५ |
| ३ | २६-३० | ४ | ११.११ |
| जम्मा | | ३६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३ ।

माथिको तालिकावाट यो स्पस्ट हुन्छ कि सवैभन्दा बढी उमेर २१-२५ वर्षका उमेर समुहको महिलाहरू विवाह गर्दैको उमेर अरूको दाँजोमा एकदम वढि देखिन्छ । जुन ६९.४५ प्रतिशत रहेको छ । लेप्चा समुदायमा १८ देखि २० बर्षको बीचमा विवाह गर्ने महिलाहरू १९.४४ प्रतिशत छन् । त्यस्तै २६ देखि ३० बर्षको उमेरमा विवाह गर्नेको संख्या ११.११ प्रतिशत रहेको छ । सर्वेक्षणको कममा केहि घरहरूमा अविवाहित महिला तथा पुरूष पनि पाईयो वालविवाह छिटपुट रूपमा गरेको देखिन्छ पहिले पहिले बहुपति वहुविवाह प्रचलनमा रहेपनि अहिले त्यस्तो नभएको देखिन्छ । यस जातिका बिवाहित महिलाहरूले सिन्दुर लाउदैनन् साथै बिधुवा महिलाहरूले सेतो पहिरन लाउनुपर्ने बाध्यता छैन । पहिलेको परम्परा अनुसार केटी माग्ने कममा हुनेवाला ज्वाईको परिक्षण को निम्ती ससुरालमा (विहे अघि) बसेर विभिन्न खेतीपातीको काम गर्नुपर्दथ्यो । यस कममा केटाले दुई देखि ६ महिना सम्मा ससुरालमा बसेर काम गरेपछि छोरी पाल्न योग्य छु भनेर देखाउन सक्नु पर्दथ्यो । तर अहिले यो प्रचलन देख्न पाइदैन (अन्तवार्ता टीका लेप्चा (नाम परिर्वतन) ।

### ५.१३.९ धर्म

यस संसारमा सबै मानिस कुनै न कुनै धर्मलाई अंगालेको अर्थात आस्थावान भएको हुन्छ । नेपालको सानो भुगोलभित्र पनि अनेकौं धर्मालम्बीहरू आसपासमा मिलेर बसोबास गरेका छन् । त्यसैले यहाँ बौद्व, किंरात हिन्दु मुस्लिम क्रिश्चियन आदि सबै धर्म मान्ने मानिसहरू छन् । अझ नेपालको बद्लिदो राजनैतिक परिवर्तनको कारणले सबै धर्मलाई समानता प्रदान गरेको कारण लेप्चाहरू पनि हाल आएर आफूलाई बौद्ध धर्मावलम्बी भन्ने गरे पईछ  यिनीहरूको आफ्नै प्रकारको धार्मिक संस्कार र विश्वासहरू रहको पाईछ  । आफ्नै भाषा लिपीमा ग्रन्थ धार्मिक भविष्यवाणी र उपचार सम्बन्धी पुस्तकहरू छन्  ।

श्रीअन्तु गा.वि.स.मा लेप्चाहरू पनि बौद्ध धर्म नै मान्दछन् । यहाँका लेप्चाहरूमा आफ्ना भाषा र लिपि पढ्ने व्यवस्थाको अभाव, आफ्नो धर्मिक गुरूको अभाव देखिन्छ । परापूर्वकालमा यिनीहरूको आफ्नै तन्त्रयान मन्त्रवाद मानेता पनि वाहिरी प्रभाव तथा आफ्नै संस्कृति जोगाउन नसकेका कारण यिनीहरू पछि आएर बौद्धमार्गी हुन पुगेका हुन्  भनि स्थानीय जानकार युद्ध प्रसाद वैद्य बताउँछन् । (बैध २०४६) अनुसार लेप्चाहरूको धर्मलाई बुङ्गथिमलोम र मनलोम भनिन्छ यो यथार्थमा धर्म नभई सामाजिक रीतिथितिको विधी मात्र हो ।

तर हाल आएर यिनीहरूको बाह्य जगतसंगको सम्पर्क बढ्दै गएपछि अन्य धर्मवाट पनि प्रभावित भएको पाईन्छ भने यिनीहरूमा पनि राम्रो काम गरे स्वर्ग र नराम्रो काम गरे नर्क पुगिन्छ भन्ने कुरामा विश्वास गर्छन् ।

### ५.१३.१० मृत्यु

मृत्यु संस्कार यो जातिले पनि आफ्नै छुट्टै तरिका विधि विधान अनुसार सम्पन्न गर्दछन् । मृत्यु संस्कारका बारेमा मेचीदेखि महाकाली ग्रन्थ अनुसार मृत्यु गराउने भुतप्रेत देहान्त भएपछि अन्य व्यक्तिमाथि जाई नलागोस् र मृत्य ब्यक्ति पनि पूर्ण रूपमा पन्छियोस भन्ने चाहान्छन् । संसार छोडेर जाने ब्यक्तिले स्वर्गमा पुगोस् नत्र भने त्यसको आत्माले पिर्छ भन्ने उनिहरूको विश्वास छ । तसर्थ बुढाबुढी

मर्दा त्यति डर मान्दैनन् जति युवा युवती मर्दा डर लिन्छन् किन कि युवा युवतीहरूको संसारमा बाँच्ने चाहना हुन्छ । जसबाट बाँच्ने मानिसलाई खतरा पर्न सक्छ । लेप्चाहरू लाशलाई जलाउने गाड्ने गर्दछन् लाशको अन्तिम संस्कार सम्पन्न गर्न सर्वप्रथम लामा बोलाइ सकेपछि लाश लैजाने साइत जुराईन्छ । उनिहरूको कुल पुरोहीत पनि चाहिन्छ जसले विभिन्न कुरा भन्दै फलाक्छन् । लाशलाई लामाले बिभिन्न बस्तुले मालिस गरी हात जोडी नमस्ते गरेको आसन बनाईकन ठाडो पारी तामाको बाकसमा राखिन्छ । त्यसपछि उसको टाउकोबाट सेतो कपडा (खादा) बाधेर निकालिन्छ । जसलाइ मूल लामाले हातले समाएर अघि बढ्छ साथै एक दुई जना लेप्चाहरू हातमा तरवार, अगुल्ठो धुप सल्काउदै लाशलाई जलाउने स्थानमा लैजान्छन् साथै सम्पूर्ण उपस्थित मानिसहरू पछि पछि लाग्छन्  त्यसको भोली पल्ट लामाले मृतकको अस्तु नजिकैको खोलामा बगाउँछन् । यिनीहरूको काजकिया आफ्नो गच्छे अनुसार १५ दिन, २२ दिन, ३५ दिन र ४९ दिनमा गर्दछन् । प्रत्येक हप्ता देन्छ्यू (बत्ती) घरमा विभिन्न गुम्वाहरू बाल्नछ । मृतकको आत्माको चिरशान्तिको कामना स्वरूप यसो गरिसकेपछि अन्तिम ठूलो कामसम्पन्न गर्दछन् । यिनीहरूमा नुन तेल बार्ने चलन छैन वर्ष/वर्ष दिनमा बर्षी गर्छन् । आमा मरेमा दुध १ वर्ष बाबु मरेमा १ वर्षसम्म दहि भटमास साथै कुनै पनि तीर्थस्थलमा प्रवेश गदैनन् । लामालाई दान दक्षिणा निकै ठूलो परिणाममा दिनु पर्ने हुन्छ । कतै मृतकलाई लामा विधि अनुसार नै विभिन्न कार्य गरिसकेपछि गाड्ने प्रचलन पनि पाइन्छ । यस जातिमा महिलाहरूले आफ्ना पतिको मृत्यु भएमा सेतो लुगा लगाउनु पर्ने चलन छैन ।

# अध्याय - छ

## आर्थिक अवस्था

नेपाल पितृसतात्मक पारिवारिक संरचना मान्ने मुलुक हो । यहाँ हरेक पक्षमा पुरूषहरूको बर्चस्व रहेको पाइन्छ । भने एकातिर नारीपुरूष समान हो । नारी परूष भनेको एकै रथका दुई पांग्रा भन्ने उक्ति पनि त्यतिकै दरो रूपमा नेपाली समाजमा जन जिभ्रोमा भुण्डिएको पाइन्छ । महिलालाई सृष्टिकर्ताको रूपमा मान्ने गरिन्छ । तर पनि नेपाली महिलाहरू हरेक पक्षमा पुरूष सरह छैनन् ।

गरीवी अशिक्षा, अन्धविश्वास कति पय धार्मिक मुल्य मान्यता र परम्पराले गर्दा पनि नेपाली महिलारू अगाडि वढ्न सकेका छैनन । यहि अवस्था श्रीअन्तु गा.वि.स मा लेप्चा महिलाहरूमा पनि देखिन्छ । यस जातिका महिलाहरूको आर्थिक अवस्था पुरूष समान छैन शैक्षिक क्षेत्र लगायत सवै क्षेत्रमा उनीहरू पछि परेका छन्  कृषि मजदुरी बाहेक सरकारी तथा अन्य क्षेत्रमा कुनै किसिमले पनि उनीहरूको उपस्थिती जनाउन सकेका छैनन ।

यस अध्ययनमा महिलाहरूको पेशा, महिलाहरूको वार्षिक आम्दामी, ऋृण आदिको वारेमा अध्ययन सम्वन्धी विषयवस्तुहरू समावेश गरिएको छ ।

अर्थ व्यवस्थाले मानविय जीवनमा हरेक क्रियाकलापमा प्रभाव पारिरहेको हुन्छ । यसले शिक्षा स्वास्थ्य सञ्चार सेवा सुविधा विकास निर्माण, सामाजिक सांस्कृतिक क्षेत्रका साथै रितिरिवाज चालचलन जिवनशैली आदि क्षेत्रमा पनि प्रभाव पारिरहेका हुन्छन् । कुनै पनि क्षेत्रका विकास त्यहाँको उत्पादन र वितरणसँग सम्वन्धित हुन्छन् । आर्थिक अवस्था सवल भएको क्षेत्रमा यी सवै उल्लेखित कुरामा पनि सुदृढीकरण एवम विकास भएको हुन्छ । भने कमजोर भएको अवस्थामा यी कुराको विकाश पनि पछि परेको हुन्छ । महिलाहरू पुरूषको दाँजोमा जति नै वढि परिश्रम गरे पनि उनीहरू पुरूष भन्दा गरीव हुन्छन्  किनकी उनीहरूको श्रमको मुल्य पुरूष सरह राखिएको हुदैन महिलाहरूले आ-आफ्नो घर परिवारमा आर्थिक अवस्था सुधार्न खेतिपाती तथा

घर गृहस्थी कार्यहरूमा सघाउ पुऱ्याउन पुरूष सरह र त्यो भन्दा बढी परिश्रम गरे तापनि आर्थिक सम्पतिको अधिकार महिला वर्गमा छैन ।

हाम्रो जस्तो ग्रामीण कृषि अर्थ व्यवस्था भएको मुलुकमा रोजगारीमा अवसरहरू कम छन् । त्यसमा पनि परम्परागत कृषि प्रणाली कारोबारहरूमा महिलाहरूको भूमिका गहन छ । आर्थिक स्रोतहरूमा महिलाहरूको भूमिका बढि भएकै कारण पहुँच र नियन्त्रण पनि छन् । कतिपय अवस्थामा आदिबासी जनजातिहरू गरीवीको चपेटामा परेका र त्यसको अझ बढि शिकार महिला र बालीकाहरू हुने गरेका छन् । यस अध्ययनमा समग्र लेप्चा महिलाहरूको परिवार संख्याको आधारमा आर्थिक अवस्थालाई देखाइएको छ ।

## ६.१ भू-स्वामीत्वको स्थिति

नेपाल एक कृषि प्रधान देश हो । यस देशको ७४ प्रतिशत भन्दा नेपाली जनताको जिवन निर्भाहको आधारको रुपमा रहेको पाईन्छ । समाजमा रहँदा उसको स्वामित्वमा जग्गा के कति छ भन्ने कुराले पनि आर्थिक स्थितिलाई पहिचान गर्न सकिन्छ । जसले गर्दा जग्गा जमीन बढी हुनलाई आर्थिक दृष्टिले मजवुत मानिन्छ यसले यस अध्ययन क्षेत्रमा यी लेप्चा जातिहरू परापूर्व काल देखि नै वसोवास गर्दै आएको भएता पनि उनीहरूमा बिगत देखि रहदै आएको भूस्वामित्व क्रमश घट्दै गएको देखिन्छ । इतिहासमा यस भेगमा उनीहरू राज्यको महत्वपूर्ण स्थान ओगटेको साथै राज्यवाट विभिन्न सेवा सुविधा ग्रहण गरेका थिए तर वर्तमान अवस्था उनीहरूको भुस्वामित्व पहिले जस्तो नभएको पाईयो यसैले लेप्चा महिलाहरुसँग उनिहरुको नाममा भएका जग्गा जमिन साह्रै थोरै महिलाहरुको नाममा मात्र पाईन्छ जसलाई तलको तालिकामा दिएको छ ।

**तालिका नं. १६**

**भू स्वामित्व अनुसार उत्तरदाताको विवरण**

| क.श. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिलाको नाममा जग्गा धनिपूर्जा भएको | १३ | ३६.११ |
| २ | महिलाको नाममा जग्गा धनिपूर्जा नभएको | २३ | ६३.८९ |
| जम्मा | | ३६ | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७३ ।

यस स्थलगत सर्वेक्षण अनुसार आफ्नो नाममा जग्गा धनीपूर्जा भएका लेप्चा महिलाहरुको संख्या ३६.११% प्रतिशत पाइन्छ । आफ्नो नाममा जग्गाधनिपूर्जा नभएका लेप्चा महिलाहरुको संख्या ६३.८९% रहेको पाइन्छ । यहाँ भूमिहिन लेप्चा परिवार नभएपनि महिलाकोथोरै मात्रामा मात्र उनिहरुको भूमिमाथिको अधिकार देखिन्छ ।

## ६.१.१ पेशा

नेपालमा महिलाहरू घरायसी तथा कृषिमा ब्यस्त रहनु पर्ने बाध्यता छ । राम्रो रोजगारको अवसरहरू सिमित छ । साह्रै कम संख्यामा महिलाहरू सरकारी क्षेत्रमा कार्यरत छन् । नेपाल जस्तो देशमा यँहाका ग्रामीण महिलाहरूको रोजगारको क्षेत्र भनेको कृषि रहेको छ ।

नेपाली ग्रामीण समाजका महिलाहरू घर भित्र हुने विभिन्न कार्यहरू जस्तै खाना बनाउने, भाडा माझ्ने, लुगा धुने, बच्चाहरूको हेरबिचार गर्ने, र घाँस दाउरा गर्ने काम गर्दछन् । यसको अलवा खेतबारीको कार्यमा पुरूषलाई सहयोग गर्ने साथ साथै पुरूष सरह कृषि मजदुर गर्न पनि हिड्छन् तर उनिहरूको कार्यमा कुनै आर्थिक मूल्य दिइएको छैन । ग्रामीण परिवेशमा अधिकांश महिलाहरू बिहान उज्यालो नहुँदै उठेदेखि बेलुका सुत्नेबेला सम्म विभिन्न घरधन्दाका काममा ब्यस्त रहन्छन् । शहर बजारमा महिलाहरू यो भन्दा भिन्नै परिस्थितिमा देख्न पाइन्छ । उनिहरू जागिर

खाने पसल वा ब्यपार गर्ने अथवा आफ्नै आम्दानी गर्ने खालका विभिन्न पेशामूलक कार्यहरू गरेको पाईन्छ । यस श्रीअन्तु गा.बि.स.का लेप्चा महिलाहरूको दैनिक जिबनयापन पनि घरायसी काम साथै खेतीपातीमा ब्यस्त रहन्छन् । श्रीमानको कमाइले मात्र नपुग्ने साथै श्रीमानलाई पनि सहयोग हुने हुँदा उनिहरू आफ्नो घर भित्रको काम धन्दा सकि बाहिरको काममा चिया टिप्ने, गाइबस्तुलाई घास, दाउरा खोज्ने काममा ब्यस्त रहन्छन् । यहाँका लेप्चा महिलाहरूको मूख्य काम नै आफ्नो चिया बगानमा चिया टिप्नु रहेको छ । प्रत्येकले आ-आफ्नो बारीमा चिया लगाएको हुन्छन् र कुनै परिवारले ठूलो परिमाणमा देखिन्छ भने कुनैको अलिक थोरै मात्रमा देखिन्छ । त्यसैगरी फलफुल तरकारी अदुवा, आलु अम्लिसो, पशुपालन मुख्य पेशा अपनाएका पाइन्छ यही पेशावाट आफ्ना आवश्यकताहरू परिपूर्ति गरिरहेका देखिन्छन् । नगदेवालीको उत्पादनले गर्दा उनीहरूको आर्थिक स्थिती पहिलेको तुलनामा अहिले धेरै मजवुत भएको देखिन्छ ।

आर्थिक अवस्थामा विस्तारै प्रगतीतर्फ लम्केको देखिएता पनि यस गा.वि.स मा कुनै  एक लेप्चा महिलाहरू सरकारी तथा कुनै पनि सघं संस्थातिर रोजगारीको अवसर भने प्राप्त गर्न नसकेको देखिन्छ ।

**तालिका नं. १७**

**पेशाअनुसार उत्तरदातको विवरण**

| सि.नं. | पेशा | संस्था | प्रतिशत |
|---|---|---|---|
| १ | घरमा काम गरेर कृषिमा संलग्न हुनुपर्ने | २९ | ८०.५६ |
| २ | घरको मात्र काम गर्ने | ७ | १९.४४ |
| जम्मा | | ३६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिकावाट के थाहा हुन्छ भने पेशाको हकमा घरमा काम गरेर कृषिमा संलग्न हुनुपर्ने महिलाहरू ८०.५६ प्रतिशत देखिन्छ , भने घरको मात्र काम गर्ने सरसफाई चुलो चौका अरूथोकमा काम गर्न नजाने महिलाहरू १९.४४ प्रतिशत

मात्र देखिन्छ । किन भने ग्रामीण क्षेत्रमा अन्य रोजगारी मुलक पेशाहरू हुँदैनन भएका सिमित अवसरहरू पनि उनीहरूको पहुँच भन्दा वाहिर रहेको छ । यहाँका महिलाहरू बिहान देखि बेलुकासम्मै काम गरेको देख्न सकिन्छ काम गरेमा खान नपुग्ने साधारण शिक्षा दिक्षा छोरा छोरीलाई दिन नपुग्ने भन्ने छैन भन्ने वताउँछन्  यहाँका लेप्चा महिलाहरू भोक भोकै बस्नु पर्ने बाध्यता छैन । वर्षाको समयमा बढि ब्यस्त हुनुपरेता पनि आम्दानी पनि त्यसै समयमा हुने गरेको पाइन्छ ।

## ६.१.२ आम्दानी

बार्षिक आम्दानीको कुरा गर्दा आम्दानीको मुख्य स्रोत लेप्चा महिलाहरूको उनीहरूमा शारीरिक परिश्रम हो आफ्नो हात पाखुराका नङ्ग्रा खियाएर आएको पैसा नै मुख्य हो । यसको लागि उनीहरू मुख्य गरिकन चियाखेती तर्फ चिया टिप्नु रहेको छ भने त्यसका साथै पशुपालन तरकारी खेती गरि सानोतिनो व्यापार व्यवसाय पनि गरेको देखिन्छ । यस प्रकार उनीहरू आर्थिक आम्दानी घर खर्चमा श्रीमानलाई टेवा पुऱ्याउन सहयोग गर्न मुख्य रहेको देखिन्छ । छोरा छोरीलाई स्कुल पढाउन चाहिने कपि किताब कलमका साथै अतिरिक्त खर्चमा सहयोग पुऱ्याउनु पर्ने देखिन्छ । नेपाल सरकारको तर्फवाट लोपोन्मुख जातिहरूको संरक्षणको निम्ती सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत प्रदान गरिदै अएको प्रतिब्यक्ति, प्रतिमहिना रू १००० पनि उनीहरूको आम्दीको स्रोत देखिन्छ ।

**तालिका १८**

**बार्षिक आम्दानी अनुसार उत्तरदाताको विवरण**

| सि.नं. | बार्षिक आय | संख्य | प्रतिशत |
|---|---|---|---|
| १ | १५०००-२०००० | २६ | ७२.२२ |
| २ | २००००-३०००० | १० | २७.७८ |
| | जम्मा | ३६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिकाबाट लेप्चा महिलाहरूको वार्षिक आम्दानीलाई देखाएको छ । यो उनीहरूको अनुमानित आय हो । किन भने उनिहरूलाई आफ्नो कति आम्दानी हुन्छ भन्ने यकिन थाहा छैन किनकी उनिहरु सबैले आफ्नो घर परिवारमा आम्दानी र खर्चको लिखित विवरण नराखेको कारणले गर्दा १५ हजार देखि २० हजारसम्म वार्षिक आम्दानी हुनेहरू ७२.२२ प्रतिशत छन् । भने २० देखि ३० हजार आम्दानी हुने २७.७८ प्रतिशत छ । यस अध्ययन क्षेत्रमा महिलाहरूको आम्दानी समान छैन कसैले निकै राम्रो पशुपालन गरेका छन् । आफ्नो पेवापाते गरी खेती पाती पनि गरेको पाइन्छ यस भेगमा महिलाहरूले वर्षाको समयमा धैरै आम्दानी गर्ने गर्दछन् भने सरकारबाट प्रदान गरीने सामाजिक सुरक्षा अन्तर्गतको रकम (भत्ता) पनि कसै कसैले त्यसको दुरूपयोग गरेको पाइन्छ जस्तै जाँड रक्सी खाने बढि समय घुमघाम गर्ने र मोज मस्ती गर्ने गरेको पाइन्छ । जुन रकमलाई उत्पादन मुलक कार्यमा लगाउन सके उनिहरुको आर्थिक विकासमा सहयोग पुग्दथ्यो ।

### ६.१.३ ऋण

लेप्चा महिलाहरूले ऋण लिएर कुनै पनि आयआर्जनको तथा आम्दानीको वाटो अपनाएको देखिदैन । ऋण लिएपनि श्रीमानले साहु माहनजवाट घर खर्च र विभिन्न प्रयोजनको लागि ऋण लिएको देखिन्छ ।

विगत समयमा रैथाने यी लेप्चा जातिका थुप्रै जग्गा जमीन भएपनि अन्य जातजातिको जालझेलले गर्दा सवै जग्गाजमीन अन्य जातजातिकोमा पर्न गएको बताउँछन् । आफ्नै भूमीमा खेतीपाती पशुपालन तथा अन्य व्यवसाय गरेर जीवन गुजारी रहेका यी लेप्चा जातिको महिलाहरूको आयमा वृद्धि गर्न भनि कुनै पनि सरकारी तथा गैर सरकारी संघ संस्थाहरूवाट कुनै कार्यक्रम सञ्चालन भएको पाईदैन हालसम्म लेप्चा महिलालाई नै केन्द्रित गरेर ऋण प्रवाह नगरिरहेको अवस्थामा उनीहरू स्वयं आफैले पनि कतैवाट ऋण लिएको पाईदैन । सृजना समाज ईलामले लेप्चा महिलाहरूको सशक्तिकरणको निम्ती समुह वचत तथा ऋण

कार्यक्रममा सहभागी गराउदै लैजाने कार्यक्रम विगत ८ वर्षदेखि संचालनमा छ तर त्यसले पनि अपेक्षा गरे अनुसार कार्यक्रम गर्न नसकेको सृजना समाजमा अध्यक्ष मुना सुव्वा बताउछन् ।

**तालिका नं. १९**

**ऋणको आधारमा उत्तरदाताको विवरण**

| आर्थिक सहयोग | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| लिएको | ८ | २२.२२ |
| नलिएको | २८ | ७७.७८ |
| जम्मा | ३६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३ ।

माथिको तालिका अनुसार लेप्चा महिलाहरूले ऋण नलिनेहरूको संख्या २८ अर्थात जम्मा ७७.७८ प्रतिशत छ , भने ऋण लिनेको संख्या ८ अर्थात २२.२२ प्रतिशत छ । त्यी प्रतिशत महिलाहरूले पनि ग्रामीण कृषिविकास वैकमा आफ्नो श्रीमानले श्रीमतीको नाममा लिएको पाइन्छ ।

## ६.१.४ आर्थिक पक्षको निर्णयमा महिलाको भुमिका

धार्मिक रूपमा नेपाली समाजले नारीहरूलाई उच्च सम्मान गरेता पनि व्यवहारिक रूपमा यिनीहरूको स्थान तल्लो स्तरको छ अधिकांश नेपाली घर परिवारमा कुनै पनि कुराको निर्णय पुरूषको हुन्छ महिलाहरू त केवल उनीहरूको सहयोगी भूमिका मात्र रहन्छ अझ छोरी वुहारीले त झन केहि कुराको अन्तिम निर्णय गर्न पाउदैनन भने सासुको भूमिका भने निकै वढी रहन्छ ।

यस अध्ययन क्षेत्रका महिलाहरूको निर्णय गर्ने सवालमा पुरूष सरहको छैन परिवारमा अन्तिम निर्णय पुरूषकै हुन्छ । तर पनि यो समुदायमा भने कुनै पनि कार्य गर्नु परेमा पारिवारीक छलफल गर्ने गरेको पाइन्छ । यस समुदायमा महिलाहरूले पुरूष तथा श्रीमानलाई गर्नु पर्ने आदर त छदैछ साथै सासु ससुरा जेठाजुहरूसँग पनि

निर्धक्क वोल्ने गरेको देखिन्छ । भने घर भित्र को काममा महिलाहरू नै वढि निर्णयमा सहभागी भएको देखिन्छ ।

### तालिका नं.२०

### आर्थिक निर्णय प्रकियाको आधारमा उत्तरदाताको विवरण

| सि.नं. | आर्थिक पक्षमा महिलाको निर्णय (बीउ बिजनको छनौट, विवाह, वैदेशिक रोजगार र घरायसी लेखा आदि ) | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिलाहरूको निर्णयमा संलग्नता | १६ | ४४.४४ |
| २ | महिलाहरू निर्णयमा संलग्नता नभएको | २० | ५५.५६ |
| | जम्मा | ३६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

यस तालिकावाट के प्रष्ट हुन्छ भने लेप्चा महिलाहरू आर्थिक निर्णयमा संलग्नता भएका ४४.४४ प्रतिशत मात्र छ । जो अलि पढेलेखेका छन् भने आर्थिक निर्णय प्रकियामा संलग्नता नरहनेहरू ५५.५६ प्रतिशत छन् । यसरी हेर्दा लेप्चा महिलाहरूको स्थिति दयनिय नै देखिन्छ । तर पनि विशेषगरि घरभित्रको खर्च सन्चालनमा छोराछोरीको शिक्षामा उनीहरूको निर्णय लिनुभन्दा पनि घरमा सल्लाह गरि अन्तिम निर्णय दिने गरेको व्यहोरा (नरमाया लेप्चा) बताउछिन् ।

साथै घरपरिवारको सल्लाह बमोजिम बालीनाली लगाउँदा त्यसलाई भण्डारण गर्दा सम्मको कुरामा महिलाले निर्णय गरेको पाइन्छ । साथै घर जग्गा आफ्नो नाममा हुने रुपयाँ पैसाको जोहो जतन बैबाहिक कार्यको निर्णय तथा परिवार सञ्चालन गर्न एवम् रुपयाँ पैसाको जो गर्न बैदेशिक रोजगारीमा जान आफ्ना श्रीमानलाई जागरुक गर्न महिलाको महत्वपूर्ण भूमिका रहेको पाइन्छ ।

### ६.१.५ घरपरिवारको हरहिसाव

लोपउन्मुख समुदायमा रहेको यस लेप्चा जातिमा महिला वर्गलाई घरको सम्पूर्ण जिम्मा दिएर घर खर्चको हरेक हिसाव किताब गर्ने काम साहै थोर मात्र प्रचलनमा रहेको पाइन्छ । पितृसतात्मक पारिवारीक संरचाना, छोराप्रतिको मोहका कारणबाट पनि यस समुदायमा महिला र पुरुष माथि हेरिने दृष्टिकोण फरक देखिन्छ । वंश हस्तान्तरणको मान्यताले पनि जरो गाडेको देखिन्छ । अन्य जातिको तुलनामा घरायसी निर्णय घुमफीर गर्न, बोल्न, केहि सजिलो देखिएता पनि यस समुदायमा पनि पुरुषले महिलालाई दवाएको देखिन्छ । त्यसै कारण घर खर्चको हर हिसाब राख्ने परिपाटिमा पनि पुरुषकै दवदवा रहेको देखिन्छ ।

**तालिका नं. २१**

**घरको हरहिसाव राख्ने परिपाटी अनुसार उत्तरदाताको विवरण**

| क्र.श. | घरको हिसाब | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | श्रीमान | २६ | ७२.२२ |
| २ | आफै | ८ | २२.२२ |
| ३ | ससुरा | २ | ५.५५ |
| | जम्मा | ३६ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३ ।

यस माथिको तालिकाबाट घरको हरहिसाब सबैभन्दा बढी श्रीमानले राख्ने गरेको पाइन्छ । यो ७२.२२ प्रतिशत त्यसपछि आफैले २२.२२ प्रतिशत छ । भने ससुराको ५.५५ प्रतिशत देखिन्छ । घरको महत्वपूर्ण काम गर्नु परेमा श्रीमानको निर्णय नै अन्तिम हुने गर्दछ । ९५ प्रतिशतले भन्दा बढीले श्रीमानको अनुमति लिएर काम गर्दछन् । बाँकि ५ प्रतिशतले मात्र आफै काम गर्दछन् ।

# अध्याय - सात

# सारांश र निस्कर्ष

## ७.१ सारांश

नेपाल विभिन्न धर्म सम्प्रदाय तथा जातजातिका मानिसहरूको साझा फुलवारीको रूपमा रहेको देश हो । यसभित्र त्यस्ता कतिपय जातजाति अहिले लोप हुने अवस्थामा रहेका छन् यस्ता लोपोन्मुख जातजातिहरूको वारेमा कुनै किसिमको वृहत अध्ययन तिनीहरूको सामाजिक मान्यता सामाजिक चालचलन संस्कारहरू लैंगिक अवस्था तथा त्यसको दस्तावेजीकरण हुन सकिरहेको छैन यसैगरि इलाम जिल्लाको माईखोला पूर्व र मेची नदीको विचमा पर्ने १५ वटा गा.वि.स मा मात्र वसोवास गर्दै आएका लेप्चा जातिहरू आफ्नो छुट्टै मौलिक पहिचान भएका जाति हुन् । यस जातिको वारेमा वृहत अध्ययन कहि कतैवाट पनि भएको पाईदैन । नेपालका विभिन्न भू-भागमा ओझेलमा परेर विकासको मुलधारवाट वाहिर रहेका जनजाति समुदाय वर्ग सम्प्रदायका मानिसहरूको स्वतन्त्र अस्तित्व एवं पहिचानको विकास हुनु आजको आवश्यकता हो । राज्यको स्रोत साधानमा उनीहरूको पनि समान पहुँच पुग्नु पर्दछ भन्ने मान्यता विकास भइरहेको अवस्थामा लोपोन्मुख लेप्चा जातिका महिलाहरूलाई पनि हरेक क्षेत्रमा सहभागी गराइ विकासको पथमा परिचालन गर्नु पर्ने सोचका साथ सामाजिक तथा आर्थिक अवस्था सर्वेक्षण गर्ने उद्देश्यअनुसार यो जातिको वसोवास रहेको ईलाम जिल्लाको श्रीअन्तु गा..वि.स लाई लिइएको छ यस गा.वि.स मा पनि यिनीहरूको वसोवास तिन वडामा मात्र छ र तीन वडाकै लेप्चा महिलाहरूलाई यहाँ समग्रतामा अध्ययन गरिएको छ ।

यस अध्ययनमा सुचनाहरू परिणात्मक र गुणात्मक रूपले प्राथमिक र द्वितिय स्रोतबाट संकलन गरिएको छ । ३८ घरमा जम्मा ३६ घर परिवारका महिालहरूसँग अन्तर्वाता लिइएको छ । तथ्याङ्क संकलन गर्दा अवलोकन विधि अधिकतम प्रयोग गरिएको छ । यस अध्ययनको स्वरूप खोजमुलक एवंम वर्णात्मक

भएको एउटा महिला जाति  विशेषको सामाजिक,  आर्थिक अवस्थाको अध्ययनमा वर्णन गरिएको छ ।

यस श्रीअन्तु गा.वि.स का लेप्चा महिलाहरूको सामाजिक तथा आर्थिक अवस्था अन्तर्गत सुक्ष्म अध्ययन अनुसार यिनीहरूको जनसंख्या कुल १९२ मध्ये ९५ पुरुष र ९७ महिला रहेको छ । यस समुदायमा जग्गा विहिन लेप्चाहरू छैनन् । उत्तरदाता महिलाहरू मध्ये सवैभन्दा वढी उमेर ३६ देखि ४५ वर्षका उमेर समुहका महिलाहरू अरूको दाँजोमा वढि देखिन्छन् जसको उपस्थिती ३३.३३ प्रतिशत छ । त्यसपछि २६ देखि ३५ वर्षको उमेर समुह २५ प्रतिशत छ । १५ देखि २५ बर्षको उमेर समुह २७.७८ प्रतिशत छ, र ४६ देखि माथिको उमेर समुहको महिालहरू १३.८९% छ । खानेपानीको निजी धारा प्रयोग गर्ने ७७.७८ प्रतिशत छ । सार्वजानिक धारा प्रयोग गर्ने २२.२२ प्रतिशत छन् , भने यस क्षेत्रका महिलाहरूले खुल्ला मुहान प्रयोग गरेको पाईदैन । पारिवारिक संरचनामा एकल परिवार नै वढि देखिन्छ । जहाँ एकल परिवार ८३.३३ प्रतिशत छ, भने संयुक्त परिवार १६.६७ प्रतिशत मात्र छ । लेप्चा महिलाहरूको प्रजनन दरलाई हेर्दा ५ जना सम्मको ४१.६७ प्रतिशत छ । ४ देखि ८ बच्चा हुने ११.११ प्रतिशत देखिन्छ , १ देखि २ जना सम्म हुने मात्र ४७.२२ प्रतिशत देखिन्छ । शैक्षिक स्थितिलाई हेर्दा दयनिय अवस्था देखिन्छ । साधारण लेखपढ गर्न सक्ने (साक्षर) महिलाहरू ३३.३३ प्रतिशत छन् । निरक्षर महिलाहरूको स्थिति १३.८९ प्रतिशत छ । प्राथमिक तहसम्म अध्ययन गरेको स्थिति १६.६७ प्रतिशत देखिन्छ । माध्यमिक तहसम्म अध्ययन गरेमा लेप्चा महिलाहरू २५ प्रतिशत छन् भने सो भन्दा माथि अध्ययन गरेका लेप्चा महिलाहरू ११.११ प्रतिशत मात्र छन् । धर्मको सवालमा १००% ले बौद्ध धर्म मान्दछन् । राजनैतिक चेतना भएका ३०.५५ प्रतिशत र राजनैतिक चेतना नभएका ६९.४६ प्रतिशत छन् जीवनसाथी रोज्ने सबन्धमा भने यस क्षेत्रका लेप्चा महिलाहरू निकै स्वतन्त्र देखिन्छन् । जहाँ ८३.३३ प्रतिशतले आफै रोज्ने र १६.६६ प्रतिशतलाई आमाबाले केटा हेरिदिन्छन् । परिवार नियोजनको साधन प्रयोग गर्ने ५८ प्रतिशत र नगर्ने ४२ प्रतिशत देखिन्छ ।

श्रीमानबाट पाउने सहयोगमा विविध खालको उत्तर आएको छ । आर्थिक सहयोग मात्र गर्ने २३ जनाले बताए , भने खाना पकाउने र लुगाधुने सहयोग पाउनेमा ३ जनाले बताए । त्यसै गरि बच्चाको हेरचाह गर्न सहयोग पाउने ५ जना महिलाहरू छन् । श्रीमानले कुटपिट नगर्ने ८०.५६ प्रतिशत देखिएको छ । कुटपिट गर्ने ८.३३ प्रतिशत देखिन्छ । घरबाट निकालीदिने भन्नाले दिनहु लोग्ने स्वास्नीविच झगडा भईरहने सौता हुने, अरू लोग्ने मान्छेसँग बोलचाल गरेमा आखाँ लगाएमा कुटपिट गर्ने कुनै काम पनि सल्लाह बमोजिम नहुने जस्ता कुरालाई लिएको जो ११.११ प्रतिशत छ ।

घरको हिसाब किताव प्रायजसो श्रीमानले नै राख्ने गरेको पाइन्छ । जो ७२.२२ प्रतिशत छ । त्यसपछि ससुराले ५.५५ प्रतिशत र आफैले २२.२२ प्रतिशत जसमा श्रीमान घरमा नहुने अवस्था, विभिन्न काम काजका लागि श्रीमान घर वाहिर गएका अवस्था छन् ।

विरामी भएमा स्वास्थ्य उपचारको कममा धामी झाकी लगाउनेमा ८.३३ प्रतिशत देखिन्छ । हेल्थ पोष्टमा १९.४४ देखिन्छ । अस्पताल लैजाने ७२ प्रतिशत छन् , तर धामी झाकी लगाई अथवा हेल्थपोष्टमा उपचार नभए मात्र उनीहरू अस्पताल लैजान्छन् । वच्चा जन्माएको स्थान २५ प्रतिशतले घरमै , त्यस्तै हस्पिटलमा जन्माउने को ७५ प्रतिशत मात्र छ । गर्भवती हुदा आईरन चक्की ८३.३३ प्रतिशतले खाएका छन् । त्यस्तै नखाएको महिलाहरूको १६.६७ प्रतिशत देखिन्छन् । यो चेतनाका अभावका साथै गाउँमा स्वास्थ्य चौकी वन्नु भन्दा पहिले नै गर्भवती महिलाहरूको हकमा देखिन्छ । शौचालयको प्रयोग शतप्रतिशतले गरेको देखिन्छ ।

आफ्नो नाममा जग्गा धनीपूर्जा भएका लेप्चा महिलाहरु ३६.११ र आफ्नो नामममा जग्गा धनीपूर्जा नभएका लेप्चा महिलाहरु ६३.८९ रहेका छन् । पेशाको हकमा घरमा काम गरेर कृषिमा संलग्न हुनुपर्ने महिलाहरूको ८०.५६ प्रतिशत देखिन्छ । घर भित्रको, घर बाहिर खेतीपातीमा संगलग्न नहुने १९.४४ प्रतिशत छन् , र यहाँ उनीहरू कोहि पनि भूमिहिन नभएकैले आफ्नो काममा भने ज्यादै मेहनेत र लगनशिल भएर लाग्छन् । उनीहरू अरूको मजदुरी गर्न नगए पनि आफ्नै खेतीपातीमा

अधिकांश समय बिताउँछन् । यहाँका मानिसहरूलाई एक छाक खान एकसरो लगाउन त्यति ग्राहो छैन । लेप्चा महिलाहरूको आम्दानीको विषयमा अनुमानित आय विवरण देखाइएको छ । उनीहरूको आय यति नै हो भन्ने ग्यारेन्टी छैन उनीहरूको जवाफको आधारमा आय विवरण निकालिएको छ । यहाँ १५ देखि २० हजार सम्म वार्षिक आम्दानी हुने ७२.२२ प्रतिशत र २० देखि ३० हजार सम्म वार्षिक आम्दानी हुने २७.७८ प्रतिशत रहेको छ । यहाँका अधिकांश महिलाहरू बाहै महिना खेतीको काममा ब्यस्त रहन्छन् । उनीहरू एक अर्कामा पैचो, मेलापात साथै ज्यालामा पनि काम गर्छन । साथै खसी बाख्रा, सुगुर पेवा (आफ्नै) पालेको पाइन्छ । अहिलेसम्म लेप्चा महिलाहरूले ऋण लिएर व्यपार कृषि व्यवसाय सञ्चालन गरेका छैनन् । आफूलाई समस्या परेमा गाउँमै साहु महाजनबाट पैसा चलाउछन् एक आपसमा सर-सापट गरेको पनि देखिन्छ । कृषि बैक अन्तर्गतसाना किसान सहकारी संस्था केहि दशक देखि यहाँ सञ्चालित भएतापनि उनीहरूले त्यसबाट फाइदा लिन सकेको पाईदैन । यहाँ लेप्चा महिलाहरूमा ऋण नलिने ७७.७८ प्रतिशत देखिन्छ र ऋण लिने २२.२२ प्रतिशत छन् ।

## ७.२ निष्कर्ष

लेप्चा महिलाहरूको रोजगार भनेको कृषि नै हो यस वाहेक अन्य पेशा अवलम्वन गर्न सकेको पाईदैन, आफ्नै खेतीपातीवाट आफ्नो दैनिक गुजारा गरिरहेका महिलाहरू स-साना व्यापार पनि गरेको देखिन्छ त्यसका साथै साहायक पेशाका रूपमा पशुपालन पनि गरेको देखिन्छ । कुनै पनि एक लेप्चा महिलाहरूले सरकारी रोजगारीमा उपस्थिती गर्न सकेको पाईदैन । परम्परागत सामाजिक चालचलन रितीरिवाज संस्कारहरूलाई केहि अँगाल्दै केहि विर्सदै गएको देखिन्छ अन्धविश्वास धामी झाकीमा निक्कै विश्वास गर्छन बौद्ध धर्मावलम्वी का लेप्चा महिलाहरू चाडपर्वहरू लामा तथा बुङथिङ्ग लगाएर मान्ने गर्छन, हिन्दु धर्मको प्रभावमा परेकोले हिन्दु संस्कारहरू पनि अवलम्वन गरेको पाइन्छ । शिक्षा प्रति अहिले पढाउनु पर्दछ भन्ने भावना जागृत भएको पाइन्छ । तर पनि शैक्षिक क्षेत्रमा निकै पछि परेको

देखिन्छ । नगदेवाली वाली पशुपालन व्यवसाय गरेता पनि आधुनिक तौर तरिका औजार, प्रविधि मलखाद विवेक सवैले प्रयोग गरेको पाइदैन ।

विभिन्न जनजातिसँगको अन्तरक्रिया समिश्रणको सामाजिक ढाँचा र आधुनिकिकरणको कारणले गर्दा यस जाति को परम्परागत जीवनशैली र ढाँचामा परिवर्तन आउन थालेको छ । अत्याधिक जाड रक्सी माछा, मासुको प्रयोगको कारण आर्थिक पक्षमा नराम्रो असर परेको देखिन्छ । परम्परागत संयुक्त परिवार भन्दा एकात्मक पारिवारिक ढाँचा अपनाउदै आएका छन् । घरायसी काममा मात्र व्यस्त लेप्चा महिलाहरू सोझा, सरल अनि लजालुपनाको कारण सजिलै अन्य समुदायसँग चाँडै घुलमिल हुन सक्दैनन तथापी अन्तर जातिय समुदायबाट भने प्रभावित बन्दैछन् । कृषि पशुपालनमा मात्र होइन अन्य क्षेत्रमा पनि अवसर र विकल्प खोज्नु पर्दछ, आफ्नो अवस्था विश्लेषणको अभावले गर्दा लेप्चा महिलाहरू अन्य जातजातिका महिला सरह सक्षम हुन सकिरहेका छैनन साथै पितृसतात्मक पारिवारीक ढाँचाले पनि उनिहरुलाई हरेक पक्षमा दवाएर राखेको पाइन्छ । राज्यको मुल प्रवाहवाट टाढा रहेको मात्र होइन उनीहरूको अस्तित्व नै संकटमा देखिन्छ । अत श्रीअन्तुमा लेप्चा महिालहरूको विशेष किसिमका चालचलन संस्कार स्वजातिय ज्ञान सीपको संरक्षण सम्वर्द्धन गर्नुका साथै उनीहरूको सामाजिक तथा आर्थिक अवस्थामा सुधार गर्न र राज्यको सेवा सुविधामा उनीहरूको पहुँच वढाउनका लागि उनीहरूलाई लक्षित गरि योजनाको सही कार्यान्वयन गर्न उनीहरूको रूपान्तरणको लागि उपयुक्त किसिमको वातावरण सृजना गर्न नितान्त आवश्यक देखिन्छ ।

# सन्दर्भसामग्री सूची

अचार्य, बलराम (२०६०) लैङ्गिक अध्ययन, भोटाहीटि काठमाडौं : नेशनल बुक सेन्टर ।

अर्याल, भोजेन्द्र (२०६८) लैङ्गिक तथा महिलावादी अध्ययनः कीर्तिपूर, काठमाडौं :ज्ञानकुञ्ज प्रकाशन

आर्चाय, मिना(२०५४) लैङ्गिक समानता तथा महिला शसंक्तिकरण ,प्रतिवेदन

कार्की, सुनिता(२०५५) लेप्चा जातिका सास्कृतिमा आएको परिर्वतनहरुको एक अध्ययन कीर्तिपुर, अप्रकाशित कृति त्रि.वि

चेम्जोङ्ग, इमानसिंह (२०२६) लाप्चा-नेपाली-अग्रेजी शब्दकोश, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

तकनीलमु, निमा (१९७८) लेप्चा जातिको उत्पति नै सृष्टीको एक झल्को, र्दाजिलिङ्ग, श्याम ब्रदर्श।

तथ्याङ्क विभाग, (२०११) राष्ट्रिय जनगणना, काठमाडौं, केन्द्रिय तथ्याङ्क विभाग।

तथ्याङ्क विवरण (२०६८) सक्षिप्त तथ्याङ्क विवरण, इलाम ,जिल्ला विकास समिती बैशाख ।

निर्वाचन आयोग (२०५८) मतदाता नामावली, कान्तिपथ, काठमाडौं, निवार्चन आयोग।

बराल तारा (२०५५) विदुषी (१३ संस्करण) ,काठमाडौं, भेटाहिटी पिर्न्टस।

बैद्ध, जुद्ध प्रसाद (२०४६) लाप्चा जातिको उत्पती, धर्म र धार्मिक बिश्वास, अन्तु त्रैमासीक श्रावण भाद्र आश्विन, इलाम नगर प्रतिभा, शाखा, नगर पञ्चायत

रा. यो. आ.(२०५४) प्रारम्भिक प्रतिवेदन , काठमाडौं, योजना आयोगको सचिवालय ।

राजभण्डारी के.वि. २०३६, लाप्चा डने र नेबू सौगात, इलाम जिल्ला पंचायतद्वारा प्रकाशित मासिक पत्रिका ।

महासन्धी महिला बालवालिका तथा समाज कल्याण मन्त्रालय सिहंदरबार ,काठमाण्डौं ।

शर्मा, बिष्णु कुमार(२०५०) इलाम जिल्लमा लेप्चा जातिको प्रवेश कीर्तिपुर, अप्रकाशित कृति त्रि.वि.इतिहास विभाग

शव्दकोष बृहत नेपाली (२०६८) कमलादी काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

सुवेदी, प्रतिभा (२०४८) विभिध पक्षमा नेपाली नारी, पुल्चोक, साझा प्रकाशन छापाखाना

Acharya,Mina (1994) Statistical profile on Nepalese woman, University of Michigan, institute for integrated Development Studies.

Jeffrey Shanti and juddha (2000) the lapcha of Nepal. Kathmandu: Vdaya Books.

## Website

www.ekantipur.com.issues

# अर्न्तवार्ता सूची

**लेप्चा महिलाहरुको अध्ययनकालागि अनुसन्धानका क्रममा सोधीने प्रश्नहरु**

**नाम**.................................. **जिल्ला**......................... **गाउँ**......................

**वार्ड**.........

**उमेर**.................................**लिङ्ग**........................**धर्म**.............................

१) **बैवाहिक स्थिति**

क) विवाहित ख) अविवाहित ग) सम्बन्ध बिच्छेद घ) अन्य

२) **विवाह गर्दाको उमेर**

क) १५-२५ ख) २६-३५ ग) ३६-४५ घ) अन्यक

३) **विवाहको प्रकार**

क) प्रेम विवाह ख) मागी विवाह ग) चोरी विवाह घ) जारी विवाह

४) **पारिवारीक संख्या**

क) १-२ ख) ३-५ ग) ६-८ घ) १० भन्दा माथि

५) **पारिवारीक संरचना**

क) एकल परिवाार ख) संयुक्त परिवार ग) बृहत परिवार घ) अन्य

६) **शैक्षिक स्तर**

१) साक्षर

क) प्राथमिक ख) माध्यमिक ग) उच्च माध्यमिक घ) अन्य

२) निरक्षर

७) **मुख्य पेशा**

क) कृषि ख) नोकरी ग) ब्यपार घ) अन्य

८) **सहायक पेशा**

क) ज्याला ख) मजदुरी ग) चिया टिप्ने घ) अन्य

**क) सामाजिक अवस्था**

१. तपाईहरुको आफ्नो भाषा छ कि छैन ?

..........................................................................................................

२ तपाई कुन भाषा वोल्नु हुन्छ ?

..........................................................................................................

३. अन्य जातिसँग तपाईको व्यवहार कस्तो छ ?

..........................................................................................................

४ तपाईलाई राजनीति मन पर्छ ?

..........................................................................................................

५ तपाईको घरका वच्चाहरु स्कुल जान्छन्? छोरा छोरी भए दुबैजना कि छोरा मात्र ?

..........................................................................................................

६ के लेप्चा समूदायका महिलाहरु राजनीतिमा लागेका छन् ?

..........................................................................................................

७ तपाईले कुनै परिवार नियोजनको साधन प्रयोग गर्नु भएको छ ?

..........................................................................................................

८ कसको सल्लाहले प्रयोग गर्नु भएको हो ?

..........................................................................................................

९ परिवार नियोजनको साधन प्रयोग नगरेको भए किन ?

..........................................................................................................

१० तपाईको श्रीमानले तपाइलाई सहयोग गर्नुहुन्छ ?

..........................................................................................................

११ यदि सुहयोग गर्नु हुन्छ भने कस्तो सहयोग गनुहुन्छ ?

..........................................................................................................

१२ तपाईको घरको हर हिसाव कसले राख्छ ?

..........................................................................................................

१३ तपाइले विरामी हुँदा तापईको घर परिवारलाई कहाँ लैजानु हुन्छ ?

..........................................................................................................

१४ तपाईले वच्चा जन्माएको स्थान कहाँ हो ?

....................................................................................................

१५ गर्भवति अवस्थामा तपाईले कुन-कुन खोप लगाउनु भयो कि भएन ?

....................................................................................................

१६ गर्भवती अवस्थामा आइरन चक्की खानु भयो कि भएन ?

....................................................................................................

१७ महिला र पुरुषको भेष भुषा के कस्ता छन्?

....................................................................................................

१८ महिलाले लगाउने गर गहना के के हो ?

....................................................................................................

१९ तपाई पुजा आजा गर्नु हुन्छ ?

....................................................................................................

२० कुन कुन देवताको पुजा आजा गर्नु हुन्छ ?

....................................................................................................

२१ तपाईको जातिको मुख्य चाड पर्व कुन कुन हुन्छ ?

....................................................................................................

२२ जन्मे पछि न्वारन गर्नु हुन्छ ? छोराको कति दिनमा छोरीको कति दिनमा ?

....................................................................................................

२३) महिलाको भुमिका कस्तो रहेको हुन्छ ?

....................................................................................................

२४) न्वारन को द्धारा गरिन्छ ?

....................................................................................................

२५) तपाई मागी विवाह तथा प्रेम विवाह कसलाई प्राथमिकता दिनुहुन्छ ?

....................................................................................................

२६) तपाईले आफ्नो विवाह आफ्नो नियम अनुसार गर्नु भयो कि भएन ?

....................................................................................................

२७) मृत्यु संस्कारमा के कस्तो प्रकृया अपनाउनु पर्दछ ?

.........................................................................................................

२८) कति दिन सम्म वार्नु पर्दछ ?

.........................................................................................................

## ख) आर्थिक अवस्था

घरको किसिम :

फुसको छाना / टिनको छाना / ढलान

आयआर्जन गर्ने मख्य स्रोत : कृषि /ब्यपार/नोकरी/अन्य

**प्रश्नहरु**

१) तपाइसँग जग्गा कति छ ?

.........................................................................................................

२ तपाईहरु मध्ये कस्को नाममा जग्गा छ ?

.........................................................................................................

३ तपाईको परिवारको मूख्य आयस्रोत के हो

.........................................................................................................

४ तपाइको परिवारले कुनै संघ संस्था वा ब्यक्तिवाट ऋण लिनु भएका छ ?

.........................................................................................................

५ यदि छ भने के का लागि लिनुभएको ?

.........................................................................................................

६ तपाइको घरको हर हिसाव कस्ले राख्दछ ?

.........................................................................................................

७ घरको कुनै पनि काम गर्न कस्को भूमिका बढी हुन्छ ?

.........................................................................................................

८ तपाइलाई कुनै संघ संस्था वा सरकारबाट कुनै सहयोग पाउनु भएको छ ?

.........................................................................................................

९ यदि छ भने कस्तो सहयोग पाउनुभएको छ ?

........................................................................................................

१० यदि समूदायका लागि विभिन्न कार्यक्रम ल्याएका छ त्यसलाई तपाइले कसरी लिनुभएको छ ?

........................................................................................................

११ तपाईको खर्च मूख्य के के मा हुन्छ ?

........................................................................................................

१२ तपाइको घरमा चर्पि छ ?

........................................................................................................

१३ तपाइको पानीको स्रोत के हो ?

........................................................................................................

१४ धारा आफ्नै हो की सार्वजानिक ?

........................................................................................................

१५ खेती गर्ने तरिकामा केहिँ भिन्नता आएको छ ?

........................................................................................................

१६ तपाईले ऋण लिनु भएको छ ?

........................................................................................................

१७ ऋण लिएको भए कहाँ कहाँ वाट लिनुभएको छ ?

........................................................................................................